नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, असार ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क २१

भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७९ सालको ऐन नं. ७

नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

प्रस्तावना: नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व सङ्कलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐनको दफा १, २, ३, ४, ५, ६, ७, ८, ९, १०,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११, १२, १३, २१, २३, २४, २५, २६, २७, २८, २९, ३३, ३४ र ३६ तुरून्त प्रारम्भ हुनेछन् र अन्य दफाहरू संवत् २०७९ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछन्।

२. **भन्सार महसुलः** (१) पैठारी हुने मालवस्तुमा अनुसूची-१ बमोजिम भन्सार महसुल लगाइने र असुल गरिनेछ।

(२) निकासी हुने मालवस्तुमा अनुसूची-२ बमोजिम भन्सार महसुल लगाइने र असुल गरिनेछ।

३. **भन्सार सेवा दस्तुरः** निकासी वा पैठारी हुने मालवस्तुको प्रति प्रज्ञापनपत्रमा निकासी बापत एक सय रुपैयाँ र पैठारी बापत पाँच सय रुपैयाँ भन्सार सेवा दस्तुर लगाइने र असुल गरिनेछ।

तर निकासी महसुल लाग्ने मालवस्तु, कूटनीतिक तथा महसुल सुविधामा निकासी वा पैठारी हुने मालवस्तु तथा महसुल तिरी अस्थायी पैठारी हुने मालवस्तु, हवाईमार्गबाट यात्रुले आफूसँगै लैजाने मालवस्तु र पाँच हजार रुपैयाँसम्म मूल्यको निकासी वा पैठारी हुने मालवस्तुमा भन्सार सेवा दस्तुर लाग्ने छैन।

४. **कृषि सुधार शुल्कः** अनुसूची-१ को दफा १६ मा उल्लेख भएका मालवस्तु पैठारी हुँदा पैठारी मूल्यमा सोही दफामा उल्लिखित दरले कृषि सुधार शुल्क लगाइने र असुल गरिनेछ।

तर त्यस्ता मालवस्तुको पैठारी हुँदा भन्सार महसुल लाग्ने रहेछ भने त्यस्तो पैठारीमा कृषि सुधार शुल्क लाग्ने छैन।

५. **अन्तःशुल्कः** नेपालभित्रको कारखानाबाट उत्पादन वा तयार भएका मालवस्तु वा पदार्थ, पैठारी भएका मालवस्तु वा पदार्थ वा सेवामा अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क लगाइने र असुल गरिनेछ।

६. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम मूल्य अभिवृद्धि कर लगाइने र असुल गरिनेछ।

७. **स्वास्थ्य जोखिम करः** (१) विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित बिँडीमा प्रति खिल्ली तीस पैसा, चुरोट र सिगारमा प्रति खिल्ली साठी पैसा र तयारी खाने सुर्ती, खैनी, गुट्खा, पान मसलामा प्रति किलोग्राम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साठी रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कर पैठारीका बखत भन्सार बिन्दुमा र स्वदेशी उत्पादनका हकमा प्रतिष्ठानबाट निष्कासनका बखत असुल गरिनेछ।

(३) स्वास्थ्य जोखिम करको नियमन र प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

८. **शिक्षा सेवा शुल्कः** (१) विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा दुई प्रतिशत शिक्षा सेवा शुल्क लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्क बापत सङ्कलन गरेको रकम अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा जम्मा गरी सोको विवरण सहितको जानकारी सम्बन्धित राजस्व कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र कुनै बैङ्क वा वित्तीय संस्थाले शिक्षा सेवा शुल्कको रकम दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज बुझाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सटही सुविधा लिई शिक्षा सेवा शुल्क बुझाएका तर विदेशमा अध्ययन गर्न जान नपाएका विद्यार्थीले विदेशी मुद्रा फिर्ता गरी शिक्षा सेवा शुल्क फिर्ता माग गरेमा आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम सम्बन्धित बैङ्क मार्फत फिर्ता दिइनेछ।

(५) शिक्षा सेवा शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

९. **पूर्वाधार विकास करः** नेपालमा पैठारी हुने पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **सडक निर्माण दस्तुरः** (१) नेपालभित्र पैठारी वा उत्पादन हुने सवारी साधनमा अनुसूची-३ बमोजिम सडक निर्माण दस्तुर लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर यो ऐन प्रारम्भ भएपछि पैठारी हुने सवारी साधनमा भन्सार बिन्दुमा भन्सार कार्यालयले र यो ऐन प्रारम्भ हुनुभन्दा पहिले पैठारी भई दर्ता हुन बाँकी रहेका तथा स्वदेशमा उत्पादन भई उपभोगमा आउने सवारी साधनको हकमा त्यस्ता सवारी साधन दर्ता गर्ने कार्यालयले दर्ता गर्दाको बखत असुल गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सडक निर्माण दस्तुर सङ्घीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम सङ्कलन भएको दस्तुरको विवरण मासिक रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

११. **सडक मर्मत तथा सुधार दस्तुरः** सडक मर्मत तथा सुधार गर्न विदेशबाट नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर चार रुपैयाँ र डिजेलमा प्रति लिटर दुई रुपैयाँ सडक मर्मत तथा सुधार दस्तुर भन्सार बिन्दुमा लगाई असुल गरिनेछ।

१२. **चलचित्र विकास शुल्कः** नेपालमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको प्रवेश शुल्कमा अनुसूची-४ बमोजिम चलचित्र विकास शुल्क लगाई असुल गरिनेछ।

१३. **प्रदूषण नियन्त्रण शुल्कः** (१) नेपालभित्र बिक्री वितरण हुने पेट्रोल तथा डिजेलमा प्रति लिटर एक रुपैयाँ पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क लगाई असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क पैठारीकर्ताले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित पैठारीकर्ताबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रदूषण नियन्त्रण शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **टेलिफोन स्वामित्व शुल्कः** (१) टेलिफोन जडान गर्ने ग्राहकबाट टेलिफोन स्वामित्व शुल्क बापत पाँच सय रुपैयाँ असुल गरिनेछ। टेलिफोनको स्वामित्व परिवर्तन भएको अवस्थामा टेलिफोनको स्वामित्व प्राप्त गर्ने व्यक्तिबाट समेत त्यस्तो शुल्क असुल गरिनेछ।

तर मोबाइल टेलिफोनको हकमा प्रत्येक सिमकार्ड र रिचार्ज शुल्कको दुई प्रतिशतका दरले टेलिफोन स्वामित्व शुल्क लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र शुल्क दाखिल नगरेमा सम्बन्धित निकायबाट वार्षिक पन्ध्र प्रतिशत ब्याज सहित असुल गरिनेछ।

(४) टेलिफोन स्वामित्व शुल्कको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **दूरसञ्चार सेवा दस्तुरः** (१) टेलिफोन, मोबाइल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको दश प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरे बापत तिर्नु पर्ने शुल्क (इन्टर कनेक्सन चार्ज) र फिक्स ब्रोडब्याण्ड सेवा शुल्कको पचास प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा त्यस्तो दस्तुर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिमको दस्तुर दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमति प्राप्त व्यक्ति वा निकायले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र मूल्य अभिवृद्धि कर सहित राजस्व खातामा दाखिल गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र दस्तुर दाखिल नगरेमा सम्बन्धित व्यक्ति वा निकायबाट त्यस्तो बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले थप दस्तुर असुल गरिनेछ।

(५) दूरसञ्चार सेवा दस्तुरको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

१६. **क्यासिनो रोयल्टी:** (१) नेपालमा रहेका क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले क्यासिनो सञ्चालन गरे बापत वार्षिक पाँच करोड रुपैयाँ र आधुनिक मेशिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको लागि वार्षिक एक करोड पचास लाख रुपैयाँ रोयल्टी तिर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि एउटा इजाजतपत्रबाट एक स्थानमा मात्र त्यस्तो खेल सञ्चालन गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको रोयल्टी रकम सम्बन्धित क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले पुस मसान्तभित्र चालीस प्रतिशत, चैत्र मसान्तभित्र सत्तरी प्रतिशत र बाँकी रकम असार मसान्तभित्र नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा दाखिल गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रोयल्टी रकम दाखिल नगर्ने व्यक्ति वा संस्थाबाट सो प्रत्येक अवधि नाघेको तीन महिनासम्मको लागि उक्त रोयल्टी रकमको पन्ध्र प्रतिशतका दरले थप शुल्क र सो अवधिपछि त्यस्तो बाँकी रोयल्टी रकममा तीस प्रतिशतका दरले वार्षिक थप शुल्क लगाई त्यस्तो रकम असुल गरिनेछ।

(५) क्यासिनो रोयल्टीको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हुनेछ।

१७. **सामाजिक सुरक्षा कोष सम्बन्धी व्यवस्था:** (१) आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ बमोजिम एकल प्राकृतिक व्यक्तिको वार्षिक पाँच लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयमा एक प्रतिशतका दरले र दम्पत्तिको हकमा वार्षिक छ लाख रुपैयाँसम्म रोजगारीको करयोग्य आय भएमा एक प्रतिशतका दरले कर लाग्नेछ।

(२) उपदफा (१) बमोजिमको कर रकम भुक्तानीका बखत स्रोतमा कट्टी गरी असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिम असुल गरिएको रकम छुट्टै राजस्व खातामा जम्मा गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस दफा बमोजिमको कर लाग्ने छैन।

१८. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकाय वा नेपाल सरकारको स्वामित्व भएका सङ्गठित संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, अर्थ मन्त्रालयले वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाका लागि वा नेपाल सरकार वा लगानी बोर्डसँग भएको आयोजना विकास सम्झौता बमोजिम परियोजना विकासका लागि आयोजना वा आयोजनाले नियुक्त गरेका ठेकेदारको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नाममा पैठारी हुने मालवस्तुको पैठारीमा उल्लिखित शर्तको अधीनमा रही यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य कार्यमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल वा कर रकम असुल गरी सो रकम बराबर जरिबाना गरी असुल गरिनेछ।

(५) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष नेपाल सरकार, अर्थ मन्त्रालयले सङ्घीय संसदमा पेश गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१९. **<u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u>**: (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८, आयकर ऐन, २०५८, भन्सार ऐन, २०६४ वा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा नेपाल सरकार, अर्थ मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. **विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स):** (१) गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवाको कारोबार मूल्यमा दुई प्रतिशतका दरले विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) लगाई असुल गरिनेछ।

तर विद्युतीय सेवाको वार्षिक बीस लाख रूपैयाँसम्मको कारोबारमा यस दफा बमोजिमको कर लाग्ने छैन।

(२) नेपालमा विद्युतीय सेवा उपलब्ध गराउने व्यक्तिले आय वर्ष अनुसार आफ्नो कारोबारको विवरण तथा कर दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको समयभित्र विवरण दाखिल नगरेमा वार्षिक कारोबार रकमको शून्य दशमलव एक प्रतिशत प्रति वर्षका दरले हुने रकम शुल्क लाग्नेछ र कर तिर्नु पर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिल नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज लाग्नेछ। त्यसरी दाखिल गर्नु पर्ने कर कम दाखिल गरेमा वा लुकाए छिपाएमा त्यसरी कम गरेको कर रकमको पचास प्रतिशत जरिबाना समेत लाग्नेछ।

(४) यस दफा बमोजिम कर दाखिला भएको आयमा आयकर ऐन, २०५८ बमोजिमको कर लाग्ने छैन।

(५) विद्युतीय सेवा करको प्रशासन आन्तरिक राजस्व विभागले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था:** (१) तीस लाख रुपैयाँसम्मको कारोबार वा तीन लाख रुपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७८/७९ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने तीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७८/७९ मा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यावसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस) वा यातायात सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने बासिन्दा व्यक्तिलाई आय वर्ष २०७८/७९ मा आफ्नो व्यावसायिक उद्देश्य अनुरूपको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ।

२२. **सूचना प्रविधिमा आधारित कारोबारलाई प्रोत्साहन सम्बन्धी विशेष व्यवस्थाः** कुनै बासिन्दा व्यक्तिले आय वर्ष २०७९/८० मा बिजनेश प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने कारोबार गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आय वर्ष २०७९/८० मा विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ।

२३. **ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्थाः** ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७७/७८ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।

२४. **प्राइभेट फर्म तथा कम्पनी नवीकरण शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्थाः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७६/७७ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संवत् २०७९ साल पुस मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिनाहा हुनेछ।

२५. **करको दायरामा आउनेलाई कर, शुल्क तथा ब्याज मिनाहा हुनेः** (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आय विवरण र सोमा लाग्ने कर संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिनाहा हुनेछ।

(३) उपदफा (१) मा तोकिएको अवधिभित्र आय विवरण र सोमा लाग्ने कर दाखिल नगरेमा सो अवधि व्यतीत भएपछि त्यस्तो कर, शुल्क तथा ब्याज मिनाहा नगरी पूरै असुल गरिनेछ।

२६. **संयुक्त उपक्रम (ज्वाइण्ट भेञ्चर) करदातालाई बक्यौता मूल्य अभिवृद्धि कर छुट सम्बन्धी विशेष व्यवस्थाः** (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका संयुक्त उपक्रम (ज्वाइण्ट भेञ्चर) ले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र ब्याजको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिबाना, थप दस्तुर र बाँकी ब्याज मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमका करदाताले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर र व्याजको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ।

२७. **अन्तःशुल्क इजाजतपत्रवालालाई बक्यौता अन्तःशुल्क छुट सम्बन्धी विशेष व्यवस्थाः** (१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क विवरण पेश गर्नुपर्ने स्वयं निष्काशन प्रणालीमा आधारित इजाजतपत्रवालाले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण र अन्तःशुल्क नबुझाएको भए उक्त बुझाउनु पर्ने बाँकी अन्तःशुल्क विवरण, सो विवरण बमोजिमको अन्तःशुल्क रकम र विलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिबाना र बाँकी विलम्ब शुल्क मिनाहा हुनेछ।

(२) उपदफा (१) बमोजिमका इजाजतपत्रवालाले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण बुझाई अन्तःशुल्क दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता अन्तःशुल्क र विलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिबाना र बाँकी विलम्ब शुल्क मिनाहा हुनेछ।

२८. **मौज्दात लगत कट्टा सम्बन्धी विशेष व्यवस्थाः** आन्तरिक राजस्व कार्यालयले स्थलगत निरीक्षण प्रतिवेदन सहित लगत कट्टाको लागि सिफारिस गरिसकेको तर लगत कट्टाको निर्णय हुन नसकेका अन्तःशुल्क इजाजतपत्र प्राप्त उद्योगहरुले पन्ध्र वर्षभन्दा पुराना मौज्दात लगत कट्टाको लागि संवत् २०७९ साल पुसभित्रमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएमा त्यस्तो मौज्दातको लगत कट्टा हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. **पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्थाः** (१) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताले आर्थिक वर्ष २०७७/७८ सम्मको आफ्नो कारोबार घोषणा गर्दा वास्तविक कारोबार अङ्क फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७९ साल चैत मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिल गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ।

(२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिल गरेका करदाताको आर्थिक वर्ष २०७७/७८ सम्मको वास्तविक कारोबार अङ्क फरक परेको आधारमा संवत् २०७९ साल जेठ १४ सम्म आयकर तर्फ संशोधित कर निर्धारण र मूल्य अभिवृद्धि कर तर्फ कर निर्धारण भई वक्यौता रहेका करदाताले कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको एक दशमलव पाँच प्रतिशत कर संवत् २०७९ साल चैत मसान्तसम्म दाखिला गरेमा वा यस्तो कर निर्धारण उपर चित्त नबुझाई कानून बमोजिम प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा पुनरावेदन गरेको करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको एक दशमलव पाँच प्रतिशत कर दाखिल गरेमा बाँकी कर, थप दस्तुर, जरिबाना र शुल्क मिनाहा हुनेछ।

३०. **खोप उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेशिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः** खोप उद्योग स्थापनाको लागि स्वीकृत स्किम बमोजिम आवश्यक पर्ने मेशिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट हुनेछ।

३१. **तरल अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेशिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः** तरल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने भन्सार उपशीर्षक ८४२१.३९.१० मा पर्ने मेशिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट हुनेछ।

३२. **घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासनः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको सम्बन्धित कार्यालयले प्रदेशले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित प्रदेश तथा स्थानीय सञ्चित कोषमा दाखिल गर्नेछ।

३३. **मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को,-

(१) दफा २ को-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "दर्ता भएको व्यक्ति" भन्नाले दफा १०, १०क., १०ख. र १०ख१. बमोजिम कारोबार गर्न दर्ता भएको व्यक्ति सम्झनु पर्छ।"

(ख) खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राखिएको छः-

"(ढ) "दर्ता नम्बर" भन्नाले दफा १०, १.०क, १०ख. र १०ख१. बमोजिम प्रदान गरिएको दर्ता नम्बर सम्झनु पर्छ।"

(ग) खण्ड (ट१) पछि देहायका खण्ड (ट२) थपिएको छः-

"(ट२) "विद्युतीय सेवा" भन्नाले उपभोक्तालाई सेवा प्रदान गर्नका लागि सूचना प्रविधि अत्यावश्यक पर्ने र न्यूनतम मानवीय हस्तक्षेपमा स्वचालित रूपमा इन्टरनेट मार्फत प्रदान हुने देहाय बमोजिमका सेवालाई सम्झनु पर्छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विज्ञापन सेवा,

(ख) चलचित्र, टेलिभिजन, सङ्गीत, ओभर द टप (ओ.टि.टि.) र सदस्यतामा आधारित यस्तै अन्य सेवा,

(ग) तथ्याङ्क सङ्ग्रह सम्बन्धी सेवा,

(घ) क्लाउड सेवा,

(ङ) गेमिङ्ग सेवा,

(च) मोबाइल एप्लिकेशन सम्बन्धी सेवा,

(छ) इन्टरनेट बजार स्थान सम्बन्धी (अनलाइन मार्केट प्लेस) सेवा र यस मार्फत उपलब्ध गराइने सेवा,

(ज) सफ्टवेयरको आपूर्ति र अद्यावधीकरण,

(झ) तथ्याङ्क, तस्बीर लगायतका डाउनलोड सेवा,

(ञ) परामर्श, सीप विकास तथा तालिम सेवा,

(ट) खण्ड (क) देखि (ञ) को अतिरिक्त अन्य यस्तै प्रकृतिका सेवा।"

(घ) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "गैरबासिन्दा व्यक्ति" भन्नाले नेपालमा कारोबारको स्थायी ठेगाना नभएको, व्यावसायिक प्रतिनिधि वा कानूनी रूपमा मान्य प्रतिनिधि नभएको नेपाल बाहिरको व्यक्ति सम्झनु पर्छ।"

(२) दफा १०ख. पछि देहायको दफा १०ख१. थपिएको छः-

"१०ख१. **<u>विद्युतीय सेवा प्रदान गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा विगत बाह्र महिनामा बीस लाख रुपैयाँभन्दा बढी कर लाग्ने विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्नेछ।

(२) विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको दर्ता प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम दर्ता भएका विद्युतीय सेवाको कारोबार गर्ने गैरबासिन्दा व्यक्तिको कारोबार बन्द भएमा वा कारोबार गर्न छाडेमा विभागले निर्धारण गरेको प्रक्रिया बमोजिम दर्ता खारेज गराउनु पर्नेछ।"

(३) दफा १८ को उपदफा (१ख) मा रहेको "उपदफा (१) र (१क) बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा १०ख१., उपदफा (१) र उपदफा (१क) बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा १९ को उपदफा (७क) पछि देहायको उपदफा (७ख) थपिएको छः-

"(७ख) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि १०ख१. बमोजिम दर्ता भएको व्यक्तिको कर भुक्तानी प्रक्रिया विभागले निर्धारण गरे बमोजिम हुनेछ।"

(५) दफा २९ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) दफा ५ख. बमोजिम दर्ता गर्न कर अधिकृतले दिएको आदेश वा दफा १० को उपदफा (१) वा (२) उल्लङ्घन गरेमा वा दफा १०क. को उपदफा (१), दफा १०ख. को उपदफा (१) र दफा १०ख१. को उपदफा (१) बमोजिम दर्ता नभएमा प्रत्येक पटक बीस हजार रूपैयाँ, "

(६) दफा ३३ को-

(क) उपदफा (२) मा रहेका "आन्तरिक राजस्व" भन्ने शब्दहरू झिकिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) बमोजिम सम्बन्धित कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैङ्क भौचर वा त्यस्तो रकम बराबरको बैङ्क जमानतपत्र पुनरावेदनपत्र साथ पेश गर्नु पर्नेछ।"

(७) अनुसूची-१ मा संशोधनः अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

कर छुट हुने वस्तु तथा सेवाहरू

समूह १ : आधारभूत कृषि उत्पादनहरू		
०६.०१		निष्क्रिय, उम्रन लागेको वा फूलेको गानो, गाँठो, गाँठिजरा, धनकन्द (कौर्म), क्राउन (रुखको जरा र स्तम्भ जोडिने बिन्दु स्थल), राइजोम (मूलजरो), चिकोरी बिरुवा र शीर्षक १२.१२ को जराहरू बाहेक अन्य जराहरु
	०६०१.१०.००	-निष्क्रिय गाँनो, गाँठो, गाँठिजरा, धनकन्द (कौर्म), क्राउन र मूलजरा
	०६०१.२०.००	-उम्रन लागेको वा फूलेको गाँनो, गाँठो, गाँठिजरा, धनकन्द (कौर्म), क्राउन, मूलजरा, चिकोरी बिरुवा र जराहरु
०६.०२		अन्य जीवित बिरुवा (जरा सहित), कलमीहरू, च्याउ र स्पाउन (च्याउ निस्किने सेतो त्यान्द्रो)
	०६०२.१०.००	-जरा नभएको कलमीहरू
	०६०२.२०.००	-खान हुने फल वा काष्ठफल (नट) का कलमी गरेका वा नगरेका रुख, बुटा र झाड
	०६०२.३०.००	-रोडोडेन्ड्रन्स (गुराँस) र अजालिया, कलमी गरेका वा नगरेका
	०६०२.४०.००	-कलमी गरेको वा नगरेको गुलाफ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०६०२.९०.००	-अन्य
०६.०३		सजावट प्रयोजनको लागि वा फूलको गुच्छा बनाउनको लागि उपयुक्त टिपेको फूलको कोपिला वा टिपेको फूल, ताजा, सुकेको, रङ्गाएको, धोएको, संसेचित (इम्प्रिग्नेटेड्) वा अन्य प्रकारले तयार गरेको ।
		-ताजाः
	०६०३.११.००	--गुलाफहरू
	०६०३.१२.००	--कार्नेसनहरू
	०६०३.१३.००	--अर्किडहरू
	०६०३.१४.००	--क्रिसानथेममहरू
	०६०३.१५.००	--कुमुदिनी (लिली) हरू (लिलियम जातहरू)
	०६०३.१९.००	--अन्य
	०६०३.९०.००	-अन्य
०६.०४		गुच्छा वा गुलदस्ता बनाउने वा सजावटको लागि उपयुक्त हुने किसिमका ताजा, सुकेको, रङ्गाएको, धोएको, संसेचित वा अन्य किसिमले तयार गरेको रुखको पालुवा, हाँगाबिँगा र अन्य भागहरू (फूल र कोपिला बाहेक) बालवृक्ष, झाडी र अन्य बोट बिरुवाहरू झ्याउ, सुनाखरी र घाँसहरू ।
	०६०४.२०.००	-ताजा
	०६०४.९०.००	-अन्य
०७.०१		ताजा वा चिसो पारेको आलु ।
	०७०१.१०.००	-बिउ
	०७०१.९०.००	-अन्य
०७.०२	०७०२.००.००	ताजा वा चिसो पारेको गोलभेँडा
०७.०३		ताजा वा चिसो पारेको प्याज, शालौट, लसुन, छ्यापी वा यस्तै जातिका अन्य वनस्पतिहरू ।
	०७०३.१०.००	-प्याज र शालौट
	०७०३.९०.००	-छ्यापी र यस्तै लसुन प्याज जातिका सागपात

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०७.०४		ताजा वा चिसो पारेको बन्दाकोबी (क्याबेज), काउली, गाँठकोबी (कोलराबी), केल (एक किसिमको कोबी) र खान हुने काउली जातिका अन्य सागपात ।
	०७०४.१०.००	-काउली र ब्रोकोली
	०७०४.२०.००	-ब्रुसेल्स स्प्राउट (एक किसिमको चश्मे बन्दाकोबी)
	०७०४.९०.००	-अन्य
०७.०५		ताजा र चिसो लेट्यूस (जिरीको साग) र चिकोरी ।
		-लेट्यूस (जिरीको साग, सलाद) :
	०७०५.११.००	--क्याबेज लेट्यूस (हेड लेट्यूस)
	०७०५.१९.००	--अन्य
		-चिकोरी (कास्नी):
	०७०५.२१.००	--विटलफ चिकोरी
	०७०५.२९.००	--अन्य
०७.०६		ताजा वा चिसो पारेको गाजर, सलगम, सलादको लागि चुकन्दरको जरा, साल्सिफाई, सेलेरियाक (सलगम जस्तो जरा भएको साग), मूला र यस्तै खान हुने जराहरू ।
	०७०६.१०.००	-गाजर र सलगम
	०७०६.९०.००	-अन्य
०७.०७	०७०७.००.००	ताजा वा चिसो पारेको काँक्राहरू ।
०७.०८		ताजा वा चिसो पारेको कोसे तरकारीहरू (छोडाएको वा नछोडाएको) ।
	०७०८.१०.००	-केराउ
	०७०८.२०.००	-बोडी (सिमी समेत)
	०७०८.९०.००	-अन्य कोसे तरकारी
०७.०९		ताजा वा चिसो पारेको अन्य तरकारीहरू ।
	०७०९.२०.००	-कुरिलो
	०७०९.३०.००	-भान्टा
	०७०९.४०.००	-सेलरी, सेलेरियाल बाहेक
		-च्याउ (मसरुम र ट्रफल्स):

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०७०९.५१.००	--ऐगारिकस जातिको च्याउ (मसरुम) हरू
	०७०९.५२.००	--बोलेटस जातका च्याउहरू
	०७०९.५३.००	--क्यान्थारिलस जातका च्याउहरू
	०७०९.५४.००	--सीताके (लेन्टिनस इडोड्स)
	०७०९.५५.००	--मात्सुताके (ट्रिकोलोमा मात्सुताके, ट्रिकोलोमा म्याग्निभेलारे, ट्रिकोलोमा एनाटोलिकम ट्रिकोलोमा डयुलसिओलेन्स, ट्रिकोलोमा क्यालिगेटम)
	०७०९.५६.००	--ट्रफल्स (ट्युबर प्रजाति)
	०७०९.५९.००	--अन्य
	०७०९.६०.००	-खोर्सानी जातको फलफूलहरू
	०७०९.७०.००	-पालुँगो, न्यूजिल्याण्ड पालुँगो समेत
		-अन्य:
	०७०९.९१.००	--ग्लोब आर्टिचोकहरू
	०७०९.९२.००	--जैतुनहरू
	०७०९.९३.००	--फर्सी, कुभिन्डो र लौकाहरू (क्यूकरबिटा जातहरू)
	०७०९.९९.००	--अन्य
०७.१०		हिमीकृत सागपात (बफाएर वा उमालेर पकाएको वा नपकाएको) ।
	०७१०.१०.००	-आलु
		-कोसे तरकारी, छोडाएको वा नछोडाएको:
	०७१०.२१.००	--केराउहरू
	०७१०.२२.००	--बोडीहरू (सिमी समेत)
	०७१०.२९.००	--अन्य
	०७१०.३०.००	-पालुङ्गो न्यूजिल्याण्ड पालुङ्गो समेत
	०७१०.४०.००	-गुलियो वा स्वादिलो मकै
	०७१०.८०.००	-अन्य सागपात
	०७१०.९०.००	-मिश्रित सागपात
०७.११		अस्थायी रूपले सुरक्षित गरिएका तर त्यही स्थितिमा तुरुन्त उपभोग गर्नका लागि उपयुक्त नहुने खालका वनस्पतिहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०७११.२०.००	-जैतुन (ओलिभ्स)
	०७११.४०.००	-काक्रोहरु
		-च्याउ (मसरुम्स) र भुइँमुनि हुने च्याउ (ट्रफल्स):
	०७११.५१.००	--ऐगारिकस जातिको च्याउ (मसरुम्स) हरू
	०७११.५९.००	--अन्य
	०७११.९०.००	-अन्य तरकारी; मिश्रित तरकारी
०७.१२		सुक्खा तरकारी, सिङ्गै, काटेको, ताछेको, टुक्र्याएको, फुटाएको वा धुलो बनाएको तर त्यसभन्दा बढी तयार नगरेको ।
	०७१२.२०.००	-प्याज
०७.१३		कोसा छोडाएको सुक्खा कोसे तरकारी, बोक्रा छोडाएको वा नछोडाएको वा दलेको वा नदलेको ।
	०७१३.१०.००	-केराउ
	०७१३.२०.००	-चना
		-बोडी (सिमी समेत):
	०७१३.३१.००	--बोडी
	०७१३.३२.००	--सानो रातो बोडी
	०७१३.३३.००	--बोडी (किड्नी बिन्स), सेतो पि बिन्स समेत
	०७१३.३४.००	--बाम्बरा बिन्स (एक प्रकारको बोडी) (भिग्ना सबटेरानिया वा भोआन्जिया सबटेरानिया)
	०७१३.३५.००	--तनेबोडी (काउपिज्) (भिग्ना अडगुइकुलाटा)
	०७१३.३९.००	--अन्य
		-मुसुरो:
	०७१३.४०.१०	--नफुटाएको, बोक्रा सहितको
	०७१३.४०.९०	--अन्य
	०७१३.५०.००	-बकुला र सिमी (ब्रोड बिन्स र हर्स बीन्स)
	०७१३.६०.००	-पिजन पिज (क्याजानस् क्याजन्) (एक प्रकारको केराउ)
	०७१३.९०.१०	---दलेको
	०७१३.९०.९०	---अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०७.१४		माड (श्वेतसार वा स्टार्च) वा इन्यूलिनको मात्रा उच्च भएका, ताजा, चिस्याइएको, हिमीकृत वा सुकाइएको, टुका पारिएको वा नपारिएको (स्लाइस्ड) वा पेलेट्सको रूपमा भएको वा नभएको मानिओक, आरारुट, सालिम मिश्री (सालेप), उत्तरी अमेरिकामा हुने एक किसिमको सूर्यमूखी फूल (जेरुसलेम आर्टिचोक), सखरखण्ड र यस्तै जरा (रुट्स) र गाना (ट्युबर्स) हरू; सावुदानाको गुदी (सागो पीथ) ।
	०७१४.१०.००	-गुलियो जातको क्यासाभा कन्द (मनिओक)
	०७१४.२०.००	-सखरखण्ड
	०७१४.३०.००	-तरुलहरू (डिओस्कोरिया जातहरू)
	०७१४.४०.००	-पिँडालु (कोलोकासिया जातहरू)
	०७१४.५०.००	-यौसिया (जान्थोसोमा जातहरू)
	०७१४.९०.००	-अन्य
०८.०१		नरिवल, ब्राजिलनट, काजु, ताजा वा सुकेको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको
		-नरिवलः
	०८०१.१९.००	--ताजा
०८.०३		प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरू लगायत ताजा वा सुकाइएका केराहरू
	०८०३.१०.००	-प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरु
	०८०३.९०.००	-अन्य
०८.०४		खजूर (छोहोडा), अँजीर, भुईंकटहर, एभोकेडा (नास्पाती जस्तो फल), अम्बा, आँप, म्याङ्गोष्टीन, ताजा वा सुकेको
	०८०४.३०.००	-भुईंकटहर
	०८०४.४०.००	-एभोकेडो
	०८०४.५०.००	-अम्बा, आँप म्याङ्गोस्टीन (कुसुम फल)
०८.०५		सिटरस (सुन्तला जातका) फल, ताजा वा सुकेको)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०८०५.१०.००	-सुन्तला
		-मन्दारिनहरू (टान्जरिन र सतसुमाहरु समेत); क्लेमेन्टिनहरू र यस्तै सिटरस जातिका हाइब्रिडहरू:
	०८०५.२१.००	--मन्दारिनहरू (टान्जरिन र सतसुमाहरू समेत)
	०८०५.२२.००	--क्लेमेन्टिनहरू
	०८०५.२९.००	--अन्य
	०८०५.४०.००	- भोगटे र पमेलोहरू
	०८०५.५०.००	-कागती (लेमोन्स) (सिटरस लेमोन, सिटरस लिमोनम) र जिमिर (लाइम्स) (सिटरस औराण्टिफोलिया, सिटरस लाटिफोलिया) हरू
	०८०५.९०.००	-अन्य
०८.०६		ताजा अथवा सुख्खा अङ्गुर
	०८०६.१०.००	-ताजा
०८.०७		तरबुजा (खरबुजा) र मेवा ताजा
		-तरबुजा (मेलन्स) (वाटरमेलन्स समेत) :
	०८०७.११.००	--वाटरमेलन्स
	०८०७.१९.००	--अन्य
	०८०७.२०.००	-मेवा
०८.०८		स्याउ, नासपाती, क्विन्स (नासपाती जस्तो अमिलो फल वा श्रीफल), ताजा
	०८०८.१०.००	-स्याउ
	०८०८.३०.००	-नासपातीहरू
	०८०८.४०.००	-क्विन्स (श्रीफल)हरू
०८.०९		खुर्पानी (एप्रिकोट), चेरी (पैयुँफल), आरु (नेक्टारिन आरु समेत), आलुबखडा (प्लम) र चुत्रो (स्लो), ताजा
	०८.०९.१०.००	-खुर्पानी (एप्रिकोट)
		-चेरीहरू:
	०८.०९.२१.००	--अमिलो चेरी (प्रुनस् सेरासस्) हरू
	०८.०९.२९.००	--अन्य
	०८.०९.३०.००	-आरु, नेक्टारिन आरुसमेत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०८०९.४०.००	-आलुबखडा (प्लम) र चुत्रो (स्लो)
०८.१०		अन्य फल, ताजा
	०८१०.१०.००	-स्ट्रबरी (भुइँ ऐसेलु, काफल)
	०८१०.२०.००	-रैस्पबेरी (ऐसेलु), ब्ल्याकबेरी (ध्याम्पे ऐसेलु), मलबेरी (किम्बु) र लोगानबेरी (रैस्पबेरी र ब्ल्याकबेरीको मिश्रित फल)
	०८१०.३०.००	-कालो, सेतो वा रातो किसमिस वा दाख वा मुनक्का (कर्अन्ट) र गुस्बेरीहरु
	०८१०.४०.००	-क्रेनबेरी, बिलबेरी र अन्य भ्याक्सिनियम जातिका फलहरु
	०८१०.५०.००	-किवि फ्रुट
	०८१०.६०.००	-दुराम्र (डुरियन्स) हरू
	०८१०.७०.००	-हलुवाबेतहरू
	०८१०.९०.१०	---अनार
	०८१०.९०.२०	---लिची
	०८१०.९०.९०	---अन्य
०९.०१		कफी भुटेको वा नभुटेको वा क्याफीन (कफीको क्षेरोद) छुटयाएको वा नछुटयाएको; कफीको ढुटो र बोक्रा; कुनै पनि अनुपातमा कफीको मात्रा रहेको कफीको बदलामा प्रयोग गरिने अर्को कुनै चीज
		-नभुटेको कफी :
	०९०१.११.००	--कफीको गेडा
०९.०२		चिया, सुगन्धित वा स्वादिष्ट गरिएको वा नगरिएको
	०९०२.२०.००	-चियाको पात
०९.०८		जाइफल, जाइपत्री र अलैंची
		-अलैंची तथा सुकुमेलहरू:
		--नधुल्याइएको:
	०९०८.३१.१०	---अलैंची
०९.१०		अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरू

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-अदुवा:
		--नटुक्काइएको वा नपिँधेको:
	०९१०.११.१०	---ताजा
	०९१०.११.९०	---अन्य
		-बेसार:
	०९१०.३०.१०	---ताजा
	०९१०.३०.२०	---धुलो वा पिठो
	०९१०.३०.९०	---अन्य
१०.०१		गहुँ र मेसलिन
		-दुरुम गहुँ:
	१००१.११.००	--बीउ
	१००१.१९.००	--अन्य
		-अन्य :
	१००१.९१.००	--बीउ
	१००१.९९.००	--अन्य
१०.०२		राई
	१००२.१०.००	-बीउ
	१००२.९०.००	-अन्य
१०.०३		जौ (बाली)
	१००३.१०.००	-बीउ
	१००३.९०.००	-अन्य
१०.०५		मकै
	१००५.१०.००	-बीउ (गेडा)
	१००५.९०.००	-अन्य
१०.०६		धान
	१००६.१०.१०	---बीउ
	१००६.१०.९०	---अन्य
	१००६.२०.००	-कुटेको (तर राम्रो नफलेको)
	१००६.३०.१०	---बासमती चामल
	१००६.३०.९०	---अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	१००६.४०.००	-कनिका
१०.०८		फापर, कोदो, क्यानरीका दानाहरू; अरु खाद्यान्नहरू
	१००८.१०.००	-फापर
		-कोदो:
	१००८.२१.००	--बीउ
	१००८.२९.००	--अन्य
११.०२		गहुँ र मेसलिन बाहेक अन्य खाद्यान्नको पिठो
	११०२.२०.००	-मकैको पिठो
	११०२.९०.००	-अन्य
११.०४		शीर्षक १०.०६ को चामल बाहेक अन्य प्रकारले तयार गरिएको (जस्तै भुस हटाइएको, चेप्टयाएको, च्याँखला पारेको, फलेको, टुक्रा पारेको वा खस्रो (पिँधेको); सिङ्गो, चेप्टयाएको, पातलो चेप्टो टुक्रा पारेको वा पिँधेको अन्नको बीजहरू
		-चेप्टयाएको वा च्याँखला पारेको अन्न:
	११०४.१२.००	--जुनेलोको
	११०४.१९.००	--अन्य खाद्यान्नको
		-अन्य किसिमले तयार पारेको अन्न (जस्तै भूस हटाएको, फलेको, टुक्रा पारेको वा पिँधेको) :
	११०४.२२.००	--जुनेलोको
	११०४.२३.००	--मकैको
	११०४.२९.००	--अन्य खाद्यान्नको
	११०४.३०.००	-अन्नको बीजाणु, सिङ्गै, चेप्टयाएको, च्याँखला पारेको वा पिँधेको
१२.०१		दलेको वा नदलेको भट्मास
	१२०१.१०.००	-बीउ
	१२०१.९०.००	-अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.०२		छोडाएको वा नछोडाएको, नभुटेको वा अन्य किसिमबाट नपकाइएको, खबटा छोडाएको वा नछोडाएको, फुटाएको वा नफुटाएको बदाम (मुमफली)
	१२०२.३०.००	-बीउ
		-अन्यः
	१२०२.४१.००	--नछोडाएको
	१२०२.४२.००	--छोडाएको, फुटाएको वा नफुटाएको
१२.०९		रोप्न हुने फलफूल, बीउ र बीजाणु (स्पोर्स)
	१२०९.१०.००	-चुकन्दर (सुगरबिट) का दानाहरू
		-पशु आहारको बिरुवा (फोरेज प्लाण्ट) का दानाहरूः
	१२०९.२१.००	--लुसिरिन (पशु आहारको घाँस) (अल्फाल्फा) का दानाहरू
	१२०९.२२.००	--क्लोभर (तीन पाते घाँस) (ट्रिफोलियम जातहरू) का दानाहरू
	१२०९.२३.००	--छेस्के घाँस (फेस्क्यू) का दानाहरू
	१२०९.२४.००	--केन्टकी नीलो घाँस (पोआ प्राटेन्सिस एल.) का दानाहरू
	१२०९.२५.००	--राई घाँस (लोलियम मल्टिफ्लोरम ल्याम., लोलियम पेरेन एल.) का दानाहरू
	१२०९.२९.००	--अन्य
	१२०९.३०.००	-फूलको निम्ति मुख्यतः खेती गरिएको जडीबुटीका अन्य बीउहरू
		-अन्यः
		--तरकारीका बीउः
	१२०९.९१.१०	---काउलीको
	१२०९.९१.२०	---बन्दागोबीको
	१२०९.९१.३०	---प्याजको
	१२०९.९१.४०	---मूलाको
	१२०९.९१.५०	---टमाटरको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	१२०९.९१.९०	---अन्य
	१२०९.९९.००	--अन्य
१२.११		मुख्यतः सुगन्धित वस्तु बनाउने, औषधि बनाउने वा कीटनाषक औषधि बनाउने वा यस्तै प्रयोजनका लागि प्रयोग हुने खालको, ताजा, चिस्याइएको, हिमीकृत वा सुकेको, काटिएको वा नकाटिएको, पिँधेको वा नपिँधेको वा धुलो पारिएको वा नपारिएको बिरुवा र बिरुवाका अङ्गहरू (बियाँ र फल समेत)
	१२११.२०.००	-जीनसेनको जरा
	१२११.३०.००	-कोकाको पात (कोका लिफ)
	१२११.४०.००	-अफिमको पराल (पपी स्ट्रौ)
	१२११.५०.००	-इफेद्रा
	१२११.६०.००	-अफ्रिकी चेरी (प्रुनस अफ्रिकाना) को बोक्रा
	१२११.९०.१०	---यार्चागुम्बा
	१२११.९०.९०	---अन्य
१२.१२		ताजा, चिस्याइएको (चिल्ड), हिमीकृत (फ्रोजेन) वा सुकाइएको, पिँधेको वा नपिँधेको लोकष्ट बिन्स, सि–विड्स र अन्य अल्जी (समुन्द्री झार), चुकन्दर (सुगरबिट) र उखु; अन्यत्र उल्लेख वा समावेश नभएका मुख्यतया मानव आहारमा प्रयोग हुने खालको फलको बियाँ (स्टोन्स) र कोयाहरू (केर्नेल) र अन्य वानस्पतिक उत्पादनहरु (चिकोरीयम इन्टाइबस स्यटिवम उपजाति (भेराइटी) को नभुटेको चिकोरीका जराहरू समेत)।
		-अन्य :
	१२१२.९३.००	--उखु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१९.०४		खाद्यान्नलाई फुलाएर (स्वैलिङ्ग) वा भुटेर तयार गरेको खाद्य सामग्री, खाद्यान्नको उत्पादनहरू (जस्तै कर्न फ्लेक); अन्यत्र उल्लेख नगरिएको वा समावेश नभएको, पकाइएको वा अन्य किसिमबाट तयार गरिएको गेडा (ग्रेन) को रूपमा वा शल्क वा पाप्रा (फ्लेकको रूपमा भएको खाद्यान्नहरू (सेरियल्स) (मकै बाहेक) वा अन्य किसिमबाट तयार गरिएको अन्न (मैदा, छाँटा वा दलेको अन्न ग्रोट्स) र पिठो बाहेक) ।
	१९०४.९०.१०	---धानको भुजा
	१९०४.९०.२०	--- चिउरा
२१.०६	२१०६.९०.९४	----सोयाबडी मस्यौरा
२३.०१		मानिसले खान नहुने मासुको वा अफलको, माछाको वा कुष्टासियन्सको मोलस्कको वा अन्य ढाडमा हाड नहुने जलचरको पिठो, मैदा र पेलेट्स; ग्रीभ्स (बोसो पगालेर बाँकी रहेको थेग्रो
	२३०१.१०.००	-मासु वा अफलको पिठो, मैदा र पेलेट्स; ग्रीभ्स (बोसो पगालेर बाँकी रहेको थेग्रो, माछाको बोसो)
	२३०१.२०.००	-माछाको वा क्रुष्टासियन्स, मोलस्क वा ढाडमा हाड नहुने जलचरको पिठो, मैदा र पेलेट्स्
२३.०२		खाद्यान्न वा दलहनको बोटबाट निफनेर वा पिँधेर वा अरु प्रक्रियाद्वारा उपलब्ध हुने पेलेटको रूपमा रहेको वा नरहेको ढुटो आउने चोकर र अन्य अवशेष ।
	२३०२.१०.००	-मकैको
	२३०२.३०.००	-गहुँको
	२३०२.४०.००	-अन्य खाद्यान्नको
	२३०२.५०.००	-कोसे सागपातहरूको
२३.०४	२३०४.००.००	भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिँधेको वा नपिँधेको वा पेलेटको रूपमा भएको वा नभएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३.०५	२३०५.००.००	बदामको तेल पेल्दा निस्केको, पिँधेको वा नपिँधेको, पेलेटको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष ।
२३.०६		वनस्पति वा सूक्ष्मजैविक (माइक्रोबियल) को बोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिँधेको वा नपिँधेको, पेलेटको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।
		-तोरी वा रायो (रेप अर कोल्जा) दानाः
	२३०६.४१.००	--न्यून इरुसिक अम्ल तोरी वा रायो (रेप अर कोल्जा) दानाहरु (सिड्स)
	२३०६.९०.००	-अन्य
२३.०९		जीवजन्तुको आहारको रूपमा प्रयोग हुने तयारी वस्तु
	२३०९.९०.००	-अन्य
५२.०१	५२०१.००.००	नफड्केको वा नकोरेको कपास
५२.०३	५२०३.००.००	फड्केको वा कोरेको कपास
५३.०१		कच्चा वा प्रशोधित नकातेको फ्ल्याक्स (सन वा त्यस्तै झार); फ्ल्याक्स वा सनको शिरोगुच्छ (टो) डोरी र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत) ।
	५३०१.१०.००	-फ्ल्याक्स (सन) कच्चा वा रेशा छुट्ट्याउन पानीमा डुबाएको (रेटेड्)
		-फ्ल्याक्स चुटेको, डाँठबाट रेशा छुट्याइएको, कोरेको (ब्रोकेन, स्कच्ड, ह्याकल्ड) वा अरू किसिमले प्रशोधन गरेको, तर नकातेको :
	५३०१.२१.००	--चुटेको वा डाँठबाट रेशा छुट्याइएको (ब्रोकेन, स्कच्ड)
	५३०१.२९.००	--अन्य
	५३०१.३०.००	-फ्ल्याक्सको शिरोगुच्छ (टो) र अवशेष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३.०३		कच्चा वा प्रशोधित, तर नकातेको, सनपाट (जूट) र अन्य लचिलो रेशा भएको बोक्रा (बास्ट) को कपडाका रेशा (सन, गाँजा, भाँङ्ग, घोट्टा र रेमी बाहेक); यी रेशाहरूको शिरोगुच्छ (टो) र अवशेष (धागोको अवशेष र गार्नेटेड स्टक समेत) ।
	५३०३.१०.००	-काँचो वा पानीमा डुबाएर (रेटेड्) कुहाएको सनपाट र अन्य लचिलो रेशा भएको बोक्रा (बाष्ट) को कपडाको रेशा
द्रष्टव्यः- १. किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती । २. माथि उल्लिखित भन्सार शीर्षक ०६.०१ देखि शीर्षक ०८.१० सम्मका मालवस्तुहरू होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्तिमा मूल्य अभिवृद्धि कर छुट हुनेछैन ।		

समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू		
२५.०१		नुन (भान्सामा प्रयोग हुने (टेवल) नुन र विकृत (डिनेचर्ड) नुन समेत) र झोल पदार्थ भएको वा नभएको वा जम्ने पदार्थ (एण्टीकेकिङ्ग) वा फ्रि फ्लोइङ्ग एजेण्ट भएको शुद्ध सोडिएम क्लोराइड; सामुद्रिक पानी ।
	२५०१.००.९०	---नुन
२७.१०		कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिच्यूएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरू (प्रिपरेसन्स); रद्दी तेलहरू (वेष्ट आयल्स)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

		-पेट्रोलियम तेलहरू र बिटुमिन खनिजहरूबाट प्राप्त तेलहरू (कच्चा तेल बाहेक) तथा अन्यत्र निर्दिष्ट वा समावेश नभएका, तौलको हिसाबले ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेलहरू वा बिटुमिन खनिजबाट प्राप्त तेलहरू भएको, यिनै तेलहरू मुख्य घटक बेसिक कन्स्टिच्यूएण्ट) भएका तयारी वस्तुहरू (प्रिपरेसन्स), जैविक डिजेल भएका बाहेक र रद्दी तेल (वेष्ट आयल) हरू बाहेक
		--अन्य:
	२७१०.१९.१०	---मट्टीतेल (सुपेरिअर किरोसिन आयल)
२७.१६	२७१६.००.००	विद्युत उत्पादन, वितरण र प्रसारण
४४.०१		बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हाँगाबिँगा वा दाउराको बाधेको बिटो, वा यस्तै रूपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाकी (पार्टिकल); काठ चिरेको धुलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट (मट्याङ्ग्रा) वा यस्तै रूपमा एकत्रित गरिएको वा नगरिएको ।
	४४०१.११.०० ४४०१.१९.००	-बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हाँगाविगा, दाउराको बाधेको बिटो वा यस्तै रूपमा: --कोणधारी (कोनिफेरस) --गैरकोणधारी (नन-कोनिफेरस)
४४.०२		एकत्रित गरिएको वा नगरिएको काठको गोल, खबटा (शेल) को वा बियाँ (नट) को गोल समेत।
	४४०२.१०.००	-बाँसको
	४४०२.२०.००	-खबटा (शेल) वा बियाँ (नट) का
	४४०२.९०.००	-अन्य
द्रष्टव्यः- १. धारा तथा टेङ्गरबाट खुला रूपमा आपूर्ति हुने पिउने पानी ।		
समूह ३ : जीवजन्तु तथा सोको उपज		
०१.०२		जीवित चौपाया (बोभाइन) ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-गोजातीय चौपाया:
	०१०२.२१.००	--नश्ल सुधारका लागि विशुद्ध नश्लका
	०१०२.२९.००	--अन्य
		-भैंसी:
	०१०२.३१.००	--नश्ल सुधारका लागि विशुद्ध नश्लका
	०१०२.३९.००	--अन्य
	०१०२.९०.००	--अन्य
०१.०३		जीवित सुँगुर
	०१०३.१०.००	-नश्ल सुधारका लागि विशुद्ध नश्लका
		-अन्य :
	०१०३.९१.००	--५० केजी भन्दा कम वजनको
	०१०३.९२.००	--५० केजी वा सोभन्दा बढी वजन भएको
०१.०४		जीवित भेडा र बाख्रा
	०१०४.१०.००	-भेडा
	०१०४.२०.००	-बाख्रा
०१.०५		जीवित कुखुरा अर्थात, ग्यालुस डोमेष्टिकस् जातका कुखुरा, हाँस, टर्की र गिनी फाउल
		-१८५ ग्रामभन्दा बढी वजन नभएका:
	०१०५.११.००	--ग्यालुस डोमेष्टिकस जातका चराहरू (फाउल)
	०१०५.१२.००	--टर्कीहरू (पाताल मयूर)
	०१०५.१३.००	--हाँस (डक) हरू
	०१०५.१४.००	--हाँस (गिज) हरू
	०१०५.१५.००	--गिनिजातका चराहरू
		-अन्य:
	०१०५.९४.००	--ग्यालुस डोमेष्टिकस जातका चराहरू
	०१०५.९९.००	--अन्य
०१.०६		अन्य जीवित जीवजन्तु
		-स्तनपायी :
	०१०६.१४.००	--खरायोहरू
	०१०६.१९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-चराहरु:
	०१०६.३३.००	--सुतुरमुर्ग (अष्ट्रिच) हरु (ड्रोमाउस नोभाहोल्लान्डिया)
		-किराहरू:
	०१०६.४१.००	--माहुरीहरू
		-किराहरू:
	०१०६.९०.००	-अन्य
०२.०१		चौपाया (बोभाइन जातिको) ताजा वा चिसो पारेको (फ्रेस वा चिल्ड) मासु
	०२०१.१०.००	-सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
	०२०१.२०.००	-हाड सहितको अन्य टुक्राहरू
	०२०१.३०.००	-हाड नभएको
०२.०२		चौपाया (बोभाइन जातिको) हिमीकृत (फ्रोजेन) मासु
	०२०२.१०.००	-सिङ्गो र आधा शरीर (करकास र हाफ करकास)
	०२०२.२०.००	-हाड सहितको अन्य टुक्राहरू
	०२०२.३०.००	-हाड नभएको
०२.०३		सुँगुरको मासु ताजा, चिसो पारेको वा हिमीकृत (फ्रेस, चिल्ड वा फ्रोजेन) ।
		-ताजा वा चिसो पारेको :
	०२०३.११.००	--सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
	०२०३.१२.००	--हाड सहितको अगाडि र पछाडिका साँप्राहरू र साँप्राबाट काटिएका अन्य टुक्राहरू
	०२०३.१९.००	--अन्य
		-हिमीकृत (फ्रोजेन):
	०२०३.२१.००	--सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
	०२०३.२२.००	--हाड सहितको अगाडि र पछाडिका साँप्राहरू र साँप्राबाट काटिएका अन्य टुक्राहरू
	०२०३.२९.००	--अन्य
०२.०४		भेडा वा खसी बोकाको ताजा, चिसो पारेको वा हिमीकृत मासु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०२०४.१०.००	-भेडा (पाठो) को ताजा वा चिसो पारेको सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
		-भेडाको ताजा वा चिसो अन्य मासु:
	०२०४.२१.००	--सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
	०२०४.२२.००	--हाड सहितको अन्य टुक्रा
	०२०४.२३.००	--हाड नभएको
	०२०४.३०.००	-भेडा (पाठो) को हिमीकृत (फ्रोजेन) सिङ्गो र आधा शरीरहरू (करकास र हाफ करकास)
		-हिमीकृत (फ्रोजेन) गरिएका भेडाका अन्य मासु:
	०२०४.४१.००	--सिङ्गो र आधा शरीरहरू (करकास र हाफकरकास)
	०२०४.४२.००	--हाड सहितको अन्य टुक्राहरू
	०२०४.४३.००	--हाड नभएको
	०२०४.५०.००	-खसी बोकाको मासु
०२.०६		चौपाया जीवजन्तु (बोभाइन), सुँगुर, भेडा, खसी बाख्रा, घोडा, गधा, खच्चर वा हिनिजहरूको ताजा, चिसो पारेको वा हिमीकृत (फ्रोजेन) खान हुने कमसल मासु (इडिबल अफल) ।
	०२०६.१०.००	-चौपाया (बोभाइन) जीवजन्तुको ताजा र चिसो
		-चौपाया जीवजन्तु (बोभाइन) को हिमीकृत (फ्रोजेन):
	०२०६.२१.००	--जीब्रो
	०२०६.२२.००	--कलेजो
	०२०६.२९.००	--अन्य
	०२०६.३०.००	-सुँगुरको ताजा र चिसो पारेको
		-सुँगुरको हिमीकृत (फ्रोजेन) :
	०२०६.४१.००	--कलेजो
	०२०६.४९.००	--अन्य
	०२०६.८०.००	-अन्य ताजा वा चिसो पारेको
	०२०६.९०.००	-अन्य हिमीकृत (फ्रोजेन)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

०२.०७		शीर्षक ०१.०५ को कुखुराको ताजा, चिसो पारेको वा हिमीकृत मासु र खान हुने अफल ।
		-ग्यालुस डोमेष्टिकस जातका चराहरू (फाउल) को:
	०२०७.११.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिसो पारिएका (फ्रेस वा चिल्ड)
	०२०७.१२.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)
	०२०७.१३.००	--ताजा वा चिस्याइएका (फ्रेस वा चिल्ड) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)
	०२०७.१४.००	--हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (ओफाल)
		-टर्कीहरूको :
	०२०७.२४.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.२५.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)
	०२०७.२६.००	--ताजा वा चिस्याइएका टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)
	०२०७.२७.००	--हिमीकृत (फ्रोजेन) टुक्रा र अवशेष (कट्स एण्ड ओफाल)
		-हाँस (डक) हरूको:
	०२०७.४१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.४२.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)
	०२०७.४३.००	--ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरु
	०२०७.४४.००	--अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.४५.००	--अन्य, हिमीकृत (फ्रोजेन)
		-हाँस (गीज) हरूको:
	०२०७.५१.००	--टुक्रा नपारिएको (सिङ्गो), ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.५२.००	--टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजेन)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०२०७.५३.००	--ताजा वा चिस्याइएका बोसोयुक्त कलेजो (फ्याटी लिभर) हरू
	०२०७.५४.००	--अन्य, ताजा वा चिस्याइएको (फ्रेस वा चिल्ड)
	०२०७.५५.००	--अन्य, हिमीकृत (फ्रोजेन)
	०२०७.६०.००	-गिनी जातका चराहरूको
०३.०१		जीवित माछा ।
		-आलङ्कारिक माछा :
	०३०१.११.००	--ताजा पानीको
	०३०१.१९.००	--अन्य
		-अन्य जीवित माछा :
	०३०१.९१.००	--ट्राउट (साल्मो ट्रुटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोकाष्टर)
	०३०१.९२.००	--बाम
	०३०१.९३.००	--कार्प (साइप्रिनस जातहरु, क्यारासिअस जातहरु, सेनोफारिङ्गोडोन इडिलस, हाइपोफ्थाल्मिच्थिस जातहरु, सिर्हिनस जातहरु, माइलोफारिङ्गोडोन पिसिअस, क्याट्ला क्याट्ला, लाबेओ जातहरु, ओस्टेचिलस हासेल्टी, लेप्टोबार्बस होवेनी, मेगालोब्रामा जातहरु)
	०३०१.९४.००	--एटलान्टिक र प्यासिफिक ब्लुफिन टुनाहरु (थुनुस थाइनस, थुनुस ओरियन्टालिस)
	०३०१.९५.००	--दक्षिणी ब्लुफिन टुनास (थुनस म्याकोई)
	०३०१.९९.००	--अन्य
०३.०२		शीर्षक ०३.०४ को माछाको फिलेट र अरु प्रकारको मासु बाहेकको ताजा वा चिसो पारेको माछा ।
		-माछा (साल्मोनाइड), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक :

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

	०३०२.११.००	--ट्राउट (साल्मो ट्रुटा, अङ्कोरिङ्कस माइकिस, अङ्कोरिङ्कस क्लार्की, अङ्कोयरिङ्कस अक्वाबोनिटा, अङ्कोरिङ्कस गिलाए, अङ्कोरिङ्कस अपाचे र अङ्कोरिङ्कस क्राइसोगेष्टर)
	०३०२.१३.००	--प्यासिफिक सालमोन (अङ्कोरिङ्कस नेर्का, अङ्कोरिङ्कस गोर्बुशा, अङ्कोरिङ्कस केटा, अङ्कोरिङ्कस ष्विट्शा, अङ्कोरिङ्कस किसुच, अङ्कोरिङ्कस मसोउ र अङ्कोरिङ्कस रडुरस)
	०३०२.१४.००	--एटलाण्टिक सालमोन (सालमो सालार) र डान्यूब सालमोन (हुचो हुचो)
	०३०२.१९.००	--अन्य
		-चेप्टो माछा (प्लेरोनेक्टाइडाइ, बोथीडाइ, साइनोग्लोस्सीडाइ, सोलेडाइ, स्कोप्थाल्मीडाइ र सिथारीडाइ), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक:
	०३०२.२१.००	--हालिबुट
	०३०२.२२.००	--प्लेइस
	०३०२.२३.००	--सोले
	०३०२.२४.००	--टर्बोट्हरु (सेट्टा मेक्सिमा)
	०३०२.२९.००	--अन्य
		-टुनाहरु (थुनुस प्रजातिका) स्किपज्याक तुना (स्ट्राइप-बेल्लाइड बोनितो) (कात्सुओनस पेलामिस), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक:
	०३०२.३१.००	--अल्बाकोर वा लामो पखेटा भएको टुना
	०३०२.३२.००	--पहेँलो पखेटा भएको टुना
	०३०२.३९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-हेरिङ्गहरु (क्लुपिया हरेङ्गस, क्लुपिया पल्लासी), एड्कोभिज (इन्ग्राउलिस जातहरू), सार्डिनहरू (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरू), सार्डिनेला (सार्डिनेला जातहरू), ब्रिसलिन वा स्प्राटहरू (स्प्राटस स्प्राटस), म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस), इन्डियन म्याकेरेलहरू (रस्ट्रेलिगर जातहरु), सिरफिसहरू (स्कोमबेरोमोरस जातहरू), ज्याक तथा हर्षम्याकेरेल (ट्राचुरस जातहरू) ज्याकहरू, क्रेभेलहरु (क्यारान्क्स जातहरू), कोबिया (रासिसेन्ट्रोन क्यानाडम), सिल्भर पम्फ्रेस्ट (पम्पस जातहरू), प्यासिफिक साउरी (कोलोलाबिस साइरा), स्काड्स (डिक्याप्टेरस जातहरू), क्यापेलिन (मालोटस् विलोसस्), सोर्डफिस (सिफियास ग्लाडिअस), कावाकावा (युथाइनस एफिनिस), बोनितोहरू (सार्डा जातहरू) मार्लिनहरू सेइलफिसहरू: स्पेरफिस (इस्टोपोरिडाइ), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक:
	०३०२.४१.००	--हेरिङ्गहरू (क्लुपिया हेरेन्गस, क्लुपिया पल्लासी)
	०३०२.४२.००	--एड्रोभीहरु (इङग्रालिस जातहरू)
	०३०२.४३.००	--सार्डिनहरू (सार्डिना पिल्कार्डस्, सार्डिनोप जातहरू) सार्डिनेला (सार्डिनेला जातहरू), ब्रिसलिन वा स्प्राटस (स्प्राटस स्प्राटस)
	०३०२.४४.००	--म्याकरेल (स्कम्बर स्कम्ब्रस, स्कम्बर अस्ट्रेलासिकस, स्कम्बर जापोनिकस)
	०३०२.४५.००	--ज्याक र हर्ष म्याकरेल (ट्राचुरुस जातहरू)
	०३०२.४६.००	--कोबिआ (राकिसेन्ट्रोन कानाडम)
	०३०२.४७.००	--सोर्डफिस (जिफियास ग्लाडिअस)
	०३०२.४९.००	--अन्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-ब्रेग्मासिरोटाइडाइ, युक्लिच्थाइडाइ, गाडिडाइ, म्याक्रोउराइडाइ, मेलानोनाइडाइ, मर्लुस्सिडाइ, मोरिडाइ र मुराइनोलेपिडिडाइ परिवाहरुका माछा, उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेकः
	०३०२.५१.००	--कड (ग्याडुस मरहुआ, ग्याडुस ओग्याक, ग्याडुस म्याक्रोसिफालस)
	०३०२.५२.००	--ह्याडुक (मेलानोग्रामस एग्लेफिनस)
	०३०२.५३.००	--कोलफिस (पोलाकिअस भिरेन्स)
	०३०२.५४.००	--हेक (मर्लुसिअस जातहरु, यूरोफिसिस जातहरु)
	०३०२.५५.००	--अलास्का पलक (थेरागा कल्कोग्रामा)
	०३०२.५६.००	--ब्लु ह्वाइटिङहरू (माइक्रोमेसिस्टस पोटासु, माइक्रोमेसिस्टस अस्ट्रालिस)
	०३०२.५९.००	--अन्य
		-तिलापियाहरू (ओरओक्रोमिस जातहरू), क्याटफिस (प्याङ्गासिअस जातहरू, सिलुरस जातहरू, क्लारिअस जातहरू, इक्टालुरस जातहरु), कार्प (साइप्रिनस जातहरू, क्यारासियम जातहरू, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरू, सिर्हिनस जातहरू, माइलोफारिङ्गोडोन पिसिअस), क्याट्ला क्याट्ला, लाबेओ जातहरू, ओस्टेचिलस हास्सेल्टी, लेप्टोबार्बस होवेनी, मेगालोब्रामा जातहरू), इलहरू (एङ्गुइला जातहरू), नाइल पर्च (ल्याटेस निलोटिकस) र स्नेकहेड्हरू (चान्ना जातहरू), उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेकः
	०३०२.७१.००	--तिलापियाहरू (ओरेओक्रोमिस जातहरू)
	०३०२.७२.००	--क्याटफिस (प्याङ्गासिअस जातहरू, सिलुरस जातहरू, क्लारिअस जातहरू, इक्टालुरस जातहरू)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	०३०२.७३.००	--कार्प (साइप्रिनस जातहरू, क्यारासियम जातहरू, सेनोफारिङ्गोडोन इडेलस, हाइपोफ्थाल्मिच्थिस जातहरू, सिर्हिनस जातहरू, माइलोफारिङ्गोडोन पिसिअस, क्याट्ला क्याट्ला, लाबेओ जातहरू, ओस्टेओचिलस हास्सेल्टी, लेप्टोबार्बस होवेनी, मेगालेब्रामा जातहरू)
	०३०२.७४.००	--बाम (इल) हरू (एङ्गुइला जातहरू)
	०३०२.७९.००	--अन्य
		-अन्य माछा, उपशीर्षक ०३०२.९१.०० देखि ०३०२.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक :
	०३०२.८१.००	--डगफिस र अन्य सार्कहरू
	०३०२.८२.००	--रेइ र स्केटहरू (रेजिडाए)
	०३०२.८३.००	--टूथफिस (डिसोस्टिकस जातहरू)
	०३०२.८४.००	--सिबास (डिसेन्ट्रारकस जातहरू)
	०३०२.८५.००	--सिब्रिम (स्पेरिडाइ)
	०३०२.८९.००	--अन्य
०३.०३		शीर्षक ०३.०४ को माछाको फिलेट र अरु प्रकारको मासु बाहेकको हिमीकृत गरिएको माछा।
		-साल्मोनाइडाइ, उपशीर्षक ०३०३.९१.०० देखि ०३०३.९९.०० सम्मका खान हुने कमसल मत्स्यमांश बाहेक :
	०३०३.११.००	--शक आई सालमोन (रेड सालमोन) (ओङ्कोरिङ्कस नेर्का)
	०३०३.१२.००	--अन्य प्यासिफिक साल्मोन (अङ्कोरिङ्कस गोर्बुसा, अङ्कोरिङ्कस केटा, अङ्कोरिङ्कस शाविट्चा, अङ्कोरिङ्कस किसुच, अङ्कोरिङ्कस मासोउ तथा अङ्कोरिङ्कस रोडुरस)
	०३०३.१३.००	--एटलान्टिक साल्मोन (साल्मो सालार) र डयान्युव साल्मोन (हुचो हुचो)

	८७०४.३२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.३२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	१०
	८७०४.३२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	१०
	८७०४.३२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.३२.६०	---सिमेण्ट बल्कर	३०
	८७०४.३२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.३२.९०	---अन्य	३०
		-अन्य, कम्प्रेसन-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन (डिजेल वा अर्ध डिजेल) र धक्का दिने विद्युतीय मोटर दुवै भएका:	
		--वाहनको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन ननाघेका:	
	८७०४.४१.१०	---मूलतः सामानको ओसार पसार गर्ने ड्राइभर सहित २ जनाभन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी	४०
	८७०४.४१.२०	---मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ सिट भएको	३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सिङ्गल क्याब पिकअप गाडी	
	८७०४.४१.३०	---डेलिभरी भ्यान	३०
	८७०४.४१.४०	---तीन पाङ्ग्रे गाडी	३०
	८७०४.४१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.४१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.४१.९०	---अन्य	३०
		--वाहनको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन नाघेका तर २० टन ननाघेका:	
	८७०४.४२.१०	--- मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ जनाभन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी	४०
	८७०४.४२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	१
	८७०४.४२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	१०
	८७०४.४२.४०	---तरल पेट्रोलियम ग्यास ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		ट्रकहरू	
	८७०४.४२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.४२.६०	---सिमेण्ट बल्कर	३०
	८७०४.४२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.४२.९०	---अन्य	३०
		--वाहनको कुल तौल (जी.भी. डब्ल्यू) २० टन नाघेका:	
	८७०४.४३.१०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.४३.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	१
	८७०४.४३.३०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.४३.४०	---कन्टेनर जोडिएका ट्रकहरू	१०
	८७०४.४३.५०	---सिमेण्ट बल्कर	३०
	८७०४.४३.६०	---तरल पेट्रोलियम ग्यास ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	१०
	८७०४.४३.९०	---अन्य	३०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-स्पार्क-इग्निसन इन्टरनल कम्बसन पिष्टोन इञ्जिन र धक्का दिने विद्युतीय मोटर दुवै भएका:	
		--वाहनको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन ननाघेका:	
	८७०४.५१.१०	--- मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ जनाभन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी	४०
	८७०४.५१.२०	---मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ सिट भएको सिङ्गल क्याब पिकअप गाडी	३०
	८७०४.५१.३०	---डेलिभरी भ्यान	३०
	८७०४.५१.४०	---तीन पाङ्ग्रे गाडी	३०
	८७०४.५१.५०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिस्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.५१.६०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्वेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.५१.९०	---अन्य	३०
		--वाहनको कुल तौल (जी.भी. डब्ल्यू) ५ टन नाघेका:	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.५२.१०	--- मूलतः सामानको ओसारपसार गर्ने ड्राइभर सहित २ जनाभन्दा बढी मानिसको यातायातको लागि तयार समेत भएका डबल क्याब पिकअप गाडी	४०
	८७०४.५२.२०	---दूध ढुवानीका लागि विशेष किसिमले तयार गरिएको ट्याङ्करहरू	१
	८७०४.५२.३०	---कन्टेनर जोडिएका ट्रकहरू	१०
	८७०४.५२.४०	---तरल पेट्रोलियम ग्याँस ढुवानीका लागि विशेष किसिमले तयार गरिएको बुलेट ट्याङ्कर ट्रकहरू	१०
	८७०४.५२.५०	---कम्प्याक्टर (कम्प्रेसिङ्ग डिभाइस) सहितका फोहर (गार्बेज) सङ्कलन तथा ढुवानी गर्ने गाडीहरू	१५
	८७०४.५२.६०	---सिमेण्ट बल्कर	३०
	८७०४.५२.७०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.५२.९०	---अन्य	३०
		-अन्य धक्का दिने विद्युतीय मोटरमात्र भएका:	
	८७०४.६०.१०	---प्रशितक प्रणाली (रेफ्रिजिरेटिङ्ग सिष्टम) जडान गरिएका भ्यानहरू	१
	८७०४.६०.२०	---अन्य, तीन पाङ्ग्रे गाडी	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८७०४.६०.९०	---अन्य, चार पाङ्ग्रे गाडी	१०
		(२९१) उपशीर्षक ८७०४.९०.१० देखि ८७०४.९०.९० सम्मको सट्टा देहायको उपशीर्षक राखिएको छः-	
	"८७०४.९०.००	-अन्य"	३०
		(२९२) उपशीर्षक ८७०८.२१ पछि देहायको उपशीर्षक थप गरिएको छः	
	"८७०८.२२.००	--यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लिखित अग्रभाग (फ्रन्ट) का वायुरोधी सिसाहरू (विन्डस्क्रिन, विन्डशिल्ड्स), पृष्ठभाग (रियर) का झ्यालहरू तथा अन्य झ्यालहरू"	२०
		(२९३) उपशीर्षक ८७११.१०.०० को उपशीर्षक पाठमा रहेको "रेसिप्रोकेटिङ" भन्ने शब्द हटाइएको छ।	
		(२९४) उपशीर्षक ८७११.२ को उपशीर्षक पाठमा रहेको "रेसिप्रोकेटिङ" भन्ने शब्द हटाइएको छ।	
८७.११		मोटरसाइकलहरु (मोपेड सहित) र साइड कार रहित वा सहित साइकलमा सहायक मोटर जडान गरेको साइडकारहरु ।	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-सिलिण्डर क्षमता ५० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको इन्टरनल कम्बसन पिष्टोन इञ्जिन भएका:	
		---अन्य:	
	८७११.२०.९९	----२०० सी.सी. नाघेको तर २५० सी.सी. ननाघेको	४०
		(२९५) उपशीर्षक ८७११.३ को उपशीर्षक पाठमा रहेको "रेसिप्रोकेटिङ" भन्ने शब्द हटाइएको छ।	
		-सिलिण्डर क्षमता २५० सी.सी. नाघेको तर ५०० सी.सी. ननाघेको इन्टरनल कम्बसन पिष्टोन इन्जिन:	
	८७११.३०.९०	---अन्य	७०
		(२९६) उपशीर्षक ८७११.४०.०० को उपशीर्षक पाठमा रहेको "रेसिप्रोकेटिङ" भन्ने शब्द हटाइएको छ।	
	८७११.४०.००	-सिलिण्डर क्षमता ५०० सी.सी. नाघेको तर ८०० सी.सी. ननाघेको इन्टरनल कम्बसन पिष्टोन इञ्जिन	८०
		(२९७) उपशीर्षक ८७११.५०.०० को उपशीर्षक पाठमा रहेको "रेसिप्रोकेटिङ" भन्ने शब्द हटाइएको छ।	
	८७११.५०.००	-सिलिण्डर क्षमता ८०० सी.सी. नाघेको इन्टरनल कम्बसन पिष्टोन इञ्जिन	८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(२९८) भाग ८८ मा देहायको नयाँ द्रष्टव्य १ थप गरिएको छः-	
		<u>द्रष्टव्यः</u> "१. यस भागको प्रयोजनको लागि "मानवरहित हवाईजहाज (अनम्यान्ड एयरक्राफ्ट)" भन्ने अभिव्यक्तिले शीर्षक ८८.०१ मा पर्ने बाहेकका हवाईजहाजमा चालक (पाइलट) बिना उड्ने गरी बनाइएका कुनै पनि हवाईजहाजलाई जनाउँछ। तिनीहरू प्रदायभार (पेलोड) बोक्ने गरी वा स्थायी रूपले एकीकृत डिजिटल क्यामराहरू वा अन्य उपकरण जडान गरी बनाइएका हुन सक्छन् जसले तिनीहरुलाई उडानको समयमा उपयोगी कार्यहरू (युटिलिटेरियन फङ्सन्स्) सम्पादन गर्न योग्य बनाउँछन्। तर "मानवरहित हवाईजहाज (अनम्यान्ड एयरक्राफ्ट)" भन्ने अभिव्यक्तिले मनोरञ्जन गर्ने उद्देश्यले बनाइएका उड्ने खेलौनाहरू समेट्दैन (शीर्षक ९५.०३)।"	
		(२९९) भाग ८८ मा रहेको "उपशीर्षक-द्रष्टव्य" भन्ने	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		शब्दहरूको सट्टा "उपशीर्षक द्रष्टव्यहरू" भन्ने शब्दहरू राखिएका छन्।	
		(३००) भाग ८८ को उपशीर्षक द्रष्टव्य १ पछि देहायको उपशीर्षक द्रष्टव्य २ थप गरिएको छः-	
		"२. उपशीर्षक ८८०६.२१.०० देखि ८८०६.२४.०० तथा ८८०६.९१.०० देखि ८८०६.९४.०० को प्रयोजनको लागि "उड्ने बेलाको उच्चतम् तौल (म्याक्सिमम् टेक-अफ वेट)" भन्ने अभिव्यक्तिले सामान्य उडानको अवस्थामा, उड्ने बेलामा प्रदायभार (पेलोड), उपकरण (इक्विपमेन्ट) र इन्धनको तौल लगायत यन्त्र (मेशिन) को उच्चतम् तौललाई जनाउँछ।"	
		(३०१) शीर्षक ८८.०२ को शीर्षक पाठमा रहेको "वायुयान" भन्ने शब्दको सट्टा "शीर्षक ८८.०६ को मानव रहित हवाईजहाज बाहेकको अन्य हवाईजहाज" भन्ने शब्दहरू राखिएका छन्।	
		(३०२) शीर्षक ८८.०३ तथा	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सोका उपशीर्षकहरू हटाइएको छ।	
		(३०३) शीर्षक ८८.०५ पछि देहायको शीर्षक ८८.०६ तथा उपशीर्षकहरू थप गरिएका छन्:-	
"८८.०६		मानव रहित (अनम्यान्ड) हवाईजहाज।	
	८८०६.१०.००	-यात्रुहरू बोक्नको लागि बनाइएका	१०
		-अन्य, दूर-नियन्त्रित (रिमोट-कन्ट्रोल्ड) उडानको लागि मात्र:	
	८८०६.२१.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) २५० ग्रामभन्दा बढी नभएको	१०
	८८०६.२२.००	--उड्ने बेलाको अधिकतम तौल (म्याक्सिमम् टेक-अफ वेट) २५० ग्रामभन्दा बढी तर ७ किलोग्रामभन्दा बढी नभएको	१०
	८८०६.२३.००	--उड्ने बेलाको अधिकतम तौल (म्याक्सिमम् टेक-अफ वेट) ७ किलोग्रामभन्दा बढी तर २५ किलोग्रामभन्दा बढी नभएको	१०
	८८०६.२४.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) २५ किलोग्रामभन्दा बढी तर १५० किलोग्रामभन्दा बढी नभएको	
	८८०६.२९.००	--अन्य	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-अन्यः	
	८८०६.९१.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) २५० ग्रामभन्दा बढी नभएको	१०
	८८०६.९२.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) २५० ग्रामभन्दा बढी तर ७ किलोग्रामभन्दा बढी नभएको	१०
	८८०६.९३.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) ७ किलोग्रामभन्दा बढी तर २५ किलोग्रामभन्दा बढी नभएको	१०
	८८०६.९४.००	--उड्ने बेलाको अधिकतम् तौल (म्याक्सिमम् टेक-अफ वेट) २५ किलोग्रामभन्दा बढी तर १५० किलोग्रामभन्दा बढी नभएको	१०
	८८०६.९९.००	--अन्य"	१०
		(३०४) हाल थप गरिएको शीर्षक ८८.०६ पछि देहायको शीर्षक ८८.०७ तथा उपशीर्षकहरू थप गरिएका छन्:-	
"८८.०७		शीर्षक ८८.०१, ८८.०२ वा ८८.०६ का वस्तुका अङ्गहरू (पार्टस्) ।	
	८८०७.१०.००	-घचेट्ने वस्तु (प्रोपेलर) हरू र घुम्ने वस्तु (रोटर) हरू तथा तिनका अङ्गहरू	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८८०७.२०.००	-अन्डर-क्यारिजहरू र तिनका अङ्गहरू	१०
		-हवाईजहाज, हेलिकप्टर वा मानव रहित हवाईजहाजका अन्य अङ्गहरू:	
	८८०७.३०.१०	---हवाईजहाज र हेलिकप्टरका	१०
	८८०७.३०.९०	---मानव रहित हवाईजहाजका	१०
	८८०७.९०.००	-अन्य"	१०
		(३०५) भाग ८९ को उपशीर्षकहरू ८९०३.१०.०० देखि ८९०३.९९.०० सम्मको को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन:-	
		"-हावा भर्न मिल्ने (इन्फ्लेटेबल) (हावा भर्न मिल्ने कडा फ्रेम भएका (रिजिड हल) समेत) डुङ्गाहरू:	
	८९०३.११.००	--मोटर जोडिएका वा मोटर जोड्न मिल्ने गरी बनाइएका, सामान नहाल्दाको (शुद्ध) वजन (मोटर बाहेक) १०० किलोग्राम ननाघेका	५
	८९०३.१२.००	--मोटरसँग प्रयोग गर्ने गरी नबनाइएका र सामान नहाल्दाको (शुद्ध) वजन १०० किलोग्राम ननाघेका	५
	८९०३.१९.००	--अन्य	५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-हावा भर्न मिल्ने बाहेकका सहायक मोटर सहित वा रहित पालयुक्त डुङ्गा (सेलबोट) हरू:	
	८९०३.२१.००	--लम्बाइ ७.५ मीटर ननाघेका	१
	८९०३.२२.००	--लम्बाइ ७.५ मीटर नाघेका तर २४ मीटर ननाघेका	१
	८९०३.२३.००	--लम्बाइ २४ मीटर नाघेका	१
		-आउटबोर्ड मोटर बोटहरू बाहेकका हावा भर्न नमिल्ने अन्य मोटरबोटहरू:	
	८९०३.३१.००	--लम्बाइ ७.५ मीटर ननाघेका	५
	८९०३.३२.००	--लम्बाइ ७.५ मीटर नाघेका तर २४ मीटर ननाघेका	५
	८९०३.३३.००	--लम्बाइ २४ मीटर नाघेका	५
		-अन्य:	
	८९०३.९३.००	--लम्बाइ ७.५ मीटर ननाघेका	५
	८९०३.९९.००	--अन्य"	५
		(३०६) भाग ९० को द्रष्टव्य १ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:-	
		"(च) परिच्छेद १५ को द्रष्टव्य २ मा परिभाषित, अपधातुका सामान्य प्रयोगका अङ्गहरु (पार्ट्स) (परिच्छेद १५) वा प्लास्टिकका त्यस्तै सामानहरु (भाग ३९); तर विशेष रूपमा औषधोपचार,	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		शल्य चिकित्सा, दन्तोपचार वा पशु विज्ञानमा प्रत्यारोपणमा प्रयोग गर्ने गरी विशेष किसिमले बनाइएका सामानहरूलाई शीर्षक ९०.२१ मा वर्गीकरण गरिनेछ।"	
		(३०७) उपशीर्षकहरू ९००६.५१.०० र ९००६.५२.०० हटाइएका छन्।	
		(३०८) उपशीर्षक ९००६.५३.०० को सट्टा देहायको उपशीर्षक राखिएको छः-	
	"९००६.५३.००	--३५ मी.मी. चौडाइको रोल फिल्मको लागि"	५
		(३०९) शीर्षक ९०.१३ मा भएको शीर्षक पाठको सट्टा देहायको शीर्षक पाठ राखिएको छः-	
"९०.१३		लेजर डायोडहरू बाहेकका लेजरहरू; यस भागमा अन्यत्र उल्लेख नभएका वा समावेश नगरिएका अन्य चाक्षुष उपकरण र औजारहरु ।"	
		(३१०) शीर्षक ९०.२२ को शीर्षक पाठमा रहेका "वा गामा"	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		भन्ने शब्दहरूको सट्टा ", गामा वा अन्य आयनीकृत" भन्ने शब्दहरू राखिएका छन्।	
		(३११) उपशीर्षक ९०२२.२ को उपशीर्षक पाठमा रहेका "वा गामा" भन्ने शब्दहरूको सट्टा ", गामा वा अन्य आयनीकृत" भन्ने शब्दहरू राखिएका छन्।	
		(३१२) उपशीर्षक ९०२७.८०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन्:-	
		"-अन्य औजारहरू र उपकरणहरू:	
	९०२७.८१.००	--मास स्पेक्ट्रोमीटरहरू	५
		--अन्य:	
	९०२७.८९.१०	---हेमाटोलोजी एनालाइजर, ब्लड केमेष्ट्री एनालाइजर, क्लिनिकल केमेष्ट्री एनालाइजर, इम्यूनो केमेष्ट्री एनालाइजर लगायतका यस्तै एनालाइजरहरु	माफी
	९०२७.८९.९०	---अन्य"	माफी
		(३१३) उपशीर्षक ९०३०.३ को उपशीर्षक पाठमा रहेको "शक्ति (पावर)" भन्ने शब्दको सट्टा "शक्ति (पावर) (अर्ध-संवाहक वेफरहरू वा साधनहरू मापन वा जाँच गर्ने बाहेकका)"	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		भन्ने शब्दहरू राखिएका छन्।	
		(३१४) उपशीर्षक ९०३०.८२.०० को सट्टा देहायको उपशीर्षक राखिएको छः-	
	"९०३०.८२.००	--अर्ध-संवाहक वेफरहरू वा साधनहरू मापन वा जाँच गर्न निमित्तका (एकीकृत परिपथ समेत)"	५
		(३१५) उपशीर्षक ९०३१.४१.०० को सट्टा देहायको उपशीर्षक राखिएको छः-	
	"९०३१.४१.००	--अर्ध-संवाहक वेफरहरू वा साधनहरु (एकीकृत परिपथ समेत) निरीक्षण को लागि वा अर्ध-संवाहक साधनहरु (एकीकृत परिपथ समेत) को उत्पादनमा प्रयोग हुने प्रकाशावरण (फोटोमास्क) हरू वा जालीहरु रेटिकल्सको निरीक्षणको लागि"	माफी
		(३१६) भाग ९१ को उपशीर्षक ९११४.१०.०० हटाइएको छः-	
		(३१७) भाग ९४ को मूल पाठमा रहेको "बत्ती (ल्याम्प) र बत्ती जडानका सामग्रीहरु (लाइटिङ्ग फिटिङ्गस)" भन्ने	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		शब्दहरूको सट्टा "बत्तीहरू (लुमिनेयरिज) र प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस) भन्ने शब्दहरू राखिएका छन्।	
		(३१८) भाग ९४ को द्रष्टव्य १ को खण्ड (च) मा रहेका "बत्ती (ल्याम्पहरु) वा बत्ती जडानका सामग्रीहरु (लाइटिङ्ग फिटिङ्गस) भन्ने शब्दहरूको सट्टा "बत्तीहरू वा प्रकाशका स्रोतहरू र तिनका अङ्गहरू" भन्ने शब्दहरू राखिएका छन्।	
		(३१९) भाग ९४ को द्रष्टव्य १ को खण्ड (ट) को,- (१) पहिलो हरफमा रहेका "बत्ती (ल्याम्प) वा बत्ती जडानका सामग्रीहरू (लाइटिङ्ग फिटिङ्गस)" भन्ने शब्दहरूको सट्टा "बत्तीहरू (लुमिनेयरिज) र प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस)" भन्ने शब्दहरू राखिएका छन्। (२) अन्तिम हरफमा रहेका "वैद्युतिक माला" भन्ने शब्दहरूको सट्टा "प्रकाशयुक्त तारहरू (लाइटिङ्ग स्ट्रिङ्गस्)" भन्ने शब्दहरू राखिएका छन्।	
		(३२०) भाग ९४ को द्रष्टव्य ४	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		को पहिलो अनुच्छेदपछि देहाय बमोजिमको दोस्रो अनुच्छेद थप गरिएको छः-	
		"पूर्व विरचित भवनहरूमा सामान्यतः स्तरीकृत शिपिङ्ग कन्टेनरको नाप र आकारमा प्रस्तुत भएका तर आन्तरिक रूपमा अधिकांश वा पूर्ण रूपले पूर्वजडित इस्पातका "प्रमापीय भवनका एकाइहरू (मडयूलर बिल्डिङ्ग युनिट्स)" समावेश हुन्छन्। यस प्रकारका प्रमापीय भवनका एकाइहरू एकैसाथ जोडी स्थायी भवनहरू बनाउनको लागि सामान्यतः रुपांकित (डिजाइन) गरिएका हुन्छन्।"	
		(३२१) उपशीर्षक ९४०१.३०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन्:-	
		"-उचाइ घटीबढी गर्न सकिने घुम्ने आसनः	
	९४०१.३१.००	--काठका	३०
	९४०१.३९.००	--अन्य"	३०
		(३२२) उपशीर्षक ९४०१.४०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएका	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		छन्:-	
		"-बगैंचाको आसन वा क्याम्पिङ उपकरण बाहेकका बिछ्यौनाको रूपमा परिवर्तन हुने आसनहरू:	
	९४०१.४१.००	--काठका	३०
	९४०१.४९.००	--अन्य"	३०
		(३२३) उपशीर्षक ९४०१.९०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन्:-	
		"-अङ्गहरू (पार्टस्):	
	९४०१.९१.००	--काठका	३०
	९४०१.९९.००	--अन्य"	३०
		(३२४) उपशीर्षक ९४०३.९०.०० को सट्टा देहायका उपशीर्षकहरू राखिएका छन्:-	
		"-पार्टपुर्जाहरू:	
	९४०३.९१.००	--काठका	३०
	९४०३.९९.००	--अन्य"	३०
		(३२५) उपशीर्षक ९४०४.३०.०० पछि देहायको उपशीर्षक थप गरिएको छ:-	
	"९४०४.४०.००	-सिरकहरू, पूरा विस्तरा छोप्ने वस्तु (बेडस्प्रेड) हरू, समुन्द्री हाँसका प्वाँख वा यस्तै न्यानो पदार्थबाट बनाइएका सिरक	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(आइडरडाउन) हरू र अन्य रेशा वा चराका प्वाँख भरी बनाइएका हल्का सिरक (डुवे) हरू (कम्फर्टरहरू)"	
		(३२६) शीर्षक ९४.०५ को शीर्षक पाठमा रहेका "बत्तीहरु र प्रकाशका जडान" भन्ने शब्दहरूको सट्टा "बत्तीहरू (लुमिनेयरिज) र प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस) भन्ने शब्दहरू राखिएका छन्।	
		(३२७)उपशीर्षकहरू ९४०५.१०.०० देखि ९४०५.६०.०० सम्मको को सट्टा देहायका उपशीर्षकहरू राखिएका छनः-	
		"-झूमर बत्तीहरू (शाण्डलियर्स) र अन्य छत र भित्तामा बाल्ने विजुलीका बत्तीहरु, सार्वजनिक खुला ठाउँमा वा मान्छे हिड्ने बाटोमा बाल्ने बत्ती बाहेकः	
	९४०५.११.००	--पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.१९.००	--अन्य	२०
		-विद्युतीय टेबल, डेस्क, बेडसाइट (ओछ्यान नजिकको) वा भुईंमा	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(आइडरडाउन) हरू र अन्य रेशा वा चराका प्वाँख भरी बनाइएका हल्का सिरक (डुवे) हरू (कम्फर्टरहरू)"	
		(३२६) शीर्षक ९४.०५ को शीर्षक पाठमा रहेका "बत्तीहरु र प्रकाशका जडान" भन्ने शब्दहरूको सट्टा "बत्तीहरू (लुमिनेयरिज) र प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस) भन्ने शब्दहरू राखिएका छन्।	
		(३२७)उपशीर्षकहरू ९४०५.१०.०० देखि ९४०५.६०.०० सम्मको को सट्टा देहायका उपशीर्षकहरू राखिएका छनः-	
		"-झूमर बत्तीहरू (शाण्डलियर्स) र अन्य छत र भित्तामा बाल्ने विजुलीका बत्तीहरु, सार्वजनिक खुला ठाउँमा वा मान्छे हिड्ने बाटोमा बाल्ने बत्ती बाहेकः	
	९४०५.११.००	--पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.१९.००	--अन्य	२०
		-विद्युतीय टेबल, डेस्क, बेडसाइट (ओछ्यान नजिकको) वा भुईंमा	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		उभ्याइने बिजुलीका बत्तीहरु (लुमिनेयरिज):	
	९४०५.२१.००	--पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.२९.००	--अन्य	२०
		-क्रिसमस रुखहरूमा प्रयोग गर्ने किसिमका प्रकाशयुक्त तारहरू (लाइटिङ्ग स्ट्रिङ्गस्):	
	९४०५.३१.००	--पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.३९.००	--अन्य	२०
		-अन्य बिजुलीका बत्तीहरू (लुमिनेयरिज) तथा प्रकाश जडानहरू:	
	९४०५.४१.००	--फोटो भोल्टिक, पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.४२.००	--अन्य, पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	२०
	९४०५.४९.००	--अन्य	२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	९४०५.५०.००	-अवैद्युतिक (नन्-इलेक्ट्रिकल) बत्तीहरू (लुमिनेयरिज) तथा प्रकाश जडानहरू	५
		-प्रकाशमय चिन्ह, प्रकाशमय नामपट्टिका र त्यस्तै वस्तुहरू:	
	९४०५.६१.००	--पूर्ण रूपमा लाइट-इमिटिङ्ग डायोड (एलईडी) प्रकाश स्रोतहरूसँग प्रयोगको लागि बनाइएका	१५
	९४०५.६९.००	--अन्य"	१५
		(३२८) उपशीर्षक ९४०६.१०.९० पछि देहायको उपशीर्षक थप गरिएको छः-	
	"९४०६.२०.००	-इस्पातका प्रमापीय भवनका एकाइहरू (मडयुलर बिल्डिङ्ग युनिट्स)"	३०
		(३२९) भाग ९५ को द्रष्टव्य १ को खण्ड (ढ) पछि देहायको खण्ड (ण) थपी साविकको खण्ड (ण) देखि (फ) सम्मलाई क्रमशः खण्ड (त) देखि (ब) सम्म कायम गरिएको छः-	
		"(ण) मानव रहित (अनम्यान्ड) हवाईजहाज (शीर्षक ८८.०६)"	
		(३३०) भाग ९५ को द्रष्टव्य ५ पछि देहायको द्रष्टव्य ६ थप गरिएको छः-	
		"६.शीर्षक ९५.०८ को	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		प्रयोजनको लागिः	
		(क)"मनोरञ्जन उद्यानका सवारीहरू (अम्यूजमेन्ट पार्क राइड्स)" भन्ने अभिव्यक्तिले मुख्य प्रयोजन मनोरञ्जन वा आमोदप्रमोदका लागि मानिस वा मानिसहरूलाई जलमार्गहरू वा कुनै परिभाषित क्षेत्र लगायत कुनै निश्चित वा सीमित गतिपथमा बोक्ने, लैजाने वा माथिबाट वा सिधा निर्देशित गर्ने साधन वा साधनहरूको संयोजन वा उपकरणहरूलाई जनाउँछ। यस्ता सवारी (राइड) हरू कुनै मनोरञ्जन उद्यान (अम्यूजमेन्ट पार्क, मनोविनोद उद्यान (थिम पार्क), जल उद्यान (वाटर पार्क) वा मेला क्षेत्र (फेयरग्राउण्ड) भित्र संयोजित (कम्बाइन्ड) हुन सक्छन्। यी मनोरञ्जन	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		उद्यानका सवारीहरूमा सामान्यतः आवासहरू वा खेल मैदानहरूमा स्थापना गर्ने खालका उपकरणहरू पर्दैनन्; (ख) "जल उद्यानका मनोरञ्जनका साधनहरू (वाटर पार्क अम्यूजमेन्ट्स)" भन्ने अभिव्यक्तिले खास उद्देश्यका मार्ग बिनाको, पानी भएको परिभाषित क्षेत्रको चारित्रिक विशेषता भएका साधन वा साधनहरूको संयोजन वा उपकरणलाई जनाउँछ। जल उद्यानका मनोरञ्जनका साधनहरूमा विशेष गरी जल उद्यानहरू (वाटर पार्क्स) को लागि बनाइएका उपकरणहरू पर्दछन्; र (ग) "मेला क्षेत्रका मनोरञ्जनका साधनहरू (फेयरग्राउण्ड	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		अम्यूजमेन्ट्स)" भन्ने अभिव्यक्तिले मौका (चान्स), बल (स्ट्रेन्थ) वा सिप (स्किल) का खेलहरूलाई जनाउँछ, जुन सामान्यतः एउटा सञ्चालक वा सहयोगी सहितका हुन्छन् र स्थायी भवनहरू वा स्वतन्त्र कन्सेसन स्टलहरूमा स्थापना गरिएका हुन सक्छन्। मेला क्षेत्रका मनोरञ्जनका साधनहरूमा शीर्षक ९५.०४ का उपकरणहरू पर्दैनन्। यस दरबन्दी (नोमेन्क्लेचर) मा अन्यत्र बढी किटानीसाथ वर्गीकृत उपकरणहरू यस शीर्षकमा पर्दैनन्।"	
		(३३१) शीर्षक ९५.०४ को शीर्षक पाठको सट्टा देहायको शीर्षक पाठ राखिएको छः-	
"९५.०४		भिडियो गेमका कन्सोल र यन्त्रहरु, टेबल वा पार्लर गेमहरू, मुद्रा, बैङ्क नोटहरू, बैङ्क कार्डहरू, टोकनहरू वा भुक्तानी	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सम्बन्धी अन्य साधनहरूद्वारा सञ्चालन हुने पिनटेबलहरू, बिलियार्डहरु, क्यासिनो खेलका विशेष टेबुलहरु र स्वचालित वाउलिङ उपकरणहरू, मनोरञ्जनका यन्त्रहरू समेत ।"	
		(३३२) शीर्षक ९५.०८ र सोका उपशीर्षकहरूको सट्टा देहायको शीर्षक र उपशीर्षकहरू राखिएका छन्:-	
"९५.०८		घुम्ती सरकस (ट्राभलिङ्ग सरकस) हरू तथा जङ्गली जन्तु समूह (मेनाजरिज) को घुम्ती प्रदर्शनीहरू; मनोरञ्जन उद्यानका सवारीहरू (अम्यूजमेन्ट पार्क राइड्स) तथा जल उद्यानका मनोरञ्जनका साधनहरू (वाटर पार्क अम्यूजमेन्ट्स); मेला क्षेत्रका मनोरञ्जनका साधनहरू (फेयरग्राउण्ड अम्यूजमेन्ट्स), लक्षवेधन दीर्घा वा तारो हान्ने खेल खेल्ने ठाउँहरू (शुटिङ्ग ग्यालरिज) समेत; घुम्ती रङ्गमञ्चहरू (ट्राभलिङ्ग थिएटर्स)।	
	९५०८.१०.००	-घुम्ती सरकसहरू तथा जङ्गली जन्तु समूहको घुम्ती प्रदर्शनीहरू (ट्राभलिङ्ग मेनाजरिज)	१०
		-मनोरञ्जन उद्यानका सवारीहरू	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		तथा जल उद्यानका मनोरञ्जनका साधनहरू:	
	९५०८.२१.००	--रोलर कोस्टरहरू	१०
	९५०८.२२.००	--केरोसेलहरू, पिङ (स्वीङस्) हरू तथा आसन सहितका वृत्ताकार परिपथमा घुम्ने खेल (राउन्डअबाउट) हरू	१०
	९५०८.२३.००	--ड्रजिम कारहरू	१०
	९५०८.२४.००	--मोसन सिम्युलेटरहरू र घुम्ने रङ्गमञ्चहरू (मुभिङ थियटर्स)	१०
	९५०८.२५.००	--पानी सवारीहरू (वाटर राइड्स)	१०
	९५०८.२६.००	--जल उद्यानका मनोरञ्जनका साधनहरू	१०
	९५०८.२९.००	--अन्य	१०
	९५०८.३०.००	-मेला क्षेत्रका मनोरञ्जनका साधनहरू	१०
	९५०८.४०.००	-घुम्ती रङ्गमञ्चहरू (ट्राभलिङ् थिएटर्स)"	१०
		(३३३) भाग ९६ को द्रष्टव्य १ को खण्ड (ञ) मा रहेका "ल्याम्पहरु र बत्ती जडानका सामानहरु (लाइटिङ्ग फिटिङ्गस)" भन्ने शब्दहरूको सट्टा "बत्तीहरू (लुमिनेयरिज) र प्रकाश जडानहरू (लाइटिङ्ग फिटिङ्गस) भन्ने शब्दहरू राखिएका छन्।	
		(३३४) उपशीर्षक	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		९६०९.१०.०० को सट्टा देहायको उपशीर्षक राखिएको छ।	
	"९६०९.१०.००	-आवरणभित्र सीसा राखेका सिसाकलम (पेन्सिल) हरू र रङ्गीन खरी (क्रेयन) हरू"	५
		(३३५) शीर्षक ९६.१७ र सोका उपशीर्षकहरूको सट्टा देहायको शीर्षक र उपशीर्षकहरू राखिएका छन्:-	
"९६.१७		तयारी भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम भएका भाँडाहरू (भ्याकुम भेसेल्स); भित्री काँच बाहेकका तिनका पार्टपुर्जा।	
	९६१७.००.१०	---तयारी भ्याक्युम फ्लाक्स	१५
	९६१७.००.२०	---भ्याकुम भएका अन्य तयारी भाँडाहरू (भ्याकुम भेसेल्स)	१५
	९६१७.००.९०	---भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।"	१५
		(३३६) शीर्षक ९६.१९ र सोका उपशीर्षकहरूको सट्टा देहायको शीर्षक र उपशीर्षकहरू राखिएका छन्:-	
"९६.१९		जुनसुकै पदार्थका स्यानिटरी टावलहरू (प्याडहरू) र टेम्पोनहरू, न्याप्किनहरू (डाइपरहरू), न्यापकिन लाइनरहरू तथा यस्तै	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सामानहरू।	
	९६१९.००.१०	---स्यानिटरी टावलहरू (प्याडहरू)	१५
	९६१९.००.२०	---न्याप्किनहरू (डाइपरहरू)	१५
	९६१९.००.३०	---न्याप्किन लाइनरहरू	१५
	९६१९.००.४०	---टेम्पोनहरू र मेन्सट्रुवल कप	१५
	९६१९.००.९०	---अन्य"	१५
		(३३७) भाग ९७ को द्रष्टव्य १ पछि देहायको द्रष्टव्य २ थप गरी साविकको द्रष्टव्य २ देखि ५ सम्मलाई क्रमशः ३ देखि ६ सम्म कायम गरिएको छः-	
		"२. कलाकारद्वारा रूपाङ्कित वा सिर्जित भए तापनि बृहत रूपमा उत्पादन गरिएका ढुङ्गा, टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र वा आकृतिहरू (मोजेक्स) का पुनरुत्पादनहरू, व्यापारिक चरित्र (कमर्सियल क्यारेक्टर) का परम्परागत (कन्भेन्सनल) शिल्पकौशल (क्राफ्टम्यानसिप) का ढलाई गरिएका वस्तुहरू (कास्ट्स्) वा कृतिहरु (वर्क्स) को हकमा शीर्षक ९७.०१ लागू हुँदैन।"	
		(३३८) शीर्षक ९७.०१ र सोका उपशीर्षकहरूको सट्टा देहायको शीर्षक र उपशीर्षकहरू	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		राखिएका छन्:-	
"९७.०१		हस्तकलाका रङ्गीन चित्रहरू, रेखा चित्रहरु र रङ्गीन पेन्सिलले बनाएका चित्रहरु (पास्टेल्स), शीर्षक ४९.०६ अन्तर्गत पर्ने रेखा चित्रहरु र हातले रङ्ग भरिएका वा हातले अलङ्कृत तयारी सामानहरु बाहेक; समुच्चित चित्रकलाहरु (कोलाज), ढुङ्गा टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र वा आकृतिहरू (मोजेक्स) र यस्तै अलङ्कृत बुट्टा भरेको पाताहरू (प्लाक्स्)।	
		-१०० वर्ष अवधि नाघेका:	
	९७०१.२१.००	-- हस्तकलाका रङ्गीन चित्रहरू, रेखा चित्रहरु र रङ्गीन पेन्सिलले बनाएका चित्रहरु (पास्टेल्स)	१०
	९७०१.२२.००	--ढुङ्गा टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र वा आकृतिहरू (मोजेक्स)	१०
	९७०१.२९.००	--अन्य	१०
		-अन्य:	
	९७०१.९१.००	--हस्तकलाका रङ्गीन चित्रहरू, रेखा चित्रहरु र रङ्गीन पेन्सिलले बनाएका चित्रहरु (पास्टेल्स)	१०
	९७०१.९२.००	--ढुङ्गा, टायल वा काँचका रङ्गीन टुक्राहरू जोडी बनाइएका चित्र	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		वा आकृतिहरू (मोजेक्स)	
	९७०१.९९.००	--अन्य"	१०
		(३३९) शीर्षक ९७.०२ को सट्टा देहायको शीर्षक तथा उपशीर्षकहरू राखिएका छन्:-	
"९७.०२		मौलिक उत्कीर्णन चित्रहरु (इन्ग्रेभिङ्गस) मुद्रणहरू (प्रिन्ट्स) र शिलामुद्रणहरू (लिथोग्राफ्स)	
	९७०२.१०.००	-१०० वर्ष अवधि नाघेका	१०
	९७०२.९०.००	-अन्य"	१०
		(३४०) शीर्षक ९७.०३ को सट्टा देहायको शीर्षक तथा उपशीर्षकहरू राखिएका छन्:-	
"९७.०३		जुनसुकै पदार्थमा कुँदिएका मौलिक शिल्पकारिताका कृतिहरु (स्कल्पचर) र मूर्तिकलाहरु (स्टाच्युअरी)।	
	९७०३.१०.००	-१०० वर्ष अवधि नाघेका	१०
	९७०३.९०.००	-अन्य"	१०
		(३४१) शीर्षक ९७.०५ को सट्टा देहायको शीर्षक तथा उपशीर्षकहरू राखिएका छन्:-	
"९७.०५		पुरातात्त्विक, मानवजाति शास्त्र, ऐतिहासिक, प्राणी विज्ञान, वनस्पति शास्त्र, खनिज विज्ञान, शरीर रचना सम्बन्धी, जीवाश्म विज्ञान र मुद्रा सम्बन्धी	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		सङ्ग्रहहरू र सङ्ग्रहकर्ताका रुचिका वस्तुहरू	
	९७०५.१०.००	- पुरातात्त्विक, मानवजाति शास्त्र वा ऐतिहासिक सङ्ग्रहहरू र सङ्ग्रहकर्ताका रुचिका वस्तुहरू	१०
		-प्राणी विज्ञान, वनस्पति शास्त्र, खनिज विज्ञान, शरीर रचना सम्बन्धी र जीवाश्म विज्ञान सम्बन्धी सङ्ग्रहहरू र सङ्ग्रहकर्ताका रुचिका वस्तुहरू:	
	९७०५.२१.००	--मानव नमूनाहरू र तिनका अङ्गहरू	१०
	९७०५.२२.००	--दुर्लभ वा लोपोन्मुख प्रजातिहरू र तिनका अङ्गहरू	१०
	९७०५.२९.००	--अन्य	१०
		-मुद्रा सम्बन्धी सङ्ग्रहहरू र सङ्ग्रहकर्ताका रुचिका वस्तुहरू:	
	९७०५.३१.००	--१०० वर्ष अवधि नाघेका	१०
	९७०५.३९.००	--अन्य"	१०
		(३४२) शीर्षक ९७.०६ को सट्टा देहायको शीर्षक तथा उपशीर्षकहरू राखिएका छन्:-	
"९७.०६		१०० वर्ष अवधि नाघेका पुरातात्त्विक वस्तुहरु ।	
	९७०६.१०.००	-२५० वर्ष अवधि नाघेका	१०
	९७०६.९०.००	-अन्य"	१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि यस अनुसूचीको दफा २ देखि २२ सम्म लेखिएका कुराको हकमा सोही बमोजिम हुनेछ।

२. **<u>यात्रुले ल्याउने मालवस्तु सम्बन्धमाः</u>** यात्रुले भन्सार महसुल छुटमा ल्याउन पाउने मालवस्तु बाहेक यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा दरबन्दी अनुसार महसुल लाग्नेछ।

तर,

(१) विदेशबाट फर्केका यात्रुले आफ्नो साथमा ल्याएको सुन तथा सुनका गहनामा देहाय बमोजिम महसुल लाग्नेछः

(अ) सुनको हकमाः-

(क) पहिलो पचास ग्रामसम्म प्रति दश ग्राम नौ हजार पाँच सय रुपैयाँ।

(ख) पचास ग्रामभन्दा बढी थप पचास ग्रामसम्म प्रति दश ग्राम दश हजार पाँच सय रुपैयाँ।

(आ) सुनको गहनाको हकमाः-

(क) पचास ग्रामसम्म सुनका गहनामा कुनै महसुल लाग्ने छैन।

(ख) पचास ग्रामभन्दा बढी थप सय ग्रामसम्म सुनका गहनामा प्रति दश ग्राम दश हजार पाँच सय रुपैयाँ।

(ग) उपखण्ड (ख) मा तोकिएको परिमाणभन्दा बढी थप सय ग्रामसम्म सुनका गहनामा प्रति दश ग्राम बाह्र हजार रुपैयाँ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (१) को उपखण्ड (अ) वा (आ) मा उल्लेख भएभन्दा बढी परिमाणमा सुन तथा सुनका गहना पैठारी गरेमा बढी भएको परिमाण जति जफत गरिनेछ।

(३) विदेशी यात्रुले आफ्नो साथमा ल्याउन पाउने पचास ग्रामसम्म सुनको गहना र सय ग्रामसम्म चाँदीका गहनाभन्दा बढी निजी प्रयोगका सुन तथा चाँदीका गहना पछि फिर्ता लैजाने गरी भन्सार बिन्दुमा घोषणा गरेमा त्यस्तो गहना परीक्षण गरी सो गहनाको मूल्यको बीस प्रतिशत रकम धरौटी राखी ल्याउन दिइनेछ।

त्यसरी ल्याएको गहना निज यात्रु फिर्ता जाँदा भन्सार बिन्दुमा परीक्षण गराई त्यस्तो गहना ल्याउँदा राखेको धरौटी रकम फिर्ता लैजान सक्नेछ। त्यसरी परीक्षण गर्दा घोषणा गरेभन्दा फरक गुणस्तर तथा परिमाण भएको प्रमाणित भएमा भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) बमोजिम कसूर गरेको मानी सजाय हुनेछ।

(४) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धमा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिए बमोजिम नेपाली यात्रुले ल्याउने टेलिभिजनमा दरबन्दी अनुसार महसुल लाग्नेछ।

तर वैदेशिक रोजगारमा गई कम्तीमा लगातार बाह्र महिना काम गरी आउने नेपाली नागरिकलाई एक पटकको लागि अभिलेख राखी निजले साथमा ल्याएको एउटा जुनसुकै प्रकारको बत्तीस इञ्चसम्मको टेलिभिजनमा लाग्ने सम्पूर्ण कर महसुल छुट दिइनेछ। सो भन्दा बढी इञ्चको टेलिभिजन ल्याएमा उक्त छुट सुविधा दिइने छैन।

३. **<u>भारतबाट हुने पैठारीमा महसुल छुट हुने:</u>** भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र प्रतीतपत्रको माध्यमद्वारा पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा पाँचदेखि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तीस प्रतिशतसम्मको दरमा पाँच प्रतिशत र सोभन्दा बढीका दरमा तीन प्रतिशत छुट दिइनेछ।

४. **चीनको तिब्बतबाट हुने पैठारीमा महसुल छुट हुनेः** जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु चीनको स्वशासित क्षेत्र तिब्बतबाट स्थल मार्ग हुँदै नेपालभित्र प्रतीतपत्रको माध्यमबाट पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा पाँचदेखि तीस प्रतिशतसम्मको दरमा पाँच प्रतिशत र सोभन्दा बढीका दरमा तीन प्रतिशत छुट दिइनेछ।

५. **विदेशी मुद्रा प्राप्तिको कागजात पछि पेश गर्न सकिनेः** दश हजार अमेरिकी डलर मूल्यसम्मका नेपालमा उत्पादन भएका मालवस्तुहरू निकासी गर्दा निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा उक्त कागजात पछि पेश गर्ने शर्तमा प्राप्त भुक्तानीको कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न दिइनेछ । निकासीकर्ताले निकासी गरेको छ महिनाभित्र विदेशी मुद्रा भुक्तानी प्राप्तिको कागजात वा निकासी भएको मालवस्तु फिर्ता आएको भए सोको प्रमाण पेश गर्नु पर्नेछ । उक्त अवधिभित्र भुक्तानीको कागजात वा निकासी भएको मालवस्तु फिर्ता आएको प्रमाण पेश नगरेमा भन्सार अधिकृतले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

६. **साफ्टा सम्झौता र संवेदनशील सूचीमा परेका मालवस्तु सम्बन्धमाः** यस अनुसूचीको दफा १९ मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तु र यस अनुसूचीको दफा २० मा उल्लिखित मालवस्तु बाहेक सार्क मुलुकमा उत्पादित अन्य मालवस्तु त्यस्तो मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकको उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएको बिल बीजक सहित सोही मुलुकबाट साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहित पैठारी भएमा संवत् २०६२ साल पुस १७ गते कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछः-

संवत् २०६२ साल पुस १७ गते कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	६%
१५%	७.२५%
२५%	९.५%
३५%	११.२५%
४०%	११.२५%
८०%	११.२५%

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी यस दफामा उल्लेख भएको भन्दा यस ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दर बमोजिम महसुल असुल गरिनेछ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ।

(३) संवत् २०६२ साल पुस १७ गते कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका, यस अनुसूचीको दफा १९ र दफा २० मा नपरेका उपशीर्षकहरूमा उल्लिखित मालवस्तु यस दफा बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा यसै दफामा उल्लिखित सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) साफ्टा उत्पत्तिको प्रमाणपत्र, उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएको बीजक, प्रतीतपत्र लगायतका कागजातमा उल्लेख भएको उपशीर्षक र भन्सार कार्यालयमा घोषित वा भन्सार अधिकृतले यकिन गरेको उपशीर्षकको पहिलो ६ अङ्क फरक परेमा यस दफा बमोजिम भन्सार महसुल दरमा आंशिक छुट दिइने छैन।

७. **साफ्टा सम्झौता बमोजिमका मालवस्तुमा महसुलः** सार्क मुलुकमा उत्पादित यस अनुसूचीको दफा २० मा उल्लिखित उपशीर्षकका मालवस्तु त्यस्तो मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकको उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएका बिल बीजक सहित सोही मुलुकबाटै साफ्टा सम्झौता बमोजिम साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा संवत् २०६७ साल कात्तिकमा कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछ। संवत् २०६७ साल कार्तिकमा कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका, यस अनुसूचीको दफा १९ र दफा २० मा नपरेका उपशीर्षकमा उल्लिखित मालवस्तु यस दफा बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा यसै दफामा उल्लिखित सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर लाग्नेछः-

संवत् २०६७ साल कात्तिकमा कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	९%
१५%	१४%
२०%	१८.५%
२५%	२२%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०%	२७.५%
८०%	३०%

तर,

(१) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी यस दफामा उल्लेख भएको भन्दा यस ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दर बमोजिम महसुल असुल गरिनेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ।

(३) साफ्टा उत्पत्तिको प्रमाणपत्र, उत्पादक वा निजको आधिकारिक वितरकबाट जारी भएको बिल बीजक, प्रतीतपत्र लगायतका कागजातमा उल्लेख भएको उपशीर्षक र भन्सार कार्यालयमा घोषित वा भन्सार अधिकृतले यकिन गरेको उपशीर्षकको पहिलो ६ अङ्क फरक परेमा यस दफा बमोजिम भन्सार महसुल दरमा आंशिक छुट दिइने छैन।

८. **दोहोरो छुट नपाइने:** यस अनुसूचीमा उल्लेख भए बमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिनेछ।

९. **पुराना सवारी साधन र यन्त्र उपकरणमा ह्रासकट्टी गरी मूल्य कायम गर्ने:** (१) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य सङ्घ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल छुटमा पैठारी भएका सवारी साधन तथा यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन तथा यन्त्र उपकरणको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गर्नेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(२) उपदफा (१) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छुटमा व्यक्तिगत रूपमा पैठारी भएका सवारी साधन अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले अधिकतम पाँच वर्षको (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ।

तर एक वर्षभन्दा कम हुन आउने अवधिलाई ह्रासकट्टी प्रयोजनका लागि गणना गरिने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम पैठारी भएको सवारी साधनको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनको मूल्यभन्दा धेरै कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम सवारी साधनमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र पैठारी हुनुपूर्व विदेशमा व्यतीत भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कूटनीतिक निकायबाट गरेको सवारी साधनको बिक्रीलाई लिलाम गरे सरह मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **मालवस्तुको हवाई भाडा सम्बन्धमा:** (१) हवाईमार्गबाट व्यापारिक रूपमा पैठारी गरिने मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले मालवस्तुको मूल्य, भाडा तथा बीमा रकम छुट्टाछुट्टै घोषणा गर्नु पर्नेछ। पैठारीकर्ताले घोषणा गरेको भाडा रकम र एयर वे बिलमा उल्लिखित भाडा रकममध्ये जुन बढी हुन्छ सोही भाडा रकमलाई समावेश गरी मूल्य निर्धारण गरिनेछ। एयर वे बिलमा भाडा रकम उल्लेख नभएको र पैठारीकर्ताले घोषणा गरेको भाडा रकम वास्तविक भाडा रकमभन्दा कम भएमा भन्सार अधिकृतले उक्त मालवस्तु हवाईमार्गबाट पैठारी गर्दा लाग्न सक्ने अनुमानित भाडा रकम समेत समायोजन गरी मूल्य निर्धारण गर्नु पर्नेछ। हवाईमार्गबाट मालवस्तु पैठारी गर्दा लाग्ने भाडा रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट लिन सक्नेछ। त्यसरी भन्सार अधिकृतले मालवस्तुमा लागेको वा लाग्न सक्ने भाडा रकमको जानकारी मागेको बखत त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवा प्रदायकको कर्तव्य हुनेछ।

तर एयर वे बिलमा उल्लिखित भाडा रकम र सम्बन्धित हवाई सेवा प्रदायकले वास्तविक रूपमा असुल गरेको भाडा रकम फरक भएमा सम्बन्धित हवाई सेवाले वास्तविक भाडा रकम असुल गरी जारी गरेको नगदी रसिदलाई मान्यता दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महानिर्देशकले हवाई भाडा तोकेकोमा सोही बमोजिम हुनेछ।

११. **निर्यात हुने वस्तुको कच्चा पदार्थ नगद धरौटीमा पैठारी गर्न सकिने:** बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैङ्किङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क देहायका शर्त र प्रक्रियाका अधीनमा रही नगद धरौटी राखी पैठारी गर्न पाउनेछ र नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र नगद धरौटी राखी पैठारी गर्न दिइनेछ।

(क) उद्योगले यस दफा बमोजिम कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क धरौटीमा जाँचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढाँचामा भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त निवेदनको आधारमा पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुल वा कृषि सुधार शुल्क बापतको रकम धरौटी राखी जाँचपास गरिनेछ। कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा वा निकासी प्रक्रिया पूरा गरेपछि सोको विवरण पैठारीकर्तालाई दिइने पासबुकमा स्पष्टसँग उल्लेख गर्नु पर्नेछ।

(ग) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी मालवस्तु बाह्र महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा नेपाल सरकारबाट आंशिक वा पूर्ण रूपमा महसुल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र यस दफा बमोजिमको सुविधा प्रदान गरिनेछ।

(ङ) उद्योगले निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गरेमा सोको प्रमाण, बैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी भएको भए सो बापत मालवस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढाँचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि खण्ड (ग) बमोजिमको अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ।

तर बन्द, हड्ताल, विपद् वा अन्य यस्तै काबुबाहिरको परिस्थिति परी खण्ड (ग) बमोजिमको अवधिभित्र तयारी मालवस्तु निकासी गर्न वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्न वा विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकेको व्यहोरा जनाई भन्सार कार्यालयका प्रमुख समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले बढीमा छ महिनासम्मको म्याद थप गर्न सक्नेछ।

(च) खण्ड (ङ) बमोजिमको अवधिभित्र दिएको निवेदनको व्यहोरा मनासिब देखिएमा भन्सार कार्यालयका प्रमुखले कागजात पेश भएको एक महिनाभित्र धरौटी फिर्ता गर्नु पर्नेछ। त्यसरी धरौटी फिर्ता भएको विवरण पासबुकमा जनाई दिनु पर्नेछ।

(छ) उद्योगले यस दफा बमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार महसुल वा कृषि सुधार शुल्क फुकुवा भएको धरौटी रकम मिलान गरी पासबुकमा जनाइनेछ।

तर उद्योगले त्यस्तो फुकुवा भएको धरौटी रकम फिर्ता माग गरेमा फुकुवा भएजतिको रकम तत्काल फिर्ता दिइनेछ।

(ज) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको अवस्थाको कारोबार मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ।

(झ) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित मालवस्तु शर्त बमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै खण्ड (ग) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी त्यस्तो बिक्री गरे जतिको हकमा नियम अनुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको दश प्रतिशत जरिबाना समेत पैठारीकर्ताबाट असुल गरिनेछ।

१२. **<u>सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) सवारी वा ढुवानीका साधन पैठारी गर्दा देहायका शर्तहरू पालना गर्नु पर्नेछः-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधन नेपालस्थित आधिकारिक बिक्रेताले मात्र पैठारी गर्न पाउनेछ।

(ख) रिकण्डीसन्ड, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र नपर्ने सवारी वा ढुवानीका साधन पैठारी गर्न पाइने छैन। यस्ता साधन कसैले पैठारी गरेमा जफत हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनको पैठारीकर्ताले एक वर्षमा तीन पटक (प्रत्येक चार महिनामा) त्यस्ता साधनको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

(घ) पैठारी भएका सवारी वा ढुवानीका साधनको खण्ड (ग) बमोजिम अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने पैठारीकर्ताको भन्सार विभागले पैठारी तथा बिक्री कारोबार रोक्का राखी छानबिन गर्न सक्नेछ।

(ङ) खण्ड (क) मा उल्लिखित शर्त उल्लङ्घन गरी सवारी वा ढुवानीका साधन पैठारी गरेमा त्यस्ता सवारी तथा ढुवानी साधन जफत गर्नु पर्नेछ।

तर,

(१) सरकारी निकाय, कूटनीतिक वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय, ऋण तथा अनुदान सहयोगमा सञ्चालित सरकारी आयोजनाले पैठारी गर्ने सवारी तथा ढुवानीका साधन तथा अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा खण्ड (क) को व्यवस्था लागू हुनेछैन।

(२) दमकल (बारुणयन्त्र) पैठारी गर्दा खण्ड (क) तथा (ख) को व्यवस्था लागू हुने छैन।

(३) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरेको नेपाली नागरिक आफ्नो कार्यकाल समाप्त भई नेपाल फर्कंदा निजले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन नेपाल सरकार, वन तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरण मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछ। तर दफा ९ बमोजिमको हासकट्टी सुविधा दिइने छैन ।

(४) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको एम्बुलेन्स; शीर्षक ८७.०१ अन्तर्गत पर्ने ट्याक्टर र शीर्षक ८७.०५ मा पर्ने खास उद्देश्यका मोटरगाडी पैठारी गर्दा यस उपदफाको खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(५) नेपालले आयोजना गर्ने अन्तर्राष्ट्रिय वा क्षेत्रीय महत्त्वको सभा सम्मेलनको प्रयोजनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्ले निर्णय गरी पैठारी गर्ने नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधनको हकमा खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(६) नेपालस्थित विदेशी कूटनीतिक नियोगमा कार्यरत कूटनीतिक पदाधिकारीले प्रयोग भइसकेका सवारी साधन पैठारी गर्न चाहेमा पारस्परिकताको आधारमा पैठारी गर्न दिन परराष्ट्र मन्त्रालयले सिफारिस गरेको अवस्थामा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र पर्ने सवारी साधन पछि आफ्नो कार्य अवधि समाप्त भएपछि फिर्ता लैजाने शर्तमा पैठारी गर्न दिन सकिनेछ।

(७) यस अनुसूची बमोजिम वा नेपाल सरकारको निर्णयद्वारा पूर्ण वा आंशिक भन्सार महसुल छुट दिइएको व्यक्ति वा संस्था वा निकायले सवारी साधन निर्माता कम्पनी वा निजको आधिकारिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिक्रेताबाट खरिद गरी पैठारी गर्दा खण्ड (क) को व्यवस्था लागू हुने छैन।

(२) कार्नेट अन्तर्गत पर्यटकले ल्याएका व्यक्तिगत प्रयोगका सवारी साधन र त्यस्तो साधनसँग सम्बद्ध मालवस्तु नेपालभित्र अस्थायी रूपमा प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक पटक गरी जम्मा छ महिनाको अवधिसम्म नेपालभित्र राख्न पाउनेछ। त्यसरी नेपालमा राखेको अवधिभर कुनै महसुल लाग्ने छैन। दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि वर्कसपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवस्थामा भने त्यस्तो अवधि कार्नेटमा तोकिदिएको अवधिमा गणना हुने छैन। यसरी कार्नेट अन्तर्गत पैठारी भएका सवारी साधनहरू दान, दातव्य वा उपहार दिन वा बिक्री गर्न पाइने छैन। कार्नेटमा जनाई नेपाल प्रवेश गराइएको सवारी साधन छ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी भएका मोटरकार, स्टेशन वाइगन, जीप, बस, ट्रक, ट्रयाक्टर र तिनका ट्रेलर, लहरी, भ्यान, तीन पाङ्ग्रे साधन र मोटरसाइकल जस्ता साधन समेतमा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा देहाय बमोजिम एकमुष्ट समदरमा भन्सार महसुल लगाई असुल गरिनेछः-

(क) ट्रयाक्टरमा प्रतिदिन चार सय रूपैयाँ, ट्रेलर फिट भएको ट्रयाक्टरमा वा ट्रेलर मात्रमा प्रति दिन सात सय रूपैयाँ।

तर मालवस्तु बोकी ल्याएका ट्रेलर सहितको ट्रयाक्टर अठ्चालीस घण्टाभित्र रित्तै फर्की गएमा सो ट्रयाक्टरको महसुल लिइने छैन। यसरी पैठारी गरी ल्याएको ट्रयाक्टर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ट्रेलर वा ट्रेलर सहितको ट्रयाक्टर तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन।

(ख) कार्नेट नभएका सवारी साधनमध्ये कार, जीप र भ्यानमा दैनिक पाँच सय रूपैयाँ, बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक पाँच सय रूपैयाँ, मोटरसाइकल तथा स्कुटरमा दैनिक एक सय पचास रूपैयाँ र तीनपाङ्ग्रे सवारी साधनमा दैनिक चार सय रूपैयाँ महसुल तिरी अस्थायी पैठारी भएका सवारी साधन एक वर्षमा तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन।

तर,

(१) यसरी पैठारी भएका सवारी साधन नजिकको बजारसम्म पुगी प्रवेश गरेकै दिन फर्कने भएमा कुनै महसुल लाग्ने छैन।

(२) नेपालसँग भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम अस्थायी पैठारी हुने सवारी साधनको सम्बन्धमा सोही सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) चलचित्र छायाङ्कन, शैक्षिक प्रदर्शनी तथा सामाजिक जनचेतना अभिवृद्धिका निमित्त संयन्त्र जडित भई आउने विशेष प्रकारका सवारी साधनको लागि यस खण्डमा उल्लिखित समयावधिले अपुग हुने भई सम्बन्धित कार्यालय प्रमुखको राय सहित लेखी आएमा महानिर्देशकले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियम अनुसारको महसुल लिई बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ।

(ग) मालवस्तुको परिवहनको लागि अस्थायी पैठारी हुने ट्रयाक्टर बाहेकका ट्रेलर, ट्रक र अन्य गाडीलाई एक पटकमा सात दिनसम्म प्रति दिन एक हजार सात सय रूपैयाँ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधन अनिवार्य रूपमा फिर्ता लैजानु पर्नेछ। खण्ड (क), (ख) र (ग) मा उल्लिखित साधन प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा झुट्टा विवरण दिई नेपालभित्र बसेको ठहरेमा जफत गर्न सकिनेछ। फिर्ता लैजाने क्रममा मनासिब कारण भई बढी अवधि बसेको त्यस्तो साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको मोटरसाइकल र स्कुटरमा दैनिक एक हजार दुई सय रूपैयाँका दरले र अन्य साधनमा दैनिक दुई हजार पाँच सय रूपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ।

(ङ) विदेशबाट एल.पी. ग्याँस बोकी ल्याउने मालबाहक कन्टेनर (बुलेट) लाई गन्तव्य स्थलमा अनलोड गर्नका लागि छयानब्बे घण्टासम्म अस्थायी पैठारी महसुल लाग्ने छैन।

(च) विदेशबाट एल.पी. ग्याँस बाहेक अन्य मालवस्तु ढुवानी गरी ल्याएको ट्रक र मालवस्तु सहितको कन्टेनर बोकी ल्याएको ट्रेलरलाई सो मालवस्तु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गन्तव्य स्थलमा अनलोड गर्नको लागि र रित्तो कन्टेनर लिई आएको ट्रेलरलाई भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्नका निमित्त बहत्तर घण्टासम्म अस्थायी पैठारी महसुल लाग्ने छैन।

(छ) विदेशबाट मालवस्तु ढुवानी गरी नेपाल प्रवेश गरेका ट्रक र मालवस्तु सहितको कन्टेनर बोकी आएको ट्रेलर र रित्तो ट्रक वा रित्तो कन्टेनर सहित आएको ट्रेलरले भन्सार क्षेत्र बाहिरबाट मालवस्तु लोड गरी अठ्चालीस घण्टाभित्र फर्केमा एक दिनको मात्र अस्थायी पैठारी महसुल लाग्नेछ। त्यस्तो साधन अठ्चालीस घण्टापछि भन्सार क्षेत्र बाहिरबाट मालवस्तु लोड गरी फर्केमा प्रति दिन दुई हजार तीन सय रुपैयाँका दरले अस्थायी पैठारी महसुल लाग्नेछ।

(ज) खण्ड (ङ), (च) र (छ) मा उल्लिखित ढुवानीसँग सम्बन्धित साधनहरू तत् तत् खण्डमा उल्लिखित समयावधिभित्र बन्द, हड्ताल, विपद्, दुर्घटना जस्ता कारणले फिर्ता हुन नसकी अस्थायी महसुल लाग्ने अवस्था भएमा भन्सार कार्यालयको प्रमुखले बढीमा अर्को तीन दिनसम्मको म्याद थप्न सक्नेछ र यसरी थपिएको अवधिको महसुल लाग्ने छैन।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ। अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले महसुल अपुग हुने भए सो रकम असुल गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधन जफत गरिनेछ।

(५) शीर्षक ८७.०२ को प्रयोजनका लागि सिट सङ्ख्या गणना गर्नु पर्दा नियमित सिट र ड्राइभर सिट गणना गरिनेछ।

तर कण्डक्टर सिट एवं अन्य अतिरिक्त सिट तथा फोल्डिङ्ग सिटलाई गणना गरिने छैन।

(६) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरूले महसुल सुविधामा पैठारी गरेका पाँच वर्षभन्दा पुराना गाडी र यन्त्र उपकरण लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन।

तर भन्सार ऐन, २०६४ बमोजिम जफत भई नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा पाँच वर्षको बन्देज लागू हुने छैन।

(७) अस्थायी पैठारी भएका सवारी तथा ढुवानीका साधन दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा कब्जामा रहेको व्यहोरा सम्बन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा सो अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने महसुल मूल भन्सार कार्यालयको प्रमुखले मिन्हा दिन सक्नेछ।

(८) कुनै विदेशी यात्रुले सवारी साधन सहित नेपाल प्रवेश गर्दा यस दफा बमोजिम महसुल बुझाउन छुट भएको र निजले पछि कुनै भन्सार कार्यालयमा स्वयं उपस्थित भई महसुल बुझाउन निवेदन दिएमा भन्सार अधिकृतले जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा पच्चीस हजार रुपैयाँ जरिबाना र लाग्ने महसुल लिई त्यस्तो सवारी साधन विदेश फिर्ता लैजान दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर,

(क) यस्तो सवारी साधन नेपाल प्रवेश गरेको मितिले सात दिनभित्रको हुनु पर्नेछ।

(ख) कुनै पनि व्यक्ति वा निकायबाट पक्राउ गरी भन्सार कार्यालयमा मुद्दाको रूपमा पेश भएको हुनु हुँदैन।

(९) नेपालमा खानेपानी तथा सिँचाई कार्यको लागि भूमिगत पानी निकाल्न पैठारी गरिने बोरिङ मेशिन जडित ढुवानीका साधन अस्थायी पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा एकमुष्ट समदरमा भन्सार महसुल प्रति दिन तीन हजार रुपैयाँ लाग्नेछ। त्यसरी पैठारी गरेको बोरिङ मेशिन जडित त्यस्ता ढुवानीका साधन छ महिनाभन्दा बढी नेपालमा राख्न पाइने छैन। सो अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपालभित्र झुट्टा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ। फिर्ता लैजाने क्रममा मनासिब कारण भई बढी अवधि बसेको त्यस्तो साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको दैनिक पाँच हजार रूपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ।

१३. **भन्सार महसुल सुविधामा पैठारी भएका मालवस्तु सम्बन्धी विशेष व्यवस्थाः** (१) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले कूटनीतिक वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन, यन्त्र उपकरण एवं मालवस्तु पैठारी गरेको मितिले पाँच वर्ष पुगेपछि बिक्री गरेमा वा उपहार दिएमा यस अनुसूची बमोजिम लाग्ने कुल भन्सार महसुलको साठी प्रतिशत छुट हुनेछ। कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्र उपकरण तथा मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एक पटक मात्र दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने मालवस्तुका सम्बन्धमा देहाय बमोजिम हुनेछः-

(क) सवारी र ढुवानीका साधन, निर्माण यन्त्र तथा उपकरण समेतको सम्बन्धमाः-

(अ) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधीनमा रही सरकारी वा निजी क्षेत्रबाट सञ्चालित आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी हुने निर्माण यन्त्र तथा उपकरण तथा सरकारी आयोजना वा सोसँग सम्बन्धित विदेशी ठेकेदार वा विदेशी ठेकेदार र नेपाली ठेकेदारको संयुक्त उपक्रमका नाममा पैठारी हुने सवारी तथा ढुवानी साधनमा लाग्ने महसुल बापतको रकम बैङ्क ग्यारेण्टी लिई अस्थायी पैठारी गर्न दिइनेछ। त्यसरी बैङ्क ग्यारेण्टी लिई अस्थायी पैठारी गर्न दिइने आयोजनाको लागि नभई नहुने मालवस्तुको विवरण भएको माष्टर लिष्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतबाट स्वीकृत भएको हुनु पर्नेछ।

तर वैदेशिक अनुदानमा सञ्चालित आयोजनाको हकमा सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही सम्बन्धित मन्त्रालयको सचिव वा विकास साझेदारबाट भएको सिफारिसका आधारमा आयोजनाको लागि आवश्यक निर्माण उपकरण, यन्त्र र सवारी तथा ढुवानी साधन आयोजनाको समाप्ति पछि अनिवार्य रूपमा फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न अनुमति दिन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकिनेछ। त्यसरी पैठारी भएको मालवस्तु नेपालमा कसैलाई बिक्री वा दान गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

(आ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधन, निर्माण यन्त्र तथा उपकरण पैठारी गर्दा प्रज्ञापनपत्रमा नेपालभित्र रहने अवधि उल्लेख गरी जाँचपास गर्नु पर्नेछ। निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनु पर्नेछ। सो आधारमा भन्सार विभागले सम्बन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ।

(इ) उपखण्ड (अ) बमोजिम पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नवीकरण गरिने छैन। पैठारीकर्ताले यसरी दर्ता भएको सवारी तथा ढुवानी साधनको सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी दर्ता भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ।

(ई) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले वा करार सम्झौता (ठेक्का सम्झौता) रद्द भएको मितिले तीन महिनाभित्र उपरोक्त अनुसारका मालवस्तु फिर्ता लगिसक्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "आयोजना सम्पन्न भएको मिति" भन्नाले सम्झौतामा उल्लेख भए अनुसारको डिफेक्ट लायाबिलिटि पिरियड वा मर्मत अवधि (मेन्टिनेन्स पिरियड) सम्झनु पर्छ।

(उ) उपखण्ड (ई) बमोजिम मालवस्तु फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै प्रचलित कानून बमोजिम लाग्ने महसुल बुझाउनु पर्नेछ। त्यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी र ढुवानी साधन, निर्माण यन्त्र तथा उपकरण जफत गरिनेछ र अस्थायी पैठारी गर्दा राखेको बैङ्क जमानतबाट लाग्ने महसुल बराबरको रकम समेत राजस्वमा आम्दानी बाँधिनेछ।

(क) उपखण्ड (उ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित कुनै परियोजनाको प्रयोजनको लागि बैङ्क जमानत राखी पैठारी गरेको सवारी वा ढुवानीको साधन वा निर्माण यन्त्र तथा उपकरण परियोजना सम्पन्न भएको वा सम्झौता रद्द भएको मितिले पैँतीस दिनभित्र सरोकारवाला वा सम्बन्धित परियोजनले सम्बद्ध कार्यालयलाई लिखित रूपमा जानकारी दिनु पर्नेछ ।

(ख) माथि (क) बमोजिम जानकारी प्राप्त भएको मितिले नब्बे दिनभित्र सम्बन्धित भन्सार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयले प्रचलित कानून बमोजिम लाग्ने महसुल लिई त्यस्ता सवारी साधन वा ढुवानीको साधन वा निर्माण यन्त्र वा उपकरण फिर्ता दिनु पर्नेछ ।

तर सम्बन्धित सरोकारवाला कम्पनी वा निजको तर्फबाट जमानत दिने फर्म, कम्पनी वा परियोजनाले ९० दिनभित्र लिन नआएमा सो वापत राखेको बैङ्क जमानत जफत हुनेछ ।

(ग) माथि (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै परियोजनाको प्रयोजनको लागि बैङ्क जमानत राखी पैठारी गरेको सवारी तथा ढुवानीको साधन वा निर्माण यन्त्र तथा उपकरण सम्बन्धित भन्सार कार्यालयले लिलाम नगरेको भए त्यस्ता सवारी तथा ढुवानीको साधन वा निर्माण यन्त्र तथा उपकरण एक पटकको लागि संवत् २०७९ पुस मसान्तसम्म सम्बन्धित सरोकारवाला कम्पनी वा निजको तर्फबाट जमानत दिने फर्म वा कम्पनीले प्रचलित कानून बमोजिम भन्सार महसुल तिरी लैजान सक्नेछन् । यसरी लैजादा थप दस्तुर, ब्याज वा जरिबाना लाग्ने छैन।

(ङ) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको मालवस्तु फिर्ता नलगी वा महसुल नतिरेसम्म त्यस्तो ठेकेदारले अर्को परियोजनाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि सवारी साधन, यन्त्र उपकरण एवं मालवस्तुहरू पैठारी गर्न पाउने छैन।

(ख) <u>आयोजनामा खपत हुने मालवस्तुका सम्बन्धमाः-</u>

वैदेशिक ऋण वा अनुदानमा सञ्चालित तथा लगानी बोर्डले स्वीकृत गरेका आयोजनामा खपत हुने मालवस्तुमा लाग्ने महसुल छुटका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्दा देहायका विषय सहित त्यस्ता मालवस्तुको विवरण भएको माष्टर लिष्ट सम्बन्धित निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतले स्वीकृत गरेको हुनु पर्नेछः-

(१) वैदेशिक ऋण वा अनुदान वा लगानी बोर्डबाट स्वीकृत लगानी सम्बन्धी सम्झौतामा भएको कर छुटको प्रावधान स्पष्ट खुलेको हुनु पर्ने,

(२) आयोजनाको दर विश्लेषण तथा लागत अनुमानमा माष्टर लिष्टमा समावेश भएको वस्तुको कर बाहेकको मूल्य खुलेको हुनु पर्ने,

(३) सम्झौता अङ्कको कति मूल्यको मालवस्तु पैठारी हुने हो सो खुलेको हुनु पर्ने,

(४) माष्टर लिष्टमा उल्लिखित मालवस्तुहरुमध्ये कुन नेपालमा खरिद गर्ने हो र कुन पैठारी गर्ने हो सो स्पष्ट रूपमा खुलाउनु पर्ने,

(५) स्वीकृत माष्टर लिष्ट संशोधन भए संशोधन गर्नु पर्नाको आधार र कारण खुलाउनु पर्ने।

(ग) खण्ड (क) र (ख) मा उल्लिखित माष्टर लिष्टमा मालवस्तुको नाम, एकाइ, प्रति एकाइ मूल्य, जम्मा मूल्य (सि.आई.एफ., सि.आई.पी., एफ.ओ.वि., एक्स वर्कस् डब्लु वा अन्य), मुद्रा, वस्तु वर्गीकरणको उपशीर्षक, उत्पत्तिको मुलुक, आयोजना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा पैठारीकर्ताको नाम र आयोजना सम्पन्न हुने मिति समेत स्पष्ट रूपमा खुलाइएको हुनु पर्नेछ।

(घ) खण्ड (क) र (ख) मा उल्लिखित स्वीकृत मास्टर लिस्टमा पर्ने मालवस्तुको प्रति एकाइ मूल्य सो मास्टर लिस्टमा उल्लेख भएको भन्दा पच्चीस प्रतिशतसम्म घटी भएमा समेत सो मूल्यलाई मान्यता दिइनेछ । मालवस्तुको प्रति एकाइ मूल्य पच्चीस प्रतिशतभन्दा बढी घट्न गएमा मास्टर लिस्ट संशोधन गरी त्यस्तो मूल्य समायोजन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुविधामा पैठारी भएको मालवस्तु जुन आयोजनाको लागि पैठारी भएको हो सोही आयोजनामा मात्र प्रयोग गर्न पाइनेछ। नेपाल सरकारले स्वीकृति दिएको अवस्थामा बाहेक तोकेको आयोजनाभन्दा अन्यत्र प्रयोग भएको पाइएमा खपत हुने मालवस्तुको हकमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल र सो महसुल बराबर जरिबाना हुनेछ। खपत नहुने सवारी साधन, मेशिनरी यन्त्र, उपकरण लगायतका मालवस्तुको हकमा त्यस्ता मालवस्तु जफत गरिनेछ र महसुल बापत बैङ्क ग्यारेण्टी राखेको भए त्यस्तो बैङ्क ग्यारेण्टीबाट लाग्ने महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

(४) उपदफा (२) बमोजिम महसुल नबुझाएका वा सो उपदफामा उल्लिखित म्यादभित्र फिर्ता नलगेका सवारी र ढुवानीका साधन, निर्माण उपकरण तथा यन्त्रको यथार्थ सूचना दिई कब्जा गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुने रकमको दश प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ।

१४. **<u>देहायका मालवस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछः-</u>**

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः**

(क) आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाई.) उत्पादन गर्ने उद्योगले उद्योग विभागले तोकेको हदसम्मका कच्चा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदार्थको खपत अनुपात, स्वदेशमा हुने उपभोग तथा विदेशमा हुने निकासीको आधारमा उद्योगले पैठारी गर्ने उपशीर्षक ३९०७.६१.०० र ३९०७.६९.०० मा पर्ने पेट चिप्स,

(ख) जुट उद्योगले पैठारी गर्ने उपशीर्षक ५३०३.१०.०० र ५३०३.९०.०० मा पर्ने कच्चा जुट,

(ग) नेपाल सरकारले पैठारी गर्ने उपशीर्षक ४९०७.००.२० को हुलाक टिकट, उपशीर्षक ४९०७.००.३० को हवाईपत्र, उपशीर्षक ४९०७.००.४० को राहदानी, उपशीर्षक ४९०७.००.५० अन्तःशुल्क टिकट र उपशीर्षक ४९०९.००.०० को पोष्टकार्ड,

(घ) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन,

(ङ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको उपशीर्षक २७०९.००.०० को कच्चा पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त कच्चा तेल,

(च) भारतमा उत्पादन भई भारतबाटै पैठारी हुने देहायका उपशीर्षकका मालवस्तुः

भाग २५				
२५०२.००.००	२५०४.१०.००	२५०४.९०.००	२५१०.१०.००	२५११.१०.००
२५११.२०.००	२५१३.१०.००	२५१३.२०.००	२५१९.९०.००	२५२१.००.००
२५२५.१०.००	२५२८.००.००			
भाग २६				
२६०१.११.००	२६०१.१२.००	२६०१.२०.००	२६०२.००.००	२६०३.००.००
२६०४.००.००	२६०५.००.००	२६०६.००.००	२६०७.००.००	२६०८.००.००
२६०९.००.००	२६१०.००.००	२६११.००.००	२६१२.१०.००	२६१२.२०.००
२६१३.१०.००	२६१३.९०.००	२६१४.००.००	२६१५.१०.००	२६१५.९०.००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१६.१०.००	२६१६.९०.००	२६१७.१०.००	२६१७.९०.००	
भाग ४४				
४४०१.११.००	४४०१.१९.००	४४०१.२१.००	४४०१.२२.००	४४०१.३१.००
४४०१.३२.००	४४०१.३९.००	४४०२.१०.००	४४०२.२०.००	४४०२.९०.००
४४०३.११.००	४४०३.१२.००	४४०३.२१.००	४४०३.२२.००	४४०३.२३.००
४४०३.२४.००	४४०३.२४.००	४४०३.२६.००	४४०३.४१.००	४४०३.४२.००
४४०३.४९.००	४४०३.९१.००	४४०३.९३.००	४४०३.९४.००	४४०३.९५.००
४४०३.९६.००	४४०३.९७.००	४४०३.९८.००	४४०३.९९.१०	४४०३.९९.९०

(छ) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगले पैठारी गर्ने उपशीर्षक ५४०२.४६.०० को आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.०० र उपशीर्षक ५५०७.००.०० मा पर्ने मानव निर्मित स्टेपुल फाइवर,

(ज) विद्युत, सोलार वा ब्याट्रीबाट मात्र चल्ने दुईपाङ्ग्रे, तीनपाङ्ग्रे वा चारपाङ्ग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफूले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने उपशीर्षक ८७०६.००.४० र ८७०६.००.५० मा पर्ने चेसिस, उपशीर्षक ८५०१.१०.००, ८५०१.२०.००, ८५०१.३१.००, ८५०१.३२.००, ८५०१.३३.००, ८५०१.३४.००, ८५०१.४०.००, ८५०१.५१.००, ८५०१.५२.००, ८५०१.५३.०० ८५०१.६१.००, ८५०१.६२.००, ८५०१.६३.००, ८५०१.६४.०० मा पर्ने मोटर, उपशीर्षक ८५०४.४०.१० मा पर्ने ब्याट्री चार्जर र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुईपाङ्ग्रे सवारीको चेसिस तथा फ्रेम बनाउन आवश्यक पर्ने शीर्षक ७२.२५ को स्टील सिट मेटल, शीर्षक ७३.०६ को स्टील ट्युब, उपशीर्षक ७४०७.२१.०० को ब्रास मेटल, उपशीर्षक ७६०४.१०.९० को अल्मुनियम रड र उपशीर्षक ७६०६.११.०० को अल्मुनियम सिट मेटल,

(झ) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने उपशीर्षक ९०१८.९०.२० मा पर्ने रगत राख्ने प्लाष्टिकका थैला तथा सोही प्रयोजनका लागि नेपाल रेडक्रस सोसाइटीले पैठारी गर्ने उपशीर्षक ९०१८.९०.९० मा पर्ने ट्रान्सफ्यूजन सेट, उपशीर्षक ३००२.९०.१० मा पर्ने टेस्टिङ्ग किट्स र उपशीर्षक ३८२२.११.००, ३८२२.१२.००, ३८२२.१३.००, ३८२२.१९.००, ३८२२.९०.०० मा पर्ने रिएजेण्ट,

(ञ) दृष्टिविहीनहरूले प्रयोग गर्ने उपशीर्षक ८४४३.३१.००, ८४४३.३२.०० र ८४४३.३९.०० मा पर्ने ब्रेलो (ब्रेल प्रिन्टर), उपशीर्षक ८५३१.८०.०० मा पर्ने रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, उपशीर्षक ९०२५.१९.९० मा पर्ने आवाज दिने थर्मामिटर, उपशीर्षक ९१०२.९९.०० मा पर्ने ब्रेल घडी, उपशीर्षक ९०१३.८०.०० मा पर्ने मेग्नीफाइङ्ग ग्लास, उपशीर्षक ९०१४.१०.०० मा पर्ने ब्रेल कम्पास, उपशीर्षक ४९०१.९१.०० र ४९०१.९९.०० मा पर्ने ब्रेल पुस्तक, उपशीर्षक ८४४३.३९.०० मा पर्ने ब्रेल इम्बोसर, उपशीर्षक ८४७२.१०.०० मा पर्ने ब्रेल स्टेनसिल मेशिन,

(ट) नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने भाग २८, २९, र ३८ मा पर्ने रसायन, भाग ४८ मा पर्ने टकमरीको निमित्त आवश्यक पर्ने कागज, उपशीर्षक ४९०७.००.६० मा पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चेक फर्म तथा चेकबुक, भाग ७१ मा पर्ने सिक्का, शीर्षक ७१.०६, ७१.०८ र ७१.१३ मा पर्ने चाँदी, सुन तथा सोका गहना, भाग ७४ को धातु, भन्सार शीर्षक ८४.७२ अन्तर्गत पर्ने भन्सार महसुल माफी बाहेकका कार्यालय यन्त्रहरु एवं यस्तै प्रकृतिका अन्य मालवस्तु,

(ठ) विदेशी प्रकाशकद्वारा प्रकाशित शीर्षक ४९.०१, ४९.०३ र ४९.०४ मा पर्ने पुस्तक तथा पत्रिका,

(ड) उद्योगले पैठारी गर्ने शीर्षक ४७.०७, ७२.०१, ७२.०२, ७२.०४ ७६.०१ र ७९.०१ मा पर्ने मालवस्तु ।

(ढ) उपशीर्षक ३९२६.९०.३१ मा पर्ने यूरिन ब्याग ।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः**

(क) हवाई सेवा प्रदायक संस्थाले वा नागरिक उड्डयन प्राधिकरणबाट इजाजत प्राप्त गरेका कम्पनीले पैठारी गर्ने उपशीर्षक ८८०२.२०.००, ८८०२.३०.०० र ८८०२.४०.००, ८८०६.१०.०० मा पर्ने हवाईजहाज; उपशीर्षक ८८०२.११.०० र ८८०२.१२.०० मा पर्ने हेलिकप्टर; उपशीर्षक ८४८३.४०.०० मा पर्ने गेयर बक्स; उपशीर्षक ८४०७.१०.०० मा पर्ने इञ्जिन; उपशीर्षक ८४११.११.००, ८४११.१२.००, ८४११.२१.०० र ८४११.२२.०० मा पर्ने टर्बो जेट इञ्जिन र टर्वो प्रोपेलर्स; उपशीर्षक ४०११.३०.०० मा पर्ने टायर; उपशीर्षक ४०१३.९०.३० मा पर्ने ट्युव; उपशीर्षक ८५०७.१०.०० मा पर्ने ब्याट्री; उपशीर्षक ७३१८.१६.००, ७३१८.१९.०० र ७३१८.२३.०० मा पर्ने नट, बोल्ट र रिभेट; उपशीर्षक ८८०७.१०.०० मा पर्ने प्रोपेलर,, रोटर र ब्लेड, उपशीर्षक ८४०९.१०.०० मा पर्ने पिष्टन; उपशीर्षक ८८०७.३०.१० मा पर्ने हवाईजहाज वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हेलिकप्टरका अन्य पार्टपुर्जाहरु; उपशीर्षक ८८०५.१०.०० मा पर्ने ल्याण्डिङ्ग गेयर; उपशीर्षक ७००७.११.०० र ७००७.२१.०० मा पर्ने विण्डसिल्ड।

तर लिजमा पैठारी भएका हवाईजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा वा नेपालमा दुर्घटना भई पुनः सञ्चालन गर्न नसक्ने भएमा तथा सोही कारण फिर्ता लैजान समेत नसकेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ।

(ख) दाना तथा पशुपन्छी उद्योगले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने उपशीर्षक ०५११.९१.०० मा पर्ने माछाका टुक्राटाक्री वा धुलो र सिपीको टुक्रा; उपशीर्षक २३०१.१०.०० र २३०१.२०.०० मा पर्ने फिड सप्लिमेन्टको कच्चा पदार्थ, उपशीर्षक २३०३.१०.०० मा पर्ने मकैको ग्लुटेन र उपशीर्षक २५२१.००.०० मा पर्ने चुन ढुङ्गाको धुलो र उपशीर्षक ३५०७.९०.०० मा पर्ने ईन्जाइम,

(ग) कपडा तथा कार्पेट उद्योगले पैठारी गर्ने शीर्षक ५२.०५ र उपशीर्षक ५२०७.१०.०० मा पर्ने धागो,

(घ) उद्योगले पैठारी गर्ने उपशीर्षक ९०२७.१०.००, ९०२७.३०.०० र ९०२७.९०.१० मा पर्ने यन्त्र उपकरण तथा ९०२७.९०.९० मा पर्ने तिनका पार्टपुर्जा,

(ङ) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ,

(च) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल वा पेट्रोलबाट चल्ने सवारी साधनलाई विद्युतीय मोटरबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालन हुने गरी बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा सवारी धनीले पैठारी गर्ने यन्त्र तथा उपकरण,

(छ) बालीनालीमा प्रयोग हुने जैविक विषादि उत्पादन गर्ने उद्योगले जैविक विषादि उत्पादन गर्नका लागि पैठारी गर्ने भाग ८४ मा पर्ने भन्सार महसुल माफी भए बाहेकका मेशिनरी तथा यन्त्र उपकरण,

(ज) धागो तथा कपडा उद्योगले आफ्नो उत्पादन प्रयोजनका लागि पैठारी गर्ने शीर्षक ८४.०२, ८४.२०, ८४.४४, ८४.४५, ८४.४६, ८४.४७, ८४.४८, उपशीर्षक ८४२१.१२.००, ८४५१.२९.००, ८४५१.३०.००, ८४५१.४०.००, ८४५१.५०.०० का मेशिनरी तथा उपकरण, सोका स्पेयर्स पार्ट्स, शीर्षक २८.१५, २८.३०, २८.३६, २८.४७, २९.१५, ३२.०४, ३४.०३, ३८.०९, ३९.०५, ३९.०६, मा पर्ने केमिकल, डाइज र पोलिमर,

(झ) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने उपशीर्षक ९४०३.२०.९० र ९४०३.६०.०० मा पर्ने भ्याकुम आइरनिङ टेबुल र उपशीर्षक ८५१६.४०.०० मा पर्ने स्टीम आइरन,

(ञ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने उपशीर्षक ८४२१.११.०० मा पर्ने सेपरेटर; उपशीर्षक ७३०९.००.०० र ७६११.००.०० मा पर्ने मिल्क चिलिङ भ्याट; उपशीर्षक २८०४.३०.०० मा पर्ने लिक्विड नाइट्रोजन; उपशीर्षक ८४१८.१०.०० मा पर्ने औद्योगिक रेफ्रीजरेटर; उपशीर्षक ७६१३.००.**२०** मा पर्ने लिक्विड नाइट्रोजन राख्ने कन्टेनर। त्यस्ता यन्त्र उपकरणहरू सि.के.डी. वा एस.के.डी. रूपमा पैठारी हुँदा द्विविधा पर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई बाँकी महसुल बापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्र, उपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ।

(ट) भाग ८४ को पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मेशिनरी, यन्त्र, उपकरण र उद्योग विभागको स्वीकृत स्किम बमोजिम सि.के.डि. वा एस.के.डि. अवस्थामा पटक पटक पैठारी हुने मेशिनरीका मुख्य अवयव तथा तिनका पहिचान योग्य अङ्ग एवं सहायक सामग्री।

तर भाग ७३ मा पर्ने मेकानिकल संयन्त्र जडान नगरिएका भण्डारण टङ्की (स्टोरेज ट्याङ्क), पेषण गुटिका (ग्राइण्डिङ बल), फलाम वा इस्पातका पाइप, भाग ६९ मा पर्ने ताप सहन गर्न सक्ने इँटा, विद्युतीय प्रसारण लाइनमा जडान गरिने ट्रान्सफरमर तथा शीर्षक ८४.२९ मा पर्ने मालवस्तुहरुमा यो सुविधा प्रदान नगरी दरबन्दी बमोजिम नै महसुल असुल गरिनेछ। जगेडा वा प्रतिस्थापनको लागि पैठारी हुने मिल, मेशिनरी, यन्त्र, उपकरणका पार्टपुर्जा तथा सहायक सामग्रीमा पनि यो सुविधा नदिई दरबन्दी बमोजिमको महसुल लाग्नेछ। साथै पुराना वा प्रयोग भइसकेका मिल, मेशिनरी यन्त्र, उपकरणमा यस उपदफा बमोजिमको छुट दिइने छैन।

(ठ) चिया उद्योगले पैठारी गर्ने शीर्षक ६०.०५ मा पर्ने वेदरिङ्ग नेट, उपशीर्षक ८४०२.२०.०० मा पर्ने बोइलर, उपशीर्षक ८४१४.५९.०० मा पर्ने ट्रफ फ्यान, शीर्षक ८४.२३ मा पर्ने वेइङ्ग ब्रिज, शीर्षक ८४.५९ मा पर्ने रोलर सार्पनिङ्ग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेशिन, उपशीर्षक ८२०१.६०.०० मा पर्ने प्लकिङ्ग शियर्स, उपशीर्षक ८२०८.४०.०० मा पर्ने कटिङ्ग ब्लेड, उपशीर्षक ३५०६.९९.०० मा पर्ने किरा टाँस्ने गम, उपशीर्षक ८४३८.८०.९० मा पर्ने टी प्रोसेसिङ्ग मेशिन; रोलिङ्ग टेबुल, टी ब्लेण्डिङ्ग मेशिन, प्लकिङ्ग मेशिन, शीर्षक ८४.८२ मा पर्ने वियरिङ्ग, उपशीर्षक ८४३८.९०.०० मा पर्ने पार्टपुर्जाहरु; उपशीर्षक ४८२३.२०.१० मा पर्ने टि ब्याग फिल्टर पेपर, उपशीर्षक ७६०७.११.०० मा पर्ने अलुमिनियम फ्वाइल; चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाइ गरी पैठारी गर्ने शीर्षक ४८.१९ अन्तर्गतका सबै उपशीर्षकहरुमा पर्ने प्याकिङ्ग मेटेरियल, उपशीर्षक ४८२१.१०.०० मा पर्ने प्रिन्टिङ्ग लेबल र उपशीर्षक ३९२३.१०.९०, ३९२३.२१.००, ३९२३.२९.०० र ३९२३.९०.९० मा पर्ने मेटेरियल र उपशीर्षक ७६१२.९०.०० मा पर्ने अलुमिनियमको बट्टा,

(ङ) दर्ता भएका मत्स्य फार्मले पैठारी गर्ने उपशीर्षक ५६०८.११.०० मा पर्ने तयारी जालहरू; उपशीर्षक ५६०७.५०.०० मा पर्ने जाल बनाउन प्रयोग गरिने नाइलन धागो र उपशीर्षक ७३१४.४९.०० मा पर्ने माछा पाल्ने तयारी केजहरू; उपशीर्षक ८४१३.८१.०० मा पर्ने पम्प सेट, उपशीर्षक ८४१४.५९.०० मा पर्ने एरेटर; उपशीर्षक ३८०८.९१.९० मा पर्ने मत्स्य विष एवं मत्स्य प्रजनन्का लागि आवश्यक उपशीर्षक २९३७.१९.०० र २९३७.२९.०० मा पर्ने हार्मोन,

(च) धागो उद्योगले पैठारी गर्ने शीर्षक ५२.०१ र ५२.०३ मा पर्ने कपास,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने उपशीर्षक ७३१०.१०.०० र ७३१०.२९.०० मा पर्ने मेटल ब्यारल; उपशीर्षक ७३२६.९०.०० मा पर्ने आधार चाका रोलर, हील प्लेट र रानी छेक्ने पाता; उपशीर्षक ८४१३.८१.०० मा पर्ने गियर पम्प, उपशीर्षक ९०३१.८०.०० मा पर्ने महको गुणस्तर परीक्षण गर्ने उपकरण र उपशीर्षक ९६०३.९०.०० मा पर्ने मौरी ब्रुस;

(त) तयारी गहना बनाई विदेश निकासी गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक २५३०.९०.०० मा पर्ने कच्चा एम्बर (र अम्बर),

(थ) कृषि कार्यमा प्रयोग हुने उपशीर्षक ३९२६.९०.९३ र ८५१६.७९.१० मा पर्ने किरा मार्ने ट्र्याप (इन्सेक्ट ट्रयाप), शीर्षक ३५.०६ मा पर्ने मुसा टास्ने गम (ग्लु),

(द) सामान्य भाँडाबर्तन बाहेक कुखुरालाई दाना तथा पानी खुवाउने उपशीर्षक ३९२४.९०.१०, ७३२३.९३.००, ७३२३.९४.०० र ७३२३.९९.०० मा पर्ने विशेष किसिमका भाँडा, उपशीर्षक ३९२६.९०.९९ मा पर्ने बिउ उमार्ने तथा रोप्न प्रयोग हुने ट्रे,

(ध) औषधि उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक ९०१६.००.०० मा पर्ने तराजु,

(न) ग्यास सिलिण्डरको भल्भ बनाउने उद्योगले आफ्नो उत्पादन प्रयोजनको निमित्त पैठारी गर्ने उपशीर्षक ७४०७.२१.०० मा पर्ने पित्तलको डण्डी,

(प) डिस्पोजेवल डाइपर, बेबी वाइप्स र सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले त्यस्ता वस्तु उत्पादन गर्न पैठारी गर्ने उपशीर्षक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५०६.९१.०० मा पर्ने ग्लु (हटमेल्ट), उपशीर्षक ३९०६.९०.०० मा पर्ने सुपर एब्जरवेन्ट पोलिमर, उपशीर्षक ३९२०.४९.१०, ३९२०.४९.९० मा पर्ने पी.ई. फिल्म, उपशीर्षक ३९२१.१९.१० र ३९२१.१९.९० मा पर्ने पी.पी.ई. फिल्म, उपशीर्षक ४८०३.००.०० मा पर्ने टिस्यु पेपर, उपशीर्षक ४८११.९०.९० मा पर्ने रिलिज पेपर र उपशीर्षक ५६०३.९१.०० मा पर्ने नन् ओभन फेब्रिक।

(फ) उद्योगले पैठारी गर्ने शीर्षक ७२.०३ मा पर्ने मालवस्तु ।

(३) **भन्सार महसुल आंशिक रूपमा छुट हुनेः-**

(क) कार्पेट उद्योगले पैठारी गर्ने उपशीर्षक ५५०३.११.००, ५५०३.१९.००, ५५०३.२०.००, ५५०३.३०.००, ५५०३.४०.००, ५५०३.९०.००, ५५०४.१०.००, ५५०४.९०.००, ५५०६.१०.००, ५५०६.२०.००, ५५०६.३०.००, ५५०६.४०.००, ५५०६.९०.००, ५५०७.००.०० मा पर्ने स्टेपुल फाइबरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ।

(ख) भाग ३० मा पर्ने (उपशीर्षक ३००२.१२.००, ३००२.१३.००, ३००२.१४.००, ३००२.१५.००, ३००२.४१.००, ३००२.४२.०० ३००२.४९.००, ३००२.५१.००, ३००२.५९.०० ३००४.९०.४१, ३००४.९०.४९ र ३००४.९०.५० तथा मानव पोषण र स्वास्थ्यबर्धक भिटामिन बाहेक) औषधिमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ग) जुट उद्योगले आफ्नो उत्पादनका लागि पैठारी गर्ने उपशीर्षक २७१०.१९.७० मा पर्ने जुट ब्लिचिङ्ग आयलमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरिज, ह्विट फ्लेक्स जस्ता ब्रेक फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १००४.९०.०० मा पर्ने भुस सहितको ओट्स पैठारी गरेमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ङ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको उपशीर्षक ३९१९.९०.०० तथा शीर्षक ३९.२० र ३९.२१ का सबै उपशीर्षकमा पर्ने पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, मेटालाइज्ड सी.पी.पी. फिल्म र मिल्की सी.पी.पी. फिल्म पैठारी गर्दा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(च) कुखुरापालन व्यवसायको लागि आवश्यक पर्ने उपशीर्षक ०४०७.११.०० र ०४०७.१९.०० मा पर्ने चल्ला कोरल्नका लागि निषेचित फुलको पैठारीमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(छ) उपशीर्षक ६२११.३२.२०, ६२११.३३.२०, ६२११.४३.२०, ६२११.४९.९०, ६२११.४२.२० मा पर्ने साडी, लुङ्गी, धोती र उपशीर्षक ६२१४.९०.०० मा पर्ने सुतीको गम्छामा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ज) वाणिज्य बैङ्कले सर्वसाधारण जनतालाई बिक्री गर्न आफ्नो लोगो अङ्कित स-साना परिमाणका उपशीर्षक ७११३.१९.१० र ७११३.१९.९० मा पर्ने सिक्का पैठारी गरेमा सो सिक्कामा उपशीर्षक ७१०८.१३.०० बमोजिमको दरमा भन्सार महसुल लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) नेपालमा केबुलकार सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक ७३१२.१०.०० मा पर्ने केबुल (लट्ठा) र उपशीर्षक ८४३१.३९.०० मा पर्ने तयारी क्याब वा क्याब निर्माण गर्न आवश्यक पर्ने उपशीर्षक ७२१०.९०.०० मा पर्ने स्टील पाता पैठारी गर्दा चार प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ञ) शीर्षक ३९.२० अन्तर्गतका सबै उपशीर्षकमा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ट) अगरबत्ती उत्पादन गर्ने उद्योगले उपशीर्षक २९१७.३४.०० मा पर्ने डी.ई.पी. र उपशीर्षक ३३०२.९०.०० मा पर्ने अगरबत्ती कम्पाउण्ड पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ठ) मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी रेफ्रीजिरेटिङ्ग प्रणाली जडान गर्न आवश्यक पर्ने शीर्षक ८७.०६ अन्तर्गतका चेसिस र उक्त चेसिसमा जडान हुने बक्स र सोसँग सम्बन्धित मेशिनरी उपकरण सहितको चेसिस (रेफ्रीजिरेसन सिष्टम) पैठारी गरेमा नियम अनुसार लाग्ने पूरै भन्सार महसुल धरौटीमा राखी पछि मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्ण रूपले रेफ्रीजिरेसन जडान भएको ढुवानीको साधन बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि एक प्रतिशत भन्सार महसुल बापतको रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता गरिनेछ।

तर यसरी सुविधा प्राप्त गर्नका लागि यस्तो ढुवानी साधन अरु प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट नै सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधनमा अस्थायी तवरबाट अन्य संयन्त्र जडान गरिएको अवस्थामा यस्तो सुविधा प्रदान गरिने छैन। उपशीर्षक ८७०४.२१.५०, ८७०४.२२.७०, ८७०४.२३.१०, ८७०४.३१.५०, ८७०४.३२.७०, ८७०४.४१.५०, ८७०४.४२.७०, ८७०४.४३.१०, ८७०४.५१.५०, ८७०४.५२.७० र ८७०४.६०.१० को प्रशितक प्रणाली (रेफ्रीजिरेटिङ्ग सिष्टम) जडान गरिएको तयारी ढुवानी साधनको हकमा समेत यस्तो व्यवस्था लागू हुनेछ।

(ङ) स्पिलिटिङ्ग तथा डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टी एसिड उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १५०३.००.०० मा पर्ने टेलो आयल, उपशीर्षक ३८२३.११.०० र ३८२३.१२.०० मा पर्ने पाम एसिड आयल र एसिड आयल तथा उपशीर्षक ३८२३.१३.०० मा पर्ने पाम फेट्टी एसिडमा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ।

(ढ) हार्डवेयरमा पहिले नै लोड भई आएका (प्रि-लोडेड वा इनबिल्ट) सफ्टवेयर पैठारी हुँदा जुन हार्डवेयरमा लोड भई आएको हो सोही हार्डवेयरमै वर्गीकरण गरी महसुल लिइनेछ र सफ्टवेयरको छुट्टै वर्गीकरण गर्नु पर्ने छैन।

(ण) रङ्ग (पेन्ट) उत्पादन गर्ने उद्योगले कच्चा पदार्थको रूपमा पेठारी गर्ने उपशीर्षक ३२०९.१०.१० मा पर्ने एक्रेलिक इमुल्सनमा बीस प्रतिशत र उपशीर्षक २८२१.१०.०० मा पर्ने आइरन अक्साइड र उपशीर्षक २८२३.००.०० मा पर्ने टिटानियम डाइअक्साइडमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(त) कम्तीमा एक हेक्टर क्षेत्रफलमा माछा पालन गरेका मत्स्य फर्मले जीवित माछा तथा माछाका भुरा ढुवानी गर्ने गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तयार गरेका अक्सिजन संयन्त्र जडित डबल क्याब पिकअप बाहेकका शीर्षक ८७.०४ अन्तर्गत सबै उपशीर्षकहरुमा पर्ने ढुवानी साधनमा दश प्रतिशत भन्सार महसुल लाग्नेछ।

तर यसरी सुविधा प्राप्त गर्नका लागि यस्तो ढुवानी साधन उत्पादक कम्पनीबाट अरु प्रयोजनमा प्रयोग हुन नसक्ने, चालकले ड्यासबोर्डबाट सबै कुराको नियन्त्रण गर्न सक्ने गरी स्थायी किसिमबाट आवश्यक संयन्त्र जडान गरी तयार भएको हुनु पर्नेछ। सामान्य ढुवानी साधनमा अस्थायी तबरबाट अन्य संयन्त्र जडान गरी ल्याएको अवस्थामा यस्तो सुविधा प्रदान गरिने छैन।

(थ) चालीस वा सोभन्दा बढी सिट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका उपशीर्षक ८७०२.१०.१० मा पर्ने तयारी बस र उपशीर्षक ८७०६.००.८० मा पर्ने चेसिसमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ। त्यसरी पैठारी गरेका सवारी साधन पैठारी गरेको मितिले दश वर्ष नपुगी सार्वजनिक यातायात सञ्चालन गर्ने उद्देश्यले दर्ता भएका सहकारी संस्था वा कम्पनी बाहेक अरुलाई बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानून बमोजिम पूरै महसुल लाग्नेछ।

(द) पूर्वनिर्मित भवन (प्रिफेब्रिकेटेड बिल्डिङ) निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्न दर्ता भएका उद्योगले त्यस्ता भवन निर्माण गर्न आवश्यक पर्ने मालवस्तु उत्पादन गर्नका लागि पैठारी गर्ने शीर्षक ७२.१० वा ७२.१२ अन्तर्गतका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तीस प्रतिशत भन्सार महसुल लाग्ने सबै उपशीर्षकमा पर्ने स्लिट स्टील क्वाइलमा बीस प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ध) ग्रिज र लुब्रिकेटिङ्ग आयल उत्पादन गर्ने उद्देश्यले दर्ता भएका उद्योगले पैठारी गर्ने उपशीर्षक २७१०.१९.६० मा पर्ने बेस आयलमा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ।

(न) पि.एस.टि.एन. (ल्याण्ड लाइन) टेलिफोन सञ्जालमा प्रयोग हुने उपशीर्षक ९४०३.२०.९० मा पर्ने क्रस कनेक्सन क्याबिनेट बक्समा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ।

(प) विद्युतीय मोटरसाइकल वा स्कुटर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय मोटरसाइकल वा स्कुटरमा प्रयोग हुने शीर्षक ८७.१४ अन्तर्गतका पार्टपुर्जा तथा सहायक सामग्री र विद्युतीय रिक्सा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन प्रयोजनका निमित्त पैठारी गर्ने विद्युतीय रिक्सामा प्रयोग हुने शीर्षक ८७.०८ अन्तर्गत पर्ने पार्टपुर्जा तथा सहायक सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचहत्तर प्रतिशत छुट हुनेछ।

(फ) उद्योगले आफ्नो उत्पादनको प्रयोजनका लागि पैठारी गर्ने उपशीर्षक २७१३.२०.०० को पेट्रोलियम बल्क बिटुमिनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(ब) उद्योगले सूर्यमुखी तेल उत्पादन गर्न उपशीर्षक १२०६.००.०० मा पर्ने सूर्यमुखीको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(भ) भटमासको गेडाबाट प्रशोधित तेल तथा पिना उत्पादन गर्ने उद्योगले उपशीर्षक १२०१.९०.०० मा पर्ने भटमासको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(म) दाना तथा पशुपन्छी उद्योगले पैठारी गर्ने उपशीर्षक २३०४.००.०० मा पर्ने भटमासको पिनामा लाग्ने भन्सार महसुलमा दश प्रतिशत छुट हुनेछ।

(य) खाने तेल उत्पादन गर्ने उद्योगले पैठारी गर्ने उपशीर्षक १२०५.१०.०० मा पर्ने तोरी, रायो र क्यानोला (रेप्सीड) को गेडा र उपशीर्षक १२०७.५०.०० मा पर्ने सर्स्युंको गेडामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ।

(र) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ।

(ल) एडेसिभ उत्पादन गर्ने उद्योगले उपशीर्षक २९०५.१३.०० मा नर्मल बुटाइल अल्कोहल, उपशीर्षक २९१५.३१.०० मा पर्ने इथायल एसेटेट, उपशीर्षक २९१५.३२.०० मा पर्ने भिनायल एसेटेट मोनोमर र उपशीर्षक ३९०५.३०.०० मा पर्ने पोलिभिनाइल अल्कोहल पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(व) औषधि उत्पादन गर्ने उद्योगले औषधि उत्पादन तथा गुणस्तर कायम गर्न आवश्यक पर्ने उपशीर्षक ८४१५.८३.१० मा पर्ने एयर ह्याण्डलिङ्ग युनिट पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(श) सिपिङ्ग कम्पनीले शीर्षक ८६.०९ मा पर्ने सिपिङ्ग कन्टेनर पैठारी गर्दा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ।

(ष) उपशीर्षक ९६१९.००.१० मा पर्ने स्यानिटरी टावेल (प्याड) र उपशीर्षक ९६१९.००.४० मा पर्ने टेम्पोनहरु र मेन्सटुबल कप पैठारी गर्दा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. <u>नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा महसुल छुट हुनेः-</u>

(१) **भन्सार महसुल पूर्ण छुट हुनेः-**

(क) कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकाय (सरकारी तथा गैरसरकारी सङ्घ संस्था) ले महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन,

(ख) नेपाल सरकार, रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गट्ठा, बारूद र तिनका स्पेयर पार्ट्स, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जा,

(आ) सैनिक जवान तथा घोडा खच्चडको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधि र तत्सम्बन्धी मालवस्तु,

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरण र सोको सञ्चालनको लागि आवश्यक मालवस्तु,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सो सम्बन्धी पार्ट्स, अप्टिकल इक्विपमेण्ट तथा नेपाल सरकार, रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका मालवस्तु,

(उ) क्याम्पिङ्ग इक्विपमेण्ट्स तथा स्पेशल फोर्स र प्यारा ट्रुपरलाई आवश्यक पर्ने मालवस्तु,

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा मालवस्तु, औषधि, मेडिकल औजार र उपकरण,

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकोप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्विपमेण्ट,

(ऐ) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(ओ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक डफ्फाको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौंड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(ग) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजार,

(आ) हातहतियार,

(इ) भीड नियन्त्रणका मालवस्तु

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी मालवस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य मालवस्तु,

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने मालवस्तु,

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने मालवस्तु,

(ओ) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(औ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सशस्त्र प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(घ) नेपाल सरकार, गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका मालवस्तुः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजार,

(आ) हातहतियार,

(इ) भीड नियन्त्रणको लागि आवश्यक मालवस्तु,

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजार,

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी मालवस्तु (नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सिफारिस बमोजिम),

(ऊ) ट्राफिक सम्बन्धी मालवस्तु,

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्बन्धी आवश्यक मालवस्तु,

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य मालवस्तु,

(ओ) विष्फोटक सम्बन्धी प्रहरीलाई आवश्यक पर्ने मालवस्तु,

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने मालवस्तु,

(अं) विपद् उद्धार कार्यमा प्रयोग हुने मालवस्तु,

(अः) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाल प्रहरीको प्रयोगका लागि पैठारी गर्ने तथा लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु।

(ङ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रूपमा नेपालको बाटो गरी निकासी वा पैठारी गर्ने मालवस्तु।

(च) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान वीर अस्पताल, त्रि.वि. शिक्षण अस्पताल, वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेण्टरको नाममा पैठारी हुने निर्माण तथा अस्पताल सञ्चालनको लागि आवश्यक निर्माण सामग्री, चिकित्सा सम्बन्धी उपकरण र औजार,

(आ) क्यान्सरका बिरामीलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालले पैठारी गर्ने क्यान्सर निरोधक ग्लिभेक एचजीसी र यस्तै औषधि,

(इ) मन्त्रालयको नाममा वा मन्त्रालयले तोकेको स्वास्थ संस्था वा निकायलाई सहयोग स्वरूप हस्तान्तरण गर्ने विभिन्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सङ्घ संस्था निकाय वा व्यक्तिले पैठारी गर्ने कोविड-१९ सङ्क्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक भाग ३० मा पर्ने औषधि, शीर्षक ३९.२६, ६२.०७, ६२.०८, ६२.१० र ६२.११ मा पर्ने मेडिकल तथा सर्जिकल काममा प्रयोग हुने वस्तु (पी.पी.ई), उपशीर्षक ३८२१.००.०० मा पर्ने भायरल ट्रान्सपोर्ट मिडिया, उपशीर्षक ३८२२.१९.०० मा पर्ने पि.सि.आर. टेष्ट किट, आर.डि.टी. टेष्ट किट, पि.सि.आर. रिएजेन्ट एक्सट्राक्सन किट्स, उपशीर्षक ४०१५.१२.०० मा पर्ने औषधोपचार, शल्यचिकित्सा, दन्तोपचार वा पशु चिकित्सामा प्रयोग हुने किसिमका ग्लोभ्स, उपशीर्षक ६३०७.९०.२० मा पर्ने फेस मास्क, भन्सार उपशीर्षक ८४१९.२०.१० मा पर्ने अटोक्लेभ मेशिन, उपशीर्षक ९०२५.११.०० र ९०२५.१९.१० मा पर्ने थर्मोमिटर र डिजिटल इन्फ्रारेड थर्मोमिटर (थर्मल गन), उपशीर्षक ९०१९.२०.३० मा पर्ने भेन्टिलेटर, उपशीर्षक ९०१८.९०.३० मा पर्ने पोर्टेवल पि.सि.आर. मेशिन र उपशीर्षक ९००४.९०.०० मा पर्ने प्रोटेक्टिभ गगल्स। भन्सार उपशीर्षक २८०४.४०.१० मा पर्ने मेडिकल ग्रेड अक्सिजन (लिक्विड एण्ड ग्यास्यिस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अक्सिजन), उपशीर्षक ९०१८.१९.१० मा पर्ने पल्स अक्सिमीटर, उपशीर्षक ९०१९.२०.९० मा पर्ने हेल्मेटस् फर नन्-इनभेसिभ भेन्टिलेटर्स, उपशीर्षक ७३११.००.१० र ७६१३.००.१० मा पर्ने अक्सिजन सिलिन्डर, लिक्विड अक्सिजन कन्टेनर, लिक्विड अक्सिजन ट्याङ्क, अक्सिजन क्यानिस्टर, आई.एस.ओ. कन्टेनर्स् फर सिपिङ्ग अक्सिजन र क्रोजेनिक रोड ट्रान्सपोर्ट ट्याङ्क फर अक्सिजन, उपशीर्षक ८४२१.३९.१० मा पर्ने भ्याक्युम प्रेसर स्विङ्ग एडजोर्प्सन (भि.पि.एस.ए.), प्रेसर स्विङ्ग एडजोर्प्सन (पि.एस.ए.) अक्सिजन प्लान्ट्स्, र क्रोजेनिक अक्सिजन एयर सेपेरेसन युनिट्स (ए.एस.यु.), उपशीर्षक ८४८१.८०.२० मा पर्ने अक्सिजन सिलिन्डर भल्भ, उपशीर्षक ९०१८.३१.०० मा पर्ने सिरिन्ज पम्प, इन्फ्युजन पम्प, उपशीर्षक ९०१८.३९.०० मा पर्ने हाइ फ्लो नेसल क्यानुला, र उपशीर्षक ९०१८.१९.२० मा पर्ने आइ.सि.यु. मनिटर, उपशीर्षक ९०१९.२०.१० मा पर्ने अक्सिजन कन्सन्ट्रेटर; उपशीर्षक ९०१९.२०.२० मा पर्ने भेन्टयुरी मास्क, रिजर्भायर मास्क, भेन्टिलेटर मास्क र नन् इन्भेसिभ भेन्टिलेटर मास्क; उपशीर्षक ९०१९.२०.९० मा पर्ने भेन्टिलेटर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सर्किट, अक्सिजन कनेक्टर्स एण्ड ट्युबिङ्ग, ह्युमिडिफायर्स् एण्ड भाइरल फिल्टर्स् फर भेन्टिलेटर्स, ओरो-नेसल मास्क एण्ड नेसल मास्क फर नन् इन्भेसिभ भेन्टिलेटर्स्, उपशीर्षक ८४२२.३०.०० मा पर्ने अक्सिजन फिलिङ्ग सिस्टम; उपशीर्षक ८४०५.१०.०० मा पर्ने अक्सिजन जेनेरेटर कम्प्रेसर, ट्युबिङ्ग, उपशीर्षक ९०२६.८०.१० मा पर्ने अक्सिजन फ्लोमिटर र अक्सिजन रेगुलेटर्स, र उपशीर्षक ९४०२.९०.१० मा पर्ने आइ.सि.यु. बेड।

(छ) उद्योग विभागको सिफारिसमा जुट उद्योगले आफ्नो उद्योगको लागि पैठारी गर्ने उपशीर्षक ८४०९.९९.९०, शीर्षक ८४.४८, उपशीर्षक ८४५२.९०.००, शीर्षक ८४.५५, शीर्षक ८४.८२ र उपशीर्षक ८४८३.९०.०० मा पर्ने स्पेयर पार्टस।

(ज) चलचित्र विकास बोर्डको सिफारिसमा पैठारी गर्ने विदेशमा रहेका पुराना ऐतिहासिक नेपाली चलचित्र तथा वृत्तचित्रका डिजिटल प्रति, टेप, क्यासेट वा रिलहरु।

(झ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा स्थानीय तहले पैठारी गर्ने शीर्षक ८७.०४ मा पर्ने वा एक थान कृषि एम्बुलेन्स वा ढुवानी साधन । त्यस्तो कृषि एम्बुलेन्स वा ढुवानी साधन पैठारी गरेका मितिले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सात वर्षसम्म बिक्री वितरण वा नामसारी गर्न पाइने छैन।

(ञ) उद्योग विभागको सिफारिसमा अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्ने सामग्री उत्पादन गर्ने उद्योगलाई आवश्यक पर्ने सम्पूर्ण कच्चा पदार्थ ।

(२) **भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेः-**

(क) स्वीकृति प्राप्त निजी वा सामुदायिक अस्पताल तथा स्थानीय तहले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको देहाय बमोजिमको शर्त अनुसार पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको एम्बुलेन्स तथा यस अनुसूचीको दफा १२ को खण्ड (क) को अधीनमा रही पैठारी गर्ने देहाय बमोजिमको परिमाणसम्मको शव बाहनः-

(अ) एक सयभन्दा कम शय्या भएको निजी वा सामुदायिक अस्पतालको लागि एउटा एम्बुलेन्स र एउटा शव बाहन तथा एक सय वा सोभन्दा बढी शय्या भएको अस्पतालको लागि दुई वटासम्म एम्बुलेन्स र एउटा शवबाहन; गाउँपालिकाको लागि दुई वटा, नगरपालिकाको लागि तीन वटा र उपमहानगरपालिका तथा महानगरपालिकाको लागि चार वटा एम्बुलेन्स। यस उपखण्ड बमोजिम स्थानीय तहले पैठारी गर्ने एम्बुलेन्सको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य अधिकतम सोह लाख रुपैयाँसम्मको हुनु पर्नेछ।

यस उपखण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त संस्था वा निकायले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शव बाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गराई सोको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोको सट्टा अर्को एम्बुलेन्स र शव बाहन पैठारी गर्दा यस्तो सुविधा दिइनेछ।

(आ) खण्ड (ख) वा यस खण्डको उपखण्ड (अ) बमोजिम एम्बुलेन्स वा शवबाहन पैठारी गर्दा निम्न बमोजिमको शर्त समेत पालना गर्नु पर्नेछः-

(१) एम्बुलेन्स वा शव बाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शव बाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एम्बुलेन्स वा शव बाहन भनी लेखिएको हुनु पर्नेछ।

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य आवश्यक औजारहरू फिट गरिएको हुनु पर्नेछ।

(३) एम्बुलेन्स वा शव बाहनमा चालकको पछाडिपट्टि कुनै पनि सिट राखिएको हुनु हुँदैन।

(४) एम्बुलेन्स बिरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शव बाहन शवको ओसारपसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

(५) एम्बुलेन्स वा शव बाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नु पर्नेछ।

(६) पैठारी भएको एम्बुलेन्स वा शवबाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शव बाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(७) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त" भन्ने लेखिएको हुनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) एम्बुलेन्सले बिरामी ओसारपसार लगायतका सेवा प्रदान गरे बापत लिने भाडा दर नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(इ) उपखण्ड (आ) मा उल्लिखित शर्त उल्लङ्घन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शव बाहन जफत गरी बिगो बमोजिम जरिबाना गरिनेछ।

(ख) सरकारी, सामुदायिक तथा निजी क्षेत्रका अस्पताल बाहेक कानून बमोजिम दर्ता भएका अन्य सङ्घ, संस्था, कम्पनी वा उद्योगले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको शर्तका अधीनमा रही पैठारी गर्ने एम्बुलेन्स र शव बाहन एक एक थान।

त्यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स र शवबाहन दश वर्ष पुरानो भई वा दुर्घटना वा अन्य कुनै कारणले प्रयोग गर्न नसक्ने भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट त्यसलाई पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गराई सोको प्रमाण पेश गरेमा सोको सट्टा अर्को एम्बुलेन्स र शवबाहन पैठारी गर्दा समेत यो सुविधा दिइनेछ।

यस खण्ड बमोजिम सिफारिस गर्दा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उक्त

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको वा गरेको भए सो सुविधामा पैठारी गरेको एम्बुलेन्स र शव बाहन पत्रु (स्क्रयाप) गरी दर्ता खारेज गरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ।

(ग) सरकारी अस्पतालले नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने सो मन्त्रालयले तोकेको मापदण्ड अनुसारका एम्बुलेन्स र शवबाहन।

(घ) औद्योगिक व्यवसाय ऐन, २०७६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा बाह्य कारणले राम्रोसँग चल्न नसकी ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगको प्रवर्द्धन तथा सुधारको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रूग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रूग्ण उद्योगको पुनर्स्थापनाको लागि पैठारी गर्ने भाग ८४ अन्तर्गत पर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा।

(ङ) पशु सेवा विभागको सिफारिसमा देहाय बमोजिमका मालवस्तुः-

(अ) दाना तथा पशुपन्छी उद्योग र फिड सप्लिमेन्ट उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भाग २८ र २९ मा पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा शीर्षक ३९.२३, ४८.१९, ६३.०५ र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपशीर्षक ८३०९.९०.९० मा पर्ने प्याकिङ्ग मेटेरियल,

त्यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ। यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र बिक्री एवं विदेश निकासी भएको परिमाणको आधारमा गर्नु पर्नेछ।

(आ) नश्ल सुधारको लागि विदेशबाट पैठारी गरिने उपशीर्षक ०५११.१०.०० मा पर्ने उन्नत जातका चौपायाको वीर्य (सिमेन) र पशुको भ्रुण।

(च) कृषि यन्त्र तथा उपकरणहरु निर्माण गर्ने गरी दर्ता भएका उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्ने कृषि यन्त्र तथा उपकरणहरु निर्माण गर्न आवश्यक पर्ने मालवस्तु,

यस खण्ड बमोजिम मालवस्तुको सिफारिस गर्दा उद्योगको वार्षिक निर्माण क्षमताका आधारमा रही गर्नु पर्नेछ ।

(छ) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा देहाय बमोजिमका मालवस्तुः-

(अ) वैकल्पिक उर्जाको स्रोत, जस्तै हावाबाट विद्युत उत्पादन गर्ने उपशीर्षक ८५०२.३१.०० मा पर्ने हावा मिल र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपशीर्षक ८५०३.००.१० मा पर्ने हावा मिलका एसेसरिज र पार्टपुर्जा,

(आ) दरबन्दीमा माफी जनिए बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्न प्रयोग हुने निम्न उपकरण:-

(१) उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार चार्ज कन्ट्रोलर,

(२) उपशीर्षक ७८०१.९१.०० मा पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट, उपशीर्षक ७८०१.१०.०० र ७८०१.९९.०० मा पर्ने लिड; उपशीर्षक ८५०७.९०.०० मा पर्ने ब्याट्री बक्स, सेपरेटर र ट्युबलर ब्याग,

(३) उपशीर्षक ८४१३.७०.९९ मा पर्ने ब्याट्रीबाट चल्ने पानी तान्ने पम्प (डी.सी. पम्प),

(४) असी प्रतिशतभन्दा बढी क्षमता भएको उपशीर्षक ८५०४.४०.९० मा पर्ने सोलार इन्भर्टर,

(५) सौर्य टुकीमा प्रयोग हुने १२ भन्दा कम भोल्ट र १० भन्दा कम एम्पीयर क्षमताका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन व्याट्री।

(इ) गोबर ग्याँस लगायत बायो ग्याँसका लागि आवश्यक पर्ने उपशीर्षक ८४८१.१०.०० मा पर्ने मेन ग्याँस भल्भ तथा बायो ग्याँसमा प्रयोग हुने अन्य भल्भ र उपशीर्षक ७३०७.२३.०० मा पर्ने तिनका फिटिङ्ग, उपशीर्षक ७३०७.९९.०० मा पर्ने एल्वो, उपशीर्षक ३९१७.३९.०० मा पर्ने ग्याँस पाइप, उपशीर्षक ९०२८.१०.०० मा पर्ने ग्याँस गेज, उपशीर्षक ५९०८.००.०० मा पर्ने गोबर ग्याँस बत्ती, उपशीर्षक ८३०७.९०.०० मा पर्ने ग्याँस टेप (ब्रास), उपशीर्षक ७३२१.११.०० मा पर्ने गोबर ग्याँस चुल्हो र उपशीर्षक ७३२१.९०.०० मा पर्ने तिनका पार्टपुर्जा, उपशीर्षक ७३०७.९२.०० मा पर्ने रिडक्सन एल्वो र उपशीर्षक ४००९.३१.०० मा पर्ने रवर होज पाइप,

(ई) गोबरबाट विद्युत उत्पादन गर्नका लागि व्याट्री बनाउने उद्योगले पैठारी गर्ने सो व्याट्री बनाउन चाहिने आवश्यक कच्चा पदार्थ भनी उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट सिफारिस भई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आएका उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्मका कच्चा पदार्थ,

(उ) बायो उर्जामा आधारित उपशीर्षक ७३२१.१९.०० मा पर्ने बायो स्टोभ (राइस हस्क स्टोभ), उपशीर्षक ७३२१.९०.०० मा पर्ने बेकेलाइट हेन्डल र उपशीर्षक ८४१४.५९.०० मा पर्ने हाईस्पीड डी.सी. पङ्खा,

(ऊ) जैविक इन्धन (ठोस, तरल तथा ग्यास) उत्पादनको प्रयोजनको लागि पैठारी हुने उपशीर्षक ८४१९.३९.०० मा पर्ने ड्रायर, उपशीर्षक ८४१७.८०.०० मा पर्ने कार्बोनाइजेशन फर्नेश, उपशीर्षक ८४७९.८९.७० मा पर्ने ब्रिकेट मेशिन लगायतका जैविक इन्धन उत्पादन गर्ने मेशिनरी, उपशीर्षक ८४७९.८२.०० मा पर्ने मिक्सर मेशिन, उपशीर्षक ८४१६.२०.०० मा पर्ने उड पेलेट बर्नर, उपशीर्षक ८४१९.११.०० मा पर्ने बायोमास ग्यासिफायर तथा तिनका पार्टपुर्जा र भाग २८, २९ र ३८ मा पर्ने रसायन।

(ए) सौर्य ऊर्जाबाट मात्र सञ्चालन हुने तथा सौर्य ताप उर्जा उत्पादनमा प्रयोग हुने निम्न उपशीर्षकमा पर्ने मालवस्तुः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७४१०.२१.००, ७६०७.१९.००,
८४०३.१०.००, ८४०३.९०.००,
८४१२.८०.००, ८४१९.३१.००,
८५१६.६०.११, ८५१६.६०.१२,
८५१६.६०.१९, ८५१६.६०.२०,
८५१६.६०.३० र ८५१६.६०.९०

(ज) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा सरकारी, सामुदायिक तथा मुनाफा वितरण नगर्ने अस्पतालले पैठारी गर्ने मृगौला उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.९०.९० मा पर्ने हेमो डायलाइसिस मेशिन, डाइलासिस रिप्रोसेसर, डायलाइजर र यसको ट्यूविङ्ग; उपशीर्षक ९४०२.९०.२० मा पर्ने डाइलासिस बेड तथा उपशीर्षक ९४०२.९०.९० मा पर्ने कुर्सी; मुटुको रोग निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०१८.११.०० मा पर्ने इकोकार्डियोग्राफ, उपशीर्षक ९०१८.१९.९० मा पर्ने भिडियो स्कोप, क्याथल्याव, हर्ट लङ्ग मेशिन र डिफ्रीब्रिलेटर; क्यान्सर रोगको निदान तथा उपचारमा प्रयोग हुने उपशीर्षक ९०२२.१२.०० मा पर्ने पोजिट्रोन इमिशन टोमोग्राफी (पेट) स्क्यान मेशिन, कम्प्यूटेड टोमोग्राफी (सि.टी.) स्क्यान मेशिन, मेमोग्राफी; उपशीर्षक ९०२२.२१.०० मा पर्ने ब्रेसीथेरापी र लिनियर एक्सिलरेटर; रोग निदानमा प्रयोग हुने उपशीर्षक ९०१८.१९.९० मा पर्ने फ्लो साइटोमिटर, नेक्स्ट जेनेरेशन सिक्वेन्सर, प्रोटिन माइक्रोएरी प्लेटर्फम, उपशीर्षक ९०१८.९०.३० मा पर्ने मल्टिप्लेक्स रियल टाइम पि.सि.आर. र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपशीर्षक ९०१८.१३.०० मा पर्ने म्याग्नेटिक रिजोनेन्स इमेजिङ्ग (एम.आर.आई.) मेशिन।

(झ) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पशुपन्छी पालन उद्योग, कृषि फर्म तथा कम्पनी एवं कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन, सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारको लागि आवश्यक पर्ने उपशीर्षक ८४१४.३०.०० मा पर्ने कम्प्रेसर, उपशीर्षक ८४१५.८३.१० मा एयर ह्याण्डलिङ्ग युनिट, उपशीर्षक ८४१८.६९.१० मा पर्ने चिलर, उपशीर्षक ८४१९.५०.०० मा पर्ने ताप विनिमय एकाईहरु, उपशीर्षक ८४८१.८०.९० मा पर्ने भल्भ, एवं उपशीर्षक ३९२१.९०.९१ मा पर्ने थर्मोकोल, शीर्षक ३९.२० र ३९.२१ मा पर्ने कुखुरा पालनको लागि आवश्यक पर्ने विशेष प्रकारको प्लाष्टिक सिट र उपशीर्षक ४८१९.१०.१० र ३९२३.१०.२० मा पर्ने अण्डा राख्ने क्रेट र च्याउको बीउ उत्पादनमा प्रयोग हुने उपशीर्षक ९४०३.२०.९० मा पर्ने बीउ राख्ने एस.एस. वाल टेबुल,

(ञ) प्लाण्ट क्वारेन्टिन तथा विषादि व्यवस्थापन केन्द्रको सिफारिसमा पैठारी हुने बालीनालीको लागि मात्र प्रयोग हुने उपशीर्षक ३८०८.९१.९० मा पर्ने कीटनाशक, उपशीर्षक ३८०८.९२.०० मा पर्ने ढुसीनाशक, उपशीर्षक ३८०८.९३.१० मा पर्ने झारपातनाशक, उपशीर्षक ३८०८.९९.११ मा पर्ने मुसानाशक विषादि र पशुपन्छीको जैविक सुरक्षाका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि आवश्यक उपशीर्षक ३८०८.९४.९० मा पर्ने निसङ्क्रामक (डिस्ईन्फेक्टेन्ट), पानी सफा गर्ने (वाटर सेनिटाइजर), पानी अम्लीकरण गर्ने (वाटर एसिडीफायर) तथा उल्लिखित मालवस्तु उत्पादन गर्ने उद्योगले उक्त केन्द्रको परिमाण र अवधि खोलिएको सिफारिसका आधारमा पैठारी गर्ने कच्चा पदार्थ,

(ट) नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुः-

(अ) सरकारी, सरकारी अनुदान प्राप्त तथा सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधिय तथा शल्यचिकित्सा सम्बन्धी यन्त्र, उपकरण र औजार, मुटुभित्र प्रत्यारोपण गरिने उपशीर्षक ९०२१.९०.३० मा पर्ने भल्भ र स्टेण्टहरू, उपशीर्षक ९०२१.५०.०० मा पर्ने पेस मेकर र पेसमेकरका पार्टपुर्जा, मुटु तथा मानव शरीर प्रत्यारोपणमा प्रयोग हुने उपशीर्षक ९०२१.९०.९० मा पर्ने आर्टिएल सेप्टल डिफेक्ट (एसडी), पाटेन्ट डक्टटस आर्टेरूसस (पिडीए), भेन्ट्रीकुलर सेप्टल डिफेक्ट (भिसडी), एलएलए डिभाइसेस भास्कुलर प्लग

तर यसरी पैठारी गरेका मालवस्तु वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले एक वर्षभित्र मर्मत गर्न लैजाँदा वा मर्मत गरी ल्याउँदा वा सोको सट्टा सोही

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकारको अर्को मालवस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ।

(आ) सरकारी, सरकारी अनुदान प्राप्त, सामुदायिक तथा गैरसरकारी अस्पतालले पैठारी गर्ने आँखा उपचारको प्रयोगमा आउने इण्ट्राओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने उपशीर्षक ३९२६.९०.३९, ३९२६.९०.९९ ९००१.१०.००, ९००१.२०.०० र ९००१.९०.०० मा पर्ने कच्चा पदार्थ र तिनका सहायक सामग्री; यन्त्र उपकरण र तिनका पार्टपुर्जा।

(ठ) दुई सय मेगावाटभन्दा बढी क्षमताका जलाशय तथा अर्धजलाशययुक्त जलविद्युत आयोजनाको लागि लगानी बोर्डबाट स्वीकृत हुनेको हकमा सो बोर्डको र अन्यको हकमा विद्युत विकास विभागको सिफारिसमा सम्बन्धित आयोजना वा सोको ठेकेदारले पैठारी गर्ने निर्माण उपकरण, प्लाण्ट, मेशिनरी औजार एवं सोको सम्बन्धित पार्टपुर्जा, विष्फोटक पदार्थ, पेनस्टक पाइप तथा स्टील प्लेटहरु ।

यस खण्ड बमोजिम सिफारिस गर्दा जलविद्युत आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सम्बन्धित स्थानीय तहको सिफारिसमा फोहरमैला सङ्कलन गरी पुनः उत्पादन गर्ने उद्योगले पैठारी गर्ने, उपशीर्षक ७३०९.००.०० मा पर्ने गार्वेज कन्टेनर,

(ढ) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरी कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका र आयोजना समाप्तिपछि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गर्ने गरी सरकारी निकायलाई हस्तान्तरण गर्ने वा स्वीकृति प्राप्त कम्तीमा पन्ध्र शय्याभन्दा बढी क्षमताका गैरनाफामुखी सामुदायिक अस्पताललाई हस्तान्तरण गर्ने सवारी साधन,

तर उत्पादन मितिले दश वर्ष नाघेका सवारी साधनलाई यो सुविधा दिइने छैन।

(६) निकासी वा पैठारी गर्दा प्रेषकले प्रत्येक पोकामा रहेको मालवस्तुको तौल समेतको विवरण र मूल्य खुलेको फाराम वा कन्सोलिडेटेड मेनिफेष्ट प्रत्येक पोकासँगै पठाउनु पर्नेछ।

(७) निकासी पैठारी हुने मालवस्तु जाँचपास गर्दा प्रज्ञापनपत्रका साथ उपदफा (६) बमोजिमको फाराम वा मेनिफेष्टको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

(८) नेपाल सरकारको स्वीकृति लिई निकासी वा पैठारी हुने मालवस्तु तथा डाक्टरको प्रेस्क्रिप्सनका आधारमा पैठारी हुने औषधिको हकमा उपदफा (४) र (५) बमोजिमको मूल्यको बन्देज लागू हुने छैन।

(९) उपदफा (४) र (५) बमोजिम निकासी वा पैठारी हुने नमूना वा उपहारका हकमा अन्य आवश्यक कागजातका अतिरिक्त उपदफा (६) बमोजिमको फाराम वा मेनिफेस्ट संलग्न गरी सम्बन्धित कुरियर कम्पनीकै नाममा प्रज्ञापनपत्र भरी जाँचपास गर्न सकिनेछ।

(१०) यस दफा बमोजिमको व्यवस्था जुनसुकै मुलुकबाट हुने पैठारी वा जुनसुकै मुलुकमा हुने निकासीका हकमा लागू हुनेछ।

(११) उपदफा (४) र (५) मा तोकिएको मूल्यको सीमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरेमा सोही बमोजिम हुनेछ।

(१२) यस दफाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा भन्सार विभागको महानिर्देशकले त्यस्तो बाधा अड्काउ फुकाउन वा यस दफामा उल्लिखित प्रक्रियालाई आवश्यकता अनुसार सरलीकरण गर्न सक्नेछ।

२२. **विविधः**

(१) देहायमा उल्लेख भए बाहेक पुराना तथा प्रयोग भएका मालवस्तुहरू पैठारी गर्न पाइने छैनः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने भाग ८४ मा पर्ने उत्पादन मितिले पाँच वर्ष ननाघेका मेशिनरी एवं यन्त्र उपकरणहरू।

तर मुद्रण उद्योगले आफ्नो उद्योगको प्रयोजनको लागि उत्पादनको मितिले दश वर्ष ननाघेको मुद्रण यन्त्रावली (प्रिन्टिङ्ग मेशिन) पैठारी गर्न सक्नेछन्।

(ख) उद्योगले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने धातुका पत्रु (मेटल स्क्रयाप), उपशीर्षक ४०१२.२०.०० मा पर्ने प्रयोग गरिएका (युज्ड/स्क्रयाप) टायर, शीर्षक ४७.०७ मा पर्ने रद्दी कागज (वेस्ट एण्ड स्क्रयाप) र रोजिन तथा टर्पेन्टाइन उद्योगले आफ्नो प्रयोजनका लागि पैठारी गर्ने उपशीर्षक ८००७.००.१० मा पर्ने प्रयोग गरेका खाली टिनका डिब्बाहरु।

(ग) हवाई सेवा कम्पनीहरूले हवाई सेवा सञ्चालनको लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा पुराना वा प्रयोग भएका हवाईजहाज, हेलिकोप्टर र तिनका इञ्जिन एवं फेडरल एभिएशन एड्मिन्सट्रेशन (एफ.ए.ए.), यूरोपियन एभिएशन सेफ्टी एजेन्सी (इ.ए.एस.ए.) वा सम्बन्धित देशका नागरिक उड्डयन प्राधिकरण (सी.ए.ए.) बाट स्वीकृत प्राप्त मेन्टिनेन्स रिपियर ओभरहल (एम.आर.ओ.) कम्पनीले मेन्टिनेन्स मर्मत सम्भार वा ओभरहल गरी एयरओर्दिनेस स्टाण्डर्ड प्रमाणीकरण गरेका वा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृत प्राप्त कम्पनीले मर्मत सम्भार वा ओभरहल गरेका हवाईजहाज र हेलिकोप्टरका अन्य पार्टपुर्जा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना अन्तर्गत पैठारी गर्न पाइने निजी प्रयोगका मालवस्तु।

(ङ) नेपाल सरकारको स्वीकृति लिई राहत तथा उद्धार कार्यका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट सहयोग स्वरूप पैठारी हुने मालवस्तु।

(च) नेपालमा सञ्चालित आयोजनाको लागि आयोजना तथा ठेकेदारले पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने पुराना मिल मेशिनरी तथा यन्त्र उपकरण र पछि फिर्ता लैजाने शर्तमा नेपाल आयल निगमले भारतीय आयल निगमबाट पैठारी गर्ने पुराना रिफ्यूलर ट्याङ्कर; वैदेशिक सहायतामा सञ्चालित टर्न कि आयोजनाको लागि पछि फिर्ता लैजाने शर्तमा आयोजना वा ठेकेदारले पैठारी गर्ने पुराना सवारी तथा ढुवानीका साधन।

(छ) यस उपदफामा उल्लेख गरिएदेखि बाहेकका पुराना वा प्रयोग भएका मालवस्तु र उत्पादन मिति नखुलेका मिल मेशिनरी एवं यन्त्र उपकरण पैठारी गरेको पाइएमा जफत गरिनेछ।

(२) चीनको स्वशासित क्षेत्र तिब्बतबाट मालवस्तु पैठारी गर्दा देहायमा उल्लिखित मालवस्तु वस्तु विनिमय वा बैङ्किङ्ग प्रणाली अनुसार र अन्य सबै मालवस्तु बैङ्किङ्ग प्रणाली अनुसार गर्नु पर्नेछः-

(क) कच्चा ऊन,

(ख) जीवित भेडा च्याङ्ग्रा,

(ग) नून,

(घ) चौंरी गाई र चौंरी गाईको पुच्छर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) गलैंचा,

(च) जडीबुटी।

तर निकासी गर्दा र सोह्र हजार रुपैयाँसम्मको मालवस्तु पैठारी गर्दा बैङ्किङ्ग प्रणाली अनिवार्य हुने छैन।

(३) ब्रुअरी कम्पनीले क्राउनकर्क पैठारी गर्दा आन्तरिक राजस्व कार्यालयको सिफारिसमा मात्र पैठारी गर्नु पर्नेछ।

(४) तेस्रो मुलुक तथा चीनको स्वशासित क्षेत्र तिब्बतमा निकासी हुने मालवस्तु कुनै निकासीकर्ताले काठमाडौंस्थित त्रिभुवन विमानस्थल भन्सार कार्यालय र चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयमा जाँचपास गराई बन्द कन्टेनरमा भन्सारको सीलछाप लगाई दक्षिण सीमास्थित भन्सार कार्यालय तथा उत्तरी सीमामा अवस्थित तातोपानी तथा रसुवा भन्सार कार्यालयबाट निकासी गर्न चाहेमा भन्सार विभागले प्रक्रिया तोकी उक्त सुविधा प्रदान गर्नेछ।

(५) कुनै सरकारी निकाय, उद्योग, व्यक्ति, संस्था वा विदेशी नागरिकले कुनै खास कार्य प्रयोजनको लागि (व्यापारिक प्रयोजन बाहेक) पछि फिर्ता लैजाने शर्तमा पैठारी गर्ने मालवस्तु सम्बन्धित मन्त्रालय वा दूतावासको सिफारिसमा बढीमा तीन महिनासम्मको लागि लगतमा राखी पैठारी गर्न दिन सकिनेछ। त्यसरी सिफारिस नभएको अवस्थामा भन्सार कार्यालयले औचित्य हेरी पछि फिर्ता गर्ने शर्तमा बढीमा एक वर्षको अवधि तोकी लाग्ने कर, महसुल तथा शुल्कहरू बापत नगद धरौटी वा बैङ्क ग्यारेण्टी लिई जाँचपास गर्न स्वीकृति दिन सक्नेछ। तोकेको अवधिमा मालवस्तु फिर्ता गरेमा सो मालवस्तु पैठारी हुँदाका बखत नगद धरौटी वा बैङ्क ग्यारेण्टीमा राखेको महसुल रकमको एक प्रतिशत रकम असुल गरी नगद धरौटी फिर्ता वा बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ। तोकिएको अवधिमा मालवस्तु फिर्ता नगरेमा त्यस्तो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालवस्तु जफत गरी बैङ्क ग्यारेण्टी वा नगद धरौटीबाट महसुल बराबरको रकम राजस्वमा आम्दानी बाँधिनेछ।

तर,

(क) निर्माण कार्यमा प्रयोग हुने एक्साभेटर, डोजर, लोडर, रोलर, लेभलर, क्रेन (फिक्स्ड क्रेन बाहेक) र क्रेनलरी जस्ता मालवस्तु पछि फिर्ता लैजाने गरी अस्थायी पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा एकमुष्ट समदरमा प्रति दिन एक हजार पाँच सय रुपैयाँका दरले भन्सार महसुल लिई बढीमा एक वर्षसम्मको लागि अस्थायी पैठारी गर्न दिइनेछ।

(ख) कृषि कार्यमा प्रयोग हुने वेलर वा स्ट्र कलेक्टर सहितको कम्बाइन्ड हार्भेष्टर पछि फिर्ता लैजाने गरी अस्थायी पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा एकमुष्ट समदरमा प्रतिदिन एक हजार सात सय रुपैयाँका दरले भन्सार महसुल लिई बढीमा तीन महिनासम्मको लागि अस्थायी पैठारी गर्न दिइनेछ।

खण्ड (क) र (ख) मा उल्लिखित उपकरण महसुल नबुझाई बसेको अवस्थामा पक्राउ परी कारबाहीका लागि भन्सार कार्यालयमा पेश भएमा चोरी पैठारी भएको मानी भन्सार ऐन बमोजिम कारबाही हुनेछ। महसुल तिरेको समय व्यतीत भएपछि फिर्ता लैजाने क्रममा मनासिब कारण भएमा त्यस्तो उपकरणको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको प्रति दिनको पाँचहजार रुपैयाँका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विपद्को अवस्थामा उद्धार तथा राहत कार्यमा प्रयोग हुने तथा उद्धार तथा राहतका लागि आउने विदेशी व्यक्तिका लागि आवश्यक पर्ने देहाय बमोजिमका मालवस्तु पछि फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न दिन सकिनेछ:-

(अ) सूचना तथा सञ्चार सम्बन्धी उपकरण,

(आ) पानी शुद्धीकरण तथा पानी भण्डारण सम्बन्धी उपकरण तथा वस्तु,

(इ) डाक्टर, इन्जिनियर, सञ्चारकर्मी, लजिष्टिसियन, सामुदायिक कामदार आदिको कामको लागि आवश्यक पर्ने सबै किसिमका यन्त्र, उपकरण, मेशिन, तथा विद्युतीय उपकरण,

(ई) राहतको लागि प्रत्यक्ष रूपमा प्रयोग नहुने तर विपद्बाट भएको असरलाई हटाउन र सोको सामना गर्न प्रयोग हुने उपकरणहरू जस्तैः सबै प्रकारका प्रदूषण हटाउने, बिग्रिएका, भत्किएका घर, भवन तथा संरचना सफा गर्ने वा हटाउने, औद्योगिक संरचना निरीक्षण गर्ने आदि कार्यमा प्रयोग हुने मेशिनरी तथा उपकरण,

(उ) कार्यालय उपकरण जस्ता प्रशासनिक सहयोगी मालवस्तु, जस्तैः कम्प्यूटर, फोटोकपी तथा प्रिन्टर, खर्च भएर जाने प्रकृतिका मालवस्तु, कर्मचारी सुरक्षा सम्बन्धी उपकरण, प्रशासनिक म्यानुअल तथा कागजात,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ऊ) विपद्को समयमा उद्धार कार्यमा खटिने कर्मचारीका लागि स्थानान्तरण गर्न सकिने बासस्थान तथा यसका सहायक सामग्री, जस्तैः खाना पकाउने तथा खाने उपकरण तथा सामग्रीहरू, स्नानागार सम्बन्धी सामग्री, सुरक्षा सम्बन्धी सामग्री,

(ए) सवारी साधन, तिनका स्पेयर पार्टस तथा मर्मतका लागि आवश्यक उपकरण,

(ऐ) उद्धार कार्यका लागि आवश्यक जनावर, जस्तैः तालिम प्राप्त कुकुर,

(ओ) विपद्को समयमा उद्धारमा संलग्न व्यक्ति बस्न तथा निजको कार्यसम्पादनको लागि आवश्यक पर्ने मालवस्तु,

(औ) नेपाल सरकारले राहत प्रयोजनको लागि तोके बमोजिमका अन्य मालवस्तु।

(६) चीनको स्वशासित क्षेत्र तिब्बतबाट क्रेडिट सुविधा अन्तर्गत मालवस्तु पैठारी गर्दा राखेको धरौटी रकम फिर्ता पाउनको लागि उक्त मालवस्तु पैठारी गरेको मितिले तीन महिनाभित्र बैङ्किङ्ग प्रणालीबाट भुक्तानी पठाएको प्रमाण पेश गरी धरौटी फिर्ता लिइसक्नु पर्नेछ। मालवस्तु पैठारी भएको मितिले तीन महिनाभित्र उपरोक्त बमोजिम फिर्ता नभएको धरौटी रकम सदरस्याहा गरिनेछ र त्यसमा पैठारीकर्ताको दाबी लाग्ने छैन।

(७) नेपालको अन्य राष्ट्रहरूसँग भएका द्विपक्षीय तथा बहुपक्षीय सम्झौता वा सन्धिको प्रतिकूल नहुने गरी नेपालमा पैठारी भएका मालवस्तु देहाय बमोजिम निकासी गर्न दिइनेछः-

(क) मालवस्तु पैठारी भएको मितिले छ महिनाभित्र पुनः अर्को मुलुकमा निकासी गर्ने गरी पैठारी गर्न चाहेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारीकर्ताको अनुरोधमा उक्त मालवस्तुमा पैठारी गर्दा लाग्ने महसुल तथा सोको थप दश प्रतिशतले हुने रकम नगद धरौटी वा बैङ्क ग्यारेण्टी राखी पैठारी गर्न दिइनेछ। यस्ता वस्तुहरू निकासी गर्दा पैठारी गर्दाको अवस्थामा भुक्तानी गरेको विदेशी मुद्रामा नघट्ने गरी आर्जन गरेको प्रमाण र निकासी भएको प्रमाण पेश गरेको एक महिनाभित्र धरौटी रहेको रकम वा बैङ्क ग्यारेण्टीबाट लाग्ने भन्सार महसुलको दश प्रतिशत रकम असुल गरी बाँकी धरौटी रकम फिर्ता वा बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ। यसरी छ महिनाभित्र निकासी गर्न नसकेमा महसुल बापतको रकम नगद धरौटीमा रहेको रकम वा बैङ्क ग्यारेण्टीबाट असुल गरिनेछ।

(ख) कुनै व्यक्तिले नेपालमा पैठारी भएको मालवस्तु बैङ्किङ्ग प्रक्रिया मार्फत भुक्तानी हुने गरी निकासी गर्न चाहेमा पैठारी मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी बापतको विदेशी मुद्रा अग्रिम रूपमा प्राप्त भइसकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा विदेशी मुद्रा प्राप्त हुने प्रमाण पेश गरेमा निकासी गर्न दिइनेछ।

तर पैठारी भएको मितिले दुई वर्ष नाघेका र नेपालमा बिक्री हुन नसकेका विद्युतीय उपकरण (इलेक्ट्रिक वा इलेक्ट्रोनिक) पैठारीकर्ता स्वयंले निकासी गर्न चाहेमा निकासीकर्ता र त्यस्तो पैठारीकर्ताका बीचमा भएको खरिद बिक्री सम्झौता पेश गरेमा निकासी गर्न दिइनेछ र यस खण्डमा उल्लिखित मूल्य अभिवृद्धिको शर्त लागू हुने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) नेपालमा पैठारी भई वा नेपालमा नै उत्पादन भई प्रयोग भइसकेका वा भाग ८४, ८५ र ९० मा पर्ने पुराना मालवस्तु तथा नेपालभित्रबाट सङ्कलित जुनसुकै पदार्थका रद्दी तथा पत्रु निकासी बापतको विदेशी मुद्रा अग्रिम रूपमा प्राप्त भइसकेको वा सो बापत खोलिएको प्रतीतपत्रको आधारमा दुई पक्षीय सन्धि विपरीत नहुने गरी निकासी गर्न दिइनेछ।

(९) महसुल, मूल्याङ्कन, तथ्याङ्क वा यस्तै अन्य प्रयोजनको लागि भन्सार विभागको महानिर्देशकले वस्तु वर्गीकरणको उपशीर्षकमा आवश्यक अङ्क थप गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(१०) अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका स्कुटर, नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा अपाङ्गता भएको व्यक्तिको नाममा पैठारी गर्दा भन्सार महसुल लाग्ने छैन। पैठारीको अवस्थामा अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्न मिल्ने नभएका र पैठारी गरिसकेपछि अपाङ्गता भएको व्यक्तिले प्रयोग गर्न मिल्ने बनाई दर्ता गर्ने भएमा उक्त मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटी लिइनेछ। अपाङ्गता भएका व्यक्तिको नाममा उपर्युक्त बमोजिम दर्ता भएको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि धरौटी रहेको भन्सार महसुल फिर्ता दिइनेछ। यसरी पैठारी गरेको स्कुटर नेपाल अपाङ्ग सङ्घको सिफारिसमा अपाङ्गता भएको व्यक्तिलाई नै बिक्री वा नामसारी गर्दा भन्सार महसुल लाग्ने छैन।

(११) बण्डेड वेयरहाउस र नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर, महसुल नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार बिन्दुबाट फिर्ता दिइनेछ।

(१२) भन्सार महसुल दरबन्दीको विभिन्न शीर्षक र उपशीर्षकमा पर्ने मालवस्तुको प्रति एकाइको मापन भन्सार विभागले तोके बमोजिम हुनेछ।

(१३) चलचित्र विकास बोर्डको सिफारिसमा नेपाली चलचित्रको छायाङ्कनको लागि आवश्यक यन्त्र तथा उपकरण पछि फिर्ता गर्ने शर्तमा बढीमा एक वर्षको अवधि तोकी लाग्ने महसुल बापतको रकम बैङ्क ग्यारेण्टी लिई पैठारी गर्न दिन सकिनेछ। यसरी पैठारी गरिएका यन्त्र तथा उपकरण फिर्ता गरेपछि राखेको बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ। तोकेको अवधिमा फिर्ता नगरेमा लाग्ने महसुल बैङ्क ग्यारेण्टीबाट असुल गरी त्यस्ता यन्त्र तथा उपकरण जफत गरिनेछ।

(१४) पैठारीकर्ताले नेपालमा बिक्री गरिने अधिकतम खुद्रा बिक्री मूल्य पैठारीकै अवस्थामा सम्बन्धित भन्सार कार्यालयमा अनिवार्य घोषणा गर्नु पर्ने गरी नेपाल सरकारले मालवस्तु तोक्न सक्नेछ।

(१५) पुराना ट्रकलाई विदेश लगी कन्टेनर ट्रक वा कन्टेनर राख्ने ट्रेलर ट्रक बनाई फिर्ता ल्याएमा सोमा लागेको खर्च रकममा लाग्ने भन्सार महसुल पूर्णरूपमा छुट दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१६) शीर्षक ८७.०४ अन्तर्गत पर्ने कुनै ढुवानी साधनको इञ्जिनसँग जोडिएको शीर्षक ८७.०६ अन्तर्गत पर्ने चेसिसमा पैठारी भन्सार महसुल दर बढी भएको र सोही चेसिसमा बनेको तयारी साधनमा पैठारी भन्सार महसुल दर कम भएको अवस्थामा कुनै पैठारीकर्ताले त्यस्तो तयारी साधन पैठारी नगरी सोको इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी सो चेसिस नेपालभित्रै वा विदेशमा लगी तयारी साधन बनाउन चाहेमा देहाय बमोजिम सुविधा प्रदान गरिनेछः-

(क) इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी नेपालभित्रै तयारी साधन बनाउन चाहेमा सो चेसिस पैठारी गर्दा पैठारीकर्ताको अनुरोधमा चेसिसमा लाग्ने पूरै महसुल धरौटीमा राखी छ महिनाभित्र तयारी साधन बनाई सम्बन्धित निकायमा दर्ता गरी सोको प्रमाण तथा तयारी साधन सम्बन्धित भन्सार कार्यालयमा पेश गरेपछि त्यस्तो तयारी साधन पैठारी गर्दा लाग्ने महसुल दर बमोजिमको महसुल रकम धरौटीबाट कट्टा गरी बाँकी धरौटी रकम पैठारीकर्तालाई फिर्ता दिइनेछ।

(ख) इञ्जिनसँग जोडिएको चेसिस पैठारी गरी पुनः उक्त चेसिस विदेशमा लगी तयारी साधन बनाई ल्याउन चाहेमा पैठारीकर्ताको अनुरोधमा सो चेसिस पैठारी गर्दा लाग्ने पूरै महसुल धरौटीमा राखिनेछ र पैठारी भएको मितिले तीन महिनाभित्र पैठारीकर्ताको अनुरोधमा कुनै प्रकारको महसुल नलिई सो चेसिस विदेश निकासी गर्न अनुमति दिइनेछ। यसरी निकासी भएको चेसिसमा निकासी भएको मितिले छ महिनाभित्र तयारी साधन बनाई पैठारी गरेमा त्यस्तो तयारी साधन बनाउन लागेको खर्च र पहिले पैठारी भएको चेसिस समेतको मूल्यमा त्यस्तो तयारी साधन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी हुँदा दरबन्दी बमोजिम लाग्ने दर बमोजिमको महसुल चेसिस पैठारी गर्दा राखेको धरौटीबाट असुल गरी बाँकी धरौटी रकम फिर्ता दिइनेछ र धरौटीबाट अपुग भएमा पैठारीकर्ताबाट असुल गरिनेछ।

(ग) नेपालस्थित आधिकारिक बिक्रेता वा एजेन्सीको नाममा धरौटी राखी पैठारी भएको चेसिस अन्य व्यक्तिले खरिद गरी खण्ड (क) र (ख) बमोजिम तयारी साधन बनाउन चाहेमा त्यस्तो व्यक्तिलाई समेत खण्ड (क) र (ख) बमोजिमको सुविधा प्रदान गरिनेछ।

(घ) उल्लिखित सुविधाको कार्यान्वयनका क्रममा कुनै प्रक्रियागत कठिनाईहरू सिर्जना भएमा वा उल्लिखित समय सीमा अपर्याप्त भएमा भन्सार विभागका महानिर्देशकले छ महिनासम्म म्याद थप गर्न र आवश्यक निर्देशन दिई सरलीकरण गर्न सक्नेछ।

(ङ) उल्लिखित ढुवानी साधनको प्रकृति फरक गरी वा अन्य प्रयोजनको लागि बिक्री गर्ने भएमा वा आफैंले अन्य प्रयोगमा ल्याउन चाहेमा कानून बमोजिम लाग्ने पूरै महसुल तिरी बिक्री गर्न वा अन्य प्रयोजनमा ल्याउन पाइनेछ। सो बमोजिम प्रक्रिया पूरा नगरी ढुवानी साधनको प्रकृति फरक पारेको वा घोषित बाहेक अन्य प्रयोगमा ल्याएको पाइएमा त्यस्तो साधन जफत गरिनेछ।

(१७) बन्द कन्टेनरमा लगाउने सील भन्सार विभागले तोकेको मूल्य भुक्तानी गरी सम्बन्धित भन्सार कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

(१८) कुनै भन्सार कार्यालयबाट मालवस्तु पैठारी गर्ने गरी प्रतीतपत्र खोलेको तर कारणबस सो भन्सार कार्यालयको सट्टा अन्य भन्सार कार्यालयबाट पैठारी गर्नु पर्ने अवस्था परेमा प्रतीतपत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोलेको बैङ्कले पैठारी हुने भन्सार कार्यालय संशोधन गरेको प्रमाण पैठारी हुने भन्सार कार्यालयमा पेश भएमा सम्बन्धित भन्सार कार्यालयले मालवस्तु जाँचपास गर्न सक्नेछ। यसरी पैठारी हुने भन्सार बिन्दु परिवर्तनका लागि अन्य निकायको अनुमति वा सिफारिस आवश्यक पर्ने छैन।

(१९) नेपाल सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले बिरामीको शरीरबाट लिइएको कुनै नमूना परीक्षणको लागि विदेशमा पठाउँदा वा ल्याउँदा महसुल नलिई लैजान वा ल्याउन दिइनेछ।

(२०) नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा स्वदेशी वायुसेवा कम्पनीका स्वामित्वमा रहेका हवाईजहाज तथा हेलिकोप्टर विदेशमा लिजमा दिने गरी लगतमा राखी अस्थायी निकासी गर्न दिन सकिनेछ।

(२१) बण्डेड वेयर हाउसको इजाजत प्राप्त उद्योगले बैङ्क ग्यारेण्टी सुविधामा र बण्डेड वेयर हाउसको इजाजत प्राप्त नगरेका उद्योगले पासबुक सुविधामा पैठारी गरेका कच्चा पदार्थबाट तयारी वस्तु बनाई तोकेको म्यादभित्र निकासी गर्न कोभिड-१९ महामारीको कारण नसकी बैङ्क ग्यारेण्टी वा धरौटी फुकुवा हुन नसकेको भए संवत् २०७९ साल मंसिर मसान्तभित्र तयारी वस्तु बनाई निकासी गरेको कागजात सहित बैङ्क ग्यारेण्टी वा धरौटी फुकुवाका लागि निवेदन दिएमा त्यस्तो बैङ्क ग्यारेण्टी वा धरौटी फुकुवा गरिनेछ।

(२२) यस अनुसूचीमा उल्लेख भएका मालवस्तु तथा ती मालवस्तुको वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षकमा फरक परी कार्यान्वयनमा द्विविधा भएमा वा मालवस्तुको विवरण र सोको शीर्षक वा उपशीर्षकमा कुनै त्रुटि फेला परेमा भन्सार विभागको महानिर्देशकले व्याख्या गरी तोक्न वा त्यस्तो त्रुटि सच्याउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)

१. नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा देहाय बमोजिम निकासी भन्सार महसुल लाग्नेछ। यस दफामा उल्लेख भएका बाहेक अन्य मालवस्तुमा निकासी भन्सार महसुल लाग्ने छैन।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	निकासी भन्सार महसुल दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा
०७.१३		**कोसा छोडाएको सुक्खा कोसे तरकारी, बोक्रा छोडाएको वा नछोडाएको वा दलेको वा नदलेको**	
		-मुसुरो:	
	०७१३.४०.९०	---मुसुरोको दाल (स्प्लिट रेड लेन्टिल्स)	प्रति कि.ग्रा. रु.१।-
१०.०१		**गहुँ र मेसलिन।**	
		-दुरुम गहुँ:	
	१००१.११.००	--बीउ	प्रति कि.ग्रा. रु.१।-
	१००१.१९.००	--अन्य	प्रति कि.ग्रा. रु.१।-
		-अन्य:	
	१००१.९१.००	--बीउ	प्रति कि.ग्रा. रु.१।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	१००१.९९.००	--अन्य	प्रति कि.ग्रा. रु.१।-
१०.०५		**मकै।**	
	१००५.१०.००	-बीउ (गेडा)	प्रति कि.ग्रा. रु.१।-
	१००५.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.१।-
१०.०६		**धान।**	
		-धानः	
	१००६.१०.१०	---बीउ	प्रति कि.ग्रा. रु.१।-
	१००६.१०.९०	---अन्य	प्रति कि.ग्रा. रु.१।-
	१००६.२०.००	-कुटेको (तर राम्रो नफलेको)	प्रति कि.ग्रा. रु.१।-
	१००६.३०.००	-पालिस वा चम्कने गरेको वा नगरेको कुटेर तयार गरेको चामल	प्रति कि.ग्रा. रु.१।-
	१००६.४०.००	-कनिका	प्रति कि.ग्रा. रु.१।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२.११		**मुख्यतः सुगन्धित वस्तु बनाउने, औषधि बनाउने वा कीटनाषक औषधि बनाउने वा यस्तै प्रयोजनका लागि प्रयोग हुने खालको, ताजा, चिस्याइएको, हिमीकृत वा सुकेको काटिएको वा नकाटिएको, पिँधेको वा नपिँधेको वा धुलो पारिएको वा नपारिएको बिरुवा र बिरुवाका अङ्गहरू (बियाँ र फल समेत)।**	
		-अन्यः	
	१२११.९०.१०	---यार्चागुम्बा	प्रति कि.ग्रा. रु.५०००।-
	१२११.९०.९०	---अन्य	प्रति कि.ग्रा. रु.१।-
१४.०४		**अन्यत्र नपरेको वनस्पति उत्पादन।**	
	१४०४.९०.१०	---अर्धतयारी खयर कत्था (कत्था रस)	प्रति कि.ग्रा. रु.७।-
	१४०४.९०.२०	---खयर कत्था	प्रति कि.ग्रा. रु.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	१४०४.९०.५०	---रुद्राक्षका दानाहरू	प्रति कि.ग्रा. रु.१।-
	१४०४.९०.६०	---अर्गेलीको बोक्रा	प्रति कि.ग्रा. रु.१।-
	१४०४.९०.७०	---रिट्ठा (सोपनट)	प्रति कि.ग्रा. रु.१।-
	१४०४.९०.९०	---अन्य	प्रति कि.ग्रा. रु.५।-
२१.०६		**अन्यत्र नपरेको खाद्य पदार्थ।**	
		-अन्य:	
	२१०६.९०.२०	---पान मसला (सुर्ती रहित)	प्रति कि.ग्रा. रु.४०।-
	२१०६.९०.६०	---सुर्ती रहित सुगन्धित सुपारी	प्रति कि.ग्रा. रु.२५।-
२३.०४	२३०४.००.००	**भटमासको तेल निकाल्दा प्राप्त हुने पिना र अन्य ठोस अवशेष, पिँधेको वा नपिँधेको वा पेलेटको रूपमा भएको वा नभएको।**	प्रति कि.ग्रा. रु.५०।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३.०५	२३०५.००.००	**बदामको तेल पेल्दा निस्केको, पिँधेको वा नपिँधेको, पेलेटको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**	प्रति कि.ग्रा. रु.५०।-
२३.०६		**वनस्पतिको बोसो वा तेल निकाल्दा प्राप्त हुने शीर्षक २३.०४ वा २३.०५ मा परेको बाहेक पिँधेको वा नपिँधेको, पेलेटको रूपमा भएको वा नभएको पिना र अन्य ठोस अवशेष।**	
	२३०६.२०.००	-आलसको बियाँको	प्रति कि.ग्रा. रु.१।-
		-तोरी वा रायो (रिपअर कोल्जा) दानाः	
	२३०६.४१.००	--न्यून इरुसिक अम्ल तोरी वा रायो (रिप अर कोल्जा) दानाहरू (सिड्स) को	प्रति कि.ग्रा. रु.५०।-
	२३०६.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.१।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४.०३		**अन्य उत्पादनमा प्रयोग भएको सुर्ती र प्रतिस्थापक सुर्ती; समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती; सुर्तीको रस र सार।**	
		-अन्य:	
		--अन्य:	
	२४०३.९९.१०	---जर्दा, खैनी, नस (स्नफ), गुट्खा र यस्तै सुर्ती मिश्रित तयारी वस्तुहरु	प्रति कि.ग्रा. रु.५०।-
		---अन्य:	
	२४०३.९९.९१	----हुक्का फ्लेवर	प्रति कि.ग्रा. रु.५०।-
	२४०३.९९.९९	----अन्य	प्रति कि.ग्रा. रु.५०।-
२५.०५		**भाग २६ को मेटलवियरिङ्ग (धातुयुक्त) बालुवा बाहेक रङ्गीन वा रङ्गहीन सबै प्रकारको प्राकृतिक बालुवा।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	२५०५.१०.००	-सिलिका बालुवा र क्वार्ज	प्र.घ.मि. रु.१,२००।-
	२५०५.९०.००	-अन्य बालुवा	प्र.घ.मि. रु.१,२००।-
२५.१४	२५१४.००.००	**अलि अलि टुक्राएको वा नटुक्राएको वा करौंतीद्वारा काटेको वा नकाटेको वा अरु किसिमले काटेको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता, स्लेट**	प्र.घ.मि. रु.१,२००।-
२५.१६		**करौंतीद्वारा वा अन्य किसिमले अलि अलि ताछिएको, काटिएको वा टुक्राइएको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाताको रूपमा रहेको ग्रेनाइट (कडा पत्थर), पर्फाइरी, रेशा नभएको आग्नेय चट्टान, वेसाल्ट, बलौटे ढुङ्गा र स्मारक एवं भवन बनाउने अन्य ढुङ्गा।**	
		-बलौट ढुंगाः	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	२५१६.२०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१६.२०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
	२५१६.२०.३०	---टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्रा	प्र.घ.मि. रु.१,२००।-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५.१७		साधारणतया कङ्क्रीट जोड्दा, सडकमा ढुङ्गाका टुक्रा ओछ्याउँदा वा रेल्वे र अन्य यस्तै ठाउँमा दृढ बनाउन बोझको रूपमा लगाउन प्रयोग गरिने तापित वा अतापित गिट्टी र टुक्राइएका वा पिँधिएका ढुङ्गाहरू; बाटुलिएका पत्थर (सिङ्गल), अग्निप्रस्तर र यो शीर्षकको पहिलो भागमा उल्लेख भएका वस्तुहरू भएको वा नभएको स्ल्याग (धातु अवशेष), ड्रस र यस्तै औद्योगिक अवशेष; अलकत्रायुक्त मेकाडम (रोडा); तापित वा अतापित शीर्षक २५.१५ वा २५.१६ का पत्थरका दाना, टुक्राटुक्री र धुलो।	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-साधारणतया कङ्क्रीट जोड्दा, सडकमा ढुङ्गा ओछ्याउँदा वा रेल्वे र यस्तै ठाउँमा दृढ बनाउन बोझ लगाउने काममा प्रयोग गरिने तापित वा अतापित गिट्टी र टुक्राइएका वा पिंधिएका ढुङ्गाहरू, बाटुलिएका प्रस्तर, अग्निप्रस्तर (फ्लिण्ट):	
	२५१७.१०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स),२.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१७.१०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
	२५१७.१०.३०	---४५ टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्रा	प्र.घ.मि. रु.१,२००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-उपशीर्षक २५१७.१० मा उल्लिखित वस्तु समावेश भए वा नभएका ड्रस र स्ल्याग (धातुका अवशेष) का वा यस्तै औद्योगिक अवशेषका मेकाडम (रोडा) :	
	२५१७.२०.१०	---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका	प्र.घ.मि. रु.६००।-
	२५१७.२०.२०	---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू	प्र.घ.मि. रु.१,२००।-
		-शीर्षक २५.१५ वा २५.१६ को तापित वा अतापित दाना (ग्रेनुअल), टुक्राटाक्री (चिपिङ्ग) र धुलो (पाउडर):	
		--अन्य:	
		---ढुङ्गाको धुलो:	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	२५१७.४९.११	----क्रसर उद्योगबाट उत्पादित	प्र.घ.मि. रु.६००।-
		---अन्य:	
	२५१७.४९.९१	----क्रसर उद्योगबाट उत्पादित	प्र.घ.मि. रु.६००।-
२५.१९		**प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट); गालिएका म्याग्नेसिया; पूर्ण रूपले बदलिएको (डेडबर्न वा सिन्टर्ड) म्याग्नेसिया, बाल्नुभन्दा पहिले थोरै मात्रामा अन्य अक्साइडहरू मिलाइएको वा नमिलाइएको; अन्य म्याग्नेसियम अक्साइड, शुद्ध वा अशुद्ध।**	
	२५१९.१०.००	-प्राकृतिक म्याग्नेसियम कार्बोनेट (म्याग्नेसाइट)	प्र.घ.मि. रु.६००।-
	२५१९.९०.००	-अन्य	प्र.घ.मि. रु.६००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५.२६		**करौंतीद्वारा वा अन्य प्रकारले अलि अलि टुक्राइएको वा नटुक्राइएको, ताछिएको वा नताछिएको चारपाटे (वर्गाकार समेत) ढिक्का वा पाता समेत र प्राकृतिक स्टियटाइट (साबुन दुङ्गा); टाल्क (खरी)।**	
	२५२६.१०.००	-नपिँधेको धुलो नबनाएको	प्रति कि.ग्रा. रु.१।५०
३९.१५		**प्लाष्टिकको अवशेष, पेरिङ्स (कतरन) र रद्दी।**	
	३९१५.१०.००	-इथाइलिनको पोलिमरको	प्रति कि.ग्रा. रु.५/-
	३९१५.२०.००	-स्टाइरिनको पोलिमरको	प्रति कि.ग्रा. रु.५/-
	३९१५.३०.००	-भिनायल क्लोराइडको पोलिमरको	प्रति कि.ग्रा. रु.५/-
	३९१५.९०.००	-अन्य प्लाष्टिकको	प्रति कि.ग्रा. रु.५/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४.०१		**बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हाँगाबिगाँ वा दाउराको बाँधेको बिटो, वा यस्तै रूपमा; काठका चोइटाचोइटी वा मसिना टुक्राटाक्री (पार्टिकल); काठ चिरेको धुलो, काठको अवशेष, रद्दी वस्तु, मुढो, ब्रिकेट (थिचेर बनाइएको चक्का), पेलेट मट्याङ्ग्रा) वा यस्तै रूपमा एकत्रित गरिएको वा नगरिएको।**	
		-बाल्ने दाउरा, मुढा, चिरेको मोटो टुक्रा (बिलेट), हाँगाबिगाँ, दाउराको बिटो वा यस्तै रूपमाः	
	४४०१.११.००	--कोणधारी (कोनिफेरस)	२००%
	४४०१.१९.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(काठको चोइटा चोइटी वा मसिना टुक्राटाक्री पार्टिकल) :	
	४४०१.२१.००	--कोणधारी (कोनिफेरस)	२००%
	४४०१.२२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	२००%
		-काठको धुलो, काठको अवशेष र रद्दी वस्तु, मुढा, चक्का (ब्रिकेट), गुटिका (पेलेट) हरु वा यस्तै रूपमा एकत्रित गरिएको:	
	४४०१.३१.००	--काठका गुटिका (उडपेलेट) हरु	२००%
	४४०१.३२.००	--काठका ब्रिकेटहरू	२००%
	४४०१.३९.००	--अन्य	२००%
४४.०३		**बोक्रा वा काठको बाहिरी नरम भाग ताछेको वा नताछेको वा मोटामोटी ढङ्गले चारपाटे पारेको अपरिमार्जित काठ।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-रङ्गलेप (पेन्ट) वर्णक रङ्ग (स्टेन), क्रिओसोट वा अन्य संरक्षित (प्रिजर्भेटिभ) हरूद्वारा उपचार गरिएको:	
	४४०३.११.००	--कोणधारी (कोनिफेरस)	२००%
	४४०३.१२.००	--गैहकोणधारी (नन्-कोनिफेरस)	२००%
		-अन्य, कोणधारी (कोनिफेरस):	
	४४०३.२१.००	--सल्ला (पाइनस प्रजातिहरू) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमीटर वा बढी भएको	२००%
	४४०३.२२.००	--सल्ला (पाइनस जातहरू) को, अन्य	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४४०३.२३.००	--देवदारू (एबिएस प्रजातिहरू) र सरल (पिसिया प्रजातिहरू) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमीटर वा बढी भएको	२००%
	४४०३.२४.००	--देवदारु (एबिएस जातहरू) र स्प्रुस (पिसिया जातहरू) को, अन्य	२००%
	४४०३.२५.००	--अन्य, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस-सेक्सनल डाइमेनसन) १५ सेन्टिमीटर वा बढी भएको	२००%
	४४०३.२६.००	--अन्य	२००%
		-अन्य, उष्णप्रदेशीय (ट्रपिकल) काठको:	
	४४०३.४१.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	२००%
	४४०३.४२.००	--टीक	२००%
	४४०३.४९.००	--अन्य	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-अन्य:	
	४४०३.९१.००	--ओकको	२००%
	४४०३.९३.००	-- बीच (फागस प्रजातिहरु) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको	२००%
	४४०३.९४.००	--बीच (फागस जातहरू) को, अन्य	२००%
	४४०३.९५.००	--भोजपत्र (बेटुला प्रजातिहरू) को, सबैभन्दा सानो तिर्यक-छेदन आयाम (क्रस सेक्सनल डाइमेन्सन) १५ से.मि. वा बढी भएको	२००%
	४४०३.९६.००	--भोजपत्र (बर्च) (बेटुला जातहरू) को, अन्य	२००%
	४४०३.९७.००	--लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस जातहरू) को	२००%
	४४०३.९८.००	--मसला (युकलिप्टस जातहरू) को	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		--अन्य:	
	४४०३.९९.१०	---५ इञ्च वा सोभन्दा कम मोटाइमा लम्बाइमा चिरेको	२००%
	४४०३.९९.९०	---अन्य	२००%
४४.०४		**हुपको काठ; काठको चिरेको खाँबा (पोल); तिखारेको तर लम्बाइमा नचिरेको काठको घोचा (पाइल), किलो (पिकेट) र एकापट्टी तिखारिएको घोचो (स्टेक); साधारण रूपले काँटछाँट गरेको तर नदोब्राएको, नबङ्ग्याएको, अरुयोक नबनाएको टेक्ने लट्ठी, छाताको डण्डी, औजारको डण्डी वा त्यस्तै सामान बनाउन उपयुक्त हुने खालको काठको छडी, चोइटाचोइटी काठ (चिपउड) र यस्तै।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४४०४.१०.००	-देवदार जातिको (कोनिफेरस)	२००%
	४४०४.२०.००	-देवदार जातिको बाहेक (नन्-कोनिफेरस)	२००%
४४.०५	४४०५.००.००	**काठको ऊन; काठको पिठो।**	२००%
४४.०६		**रेल वा ट्रामको काठका पटरीहरू (स्लिपर) (क्रस-टाइज)।**	
		-असंसिक्त (नट इम्प्रिग्नेटेड)	
	४४०६.११.००	--कोणधारी (कोनिफेरस)	२००%
	४४०६.१२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	२००%
		-अन्य:	
	४४०६.९१.००	--कोणधारी (कोनिफेरस)	२००%
	४४०६.९२.००	--गैरकोणधारी (नन्-कोनिफेरस)	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४४.०७		**लम्बाइमा चिरेको वा काटेको (चिप्ड), ताछेको (स्लाइस्ड) वा बोक्रा हटाएको (पिल्ड)रण्डा लगाएको वा नलगाएको, अपघर्षक लगाई चिल्याएको वा नचिल्याएको वा छेउमा जोड (इन्ड ज्वाइन्टेड) गरिएको वा नगरिएको ६ एम.एम. भन्दा बढी मोटाइको काठ।**	
		-कोणधारी (कोनिफेरस):	
	४४०७.११.००	--सल्ला (पाइनस जातहरू) को	२००%
	४४०७.१२.००	--देवदारु (एबिएस जातहरू) र स्प्रुस पिसिया जातहरू) को	२००%
	४४०७.१३.००	--एस-पी-एफ (सरल (पिसिया प्रजातिहरू), सल्लो (पाइनस प्रजातिहरू) र देवदारू (एबीएस प्रजातिहरू)) को	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४४०७.१४.००	--हेम-फर (पश्चिमी हेमलक (सुगा हेटेरो फिल्ला) र देवदारू (एबीएस प्रजातिहरू)) को	२००%
	४४०७.१९.००	--अन्य	२००%
		-उष्णप्रदेशीय (ट्रपिकल) काठको:	
	४४०७.२१.००	--महोगनी स्वीटेनिया (एसपीपी)	२००%
	४४०७.२२.००	--भिरोला, इम्बुइया र वाल्सा	२००%
	४४०७.२३.००	--टिक	२००%
	४४०७.२५.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	२००%
	४४०७.२६.००	--सेतो लौआन, सेतो मेरान्ती, सेतो सेराया, पहेंलो मेरान्ती र एलान	२००%
	४४०७.२९.००	--अन्य	२००%
		-अन्य:	
	४४०७.९१.००	--ओकको	२००%
	४४०७.९२.००	--बीचको	२००%
	४४०७.९६.००	--भोजपत्र (बर्च) (बेटुला जातहरू) को	२००%

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४४०७.९७.००	--लहरे पिपल (पप्लर) र आस्पेन (पोपुलस जातहरू) को	२००%
	४४०७.९९.००	--अन्य	२००%
४४.०८		**पृष्ठावरण वा बाहिरी पत्र चढाउने (भेनियरिङ्ग) निमित्तका चादर (शिट्स) हरू (पटलित काष्ठ (ल्यामिनेटेड् उड) ताछेर (स्लाइसिङ्) प्राप्त हुने वस्तु समेत), प्लाईउड (स्तर काष्ठ) वा यस्तै पटलित काष्ठ निमित्तका चादरहरू (शिट्स) तथा रण्डा (प्लेन) लगाएको वा नलगाएको अपघर्षक लगाएको वा नलगाएको, दुई टुप्पा जोडिएका (स्लाइस्ड) वा नजोडिएको वा छेउको जोड (इण्ड ज्वाइण्टेड्) गरिएको वा नगरिएको, ६ मि. मि. मा नबढ्ने मोटाइ (थिकनेस) भएका अन्य काठ।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४४०८.१०.००	-कोणधारी	प्रति कि.ग्रा. रु.६।-
		-उष्णप्रदेशीय (ट्रपिकल) काठको:	
	४४०८.३१.००	--गाढा रातो मेरान्ती, हलुका रातो मेरान्ती र मेरान्ती बकाउ	प्रति कि.ग्रा. रु.६।-
	४४०८.३९.००	--अन्य	प्रति कि.ग्रा. रु.६।-
	४४०८.९०.००	-अन्य	प्रति कि.ग्रा. रु.६।-
४७.०७		**प्रतिलम्ध (रिकभर्ड) (रद्दी र टुक्राटाक्री) कागत वा कागतको गाता (पेपर बोर्ड)।**	
	४७०७.१०.००	-अविरञ्जित (अनब्लिज्ड) दृढ कागत (क्राफ्ट पेपर) वा कागतगाता (पेपर बोर्ड) वा खोल्सीदार कागत (कोरुगेटेड पेपर) वा कागतगाता (पेपर बोर्ड)	प्रति कि.ग्रा. रु.१०/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	४७०७.२०.००	-सम्पूर्णतः रङ्गीन नगरेको, मुख्यतया विरञ्जित रासायनिक गुभो (पल्प) बाट बनाइएको अन्य कागत र कागतगाता (पेपर बोर्ड)	प्रति कि.ग्रा. रु.१०/-
	४७०७.३०.००	-मुख्यतः यान्त्रिक गुभो (मेकानिकल पल्प) बाट बनाइएको कागत वा कागतगाता (पेपरबोर्ड) (जस्तै समाचारपत्र, पत्रिका (जर्नल्स) र त्यस्तै मुद्रण सामग्रीहरु)	प्रति कि.ग्रा. रु.१०/-
	४७०७.९०.००	-अन्य, नकेलाइएको वा नछुटयाइएको रद्दी र टुक्राटाक्रीहरु (अवशेष) (वेष्ट एण्ड स्क्र्याप)	प्रति कि.ग्रा. रु.१०/-
७२.०४		**रद्दी फलाम र पत्रु; पुन पगालिने फलाम वा इस्पातको ईट आकारको (इन्गोट) पत्रु।**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	७२०४.१०.००	-रद्दी ढालेको (कास्ट) फलामको रद्दी र पत्र	प्रति कि.ग्रा. रु.१०/-
		-मिश्रित इस्पात (एल्वायस्टिल) का रद्दी र पत्रुः	
	७२०४.२१.००	--खिया नलाग्ने इस्पातको	प्रति कि.ग्रा. रु.१०/-
	७२०४.२९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-
	७२०४.३०.००	-टिनयुक्त फलाम वा इस्पातका रद्दी वा पत्रु	प्रति कि.ग्रा. रु.१०/-
		-अन्य रद्दी र पत्रुः	
	७२०४.४१.००	--गट्ठा (बण्डल) मा भए वा नभएका, (कारखानाको काम पछि निस्केका) टर्निङ्ग, शेभिङ्ग, चिप्स, मिलिङ्ग वेष्ट, स-डस्ट, फिलिङ्गस, ट्रिमिङ्गस र स्टैम्पिङ्ग जस्ता छयाङ्कन, टुक्राटाक्री र धुलो रूपका पत्रु	प्रति कि.ग्रा. रु.१०/-
	७२०४.४९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	७२०४.५०.००	इँट आकारको (इनगट) पुन पगालिने पत्रु	प्रति कि.ग्रा. रु.१०/-
७४.०४	७४०४.००.००	**तामा अवशेष र पत्रु।**	प्रति कि.ग्रा. रु.१०/-
७६.०२	७६०२.००.००	**अलुमिनियम अवशेष र पत्रु।**	प्रति कि.ग्रा. रु.१०/-
७९.०२	७९०२.००.००	**जस्ता अवशेष र पत्रुहरु।**	प्रति कि.ग्रा. रु.१०/-
८०.०२	८००२.००.००	**टिनको अवशेष र पत्रुहरु।**	प्रति कि.ग्रा. रु.१०/-
८५.४८	८५४८.००.००	**यस भागमा अन्यत्र उल्लेख वा समावेश नभएका, यन्त्रावली (मेशिनरी) वा उपकरण (एपरेटस) का वैद्युतिक अङ्गहरु (पार्ट्स) ।**	प्रति कि.ग्रा. रु.१०/-
८५.४९		**वैद्युतिक (इलेक्ट्रिकल) र इलेक्ट्रोनिक अवशेष (वेस्ट) तथा पत्रु (स्क्र्याप)**	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		-प्राथमिक सेलहरू, प्राथमिक व्याट्रीहरू र विद्युत सञ्चायकहरूका अवशेष र पत्रु; प्रयुक्त प्राथमिक सेलहरू, प्रयुक्त प्राथमिक व्याट्रीहरू र प्रयुक्त विद्युत सञ्चायकहरूका अवशेष र पत्रुः	
	८५४९.११.००	--लिड-एसिड सञ्चायकहरू (एक्युमुलेटर्स) का अवशेष र पत्रु; प्रयुक्त लिड-एसिड विद्युत सञ्चायकहरू (एक्युमुलेटर्स)	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.१२.००	--अन्य, सिसा (लिड), क्याडमियम वा पारो (मर्क्यूरी) भएका	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.१३.००	--रासायनिक प्रकार अनुसार छाँटिएका (सर्टेड) र सिसा, क्याडमियम वा पारो (मर्क्यूरी) नभएका ।	प्रति कि.ग्रा. रु.१०/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८५४९.१४.००	--नछाँटिएका (अनसर्टेड) र सिसा, क्याडमियम वा पारो (मर्क्यूरी) नभएका ।	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.१९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-
		-मुख्यतया बहुमूल्य धातुको पुनःप्राप्ति (रिकभरी) को कार्यमा प्रयोग हुनेः	
	८५४९.२१.००	--प्राथमिक सेलहरू, प्राथमिक ब्याट्रीहरू, विद्युत सञ्चायकहरू, मर्क्यूरी-स्वीचहरू, क्याथोड रे ट्युबको काँच वा अन्य सक्रिय काँच, वा क्याडमियम, पारो, सिसा वा पोलिक्लोरिनिकृत बाइफेनलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू (कम्पोनेन्ट्स)	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.२९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८५४९.३१.००	--प्राथमिक सेलहरू, प्राथमिक ब्याट्रीहरू, विद्युत सञ्चायकहरू, मर्क्यूरी-स्वीचहरू, क्याथोड रे ट्युबको काँच वा अन्य सक्रिय काँच, वा क्याडमियम, पारो, सिसा वा पोलिक्लोरिनिकृत बाइफेनलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू (कम्पोनेन्ट्स)	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.३९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-
		-अन्य:	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

	८५४९.९१.००	--प्राथमिक सेलहरू, प्राथमिक व्याट्रीहरू, विद्युत सञ्चायकहरू, मर्क्यूरी-स्वीचहरू, क्याथोड रे ट्युबको काँच वा अन्य सक्रिय काँच, वा क्याडमियम, पारो, सिसा वा पोलिक्लोरिनिकृत बाइफेनलहरू (पीसीबीहरू) भएका वैद्युतिक वा इलेक्ट्रोनिक अवयवहरू (कम्पोनेन्ट्स)	प्रति कि.ग्रा. रु.१०/-
	८५४९.९९.००	--अन्य	प्रति कि.ग्रा. रु.१०/-

२. निकासी हुने मालवस्तुको वर्गीकरणका लागि भन्सार कार्यालयहरूले अनुसूची-१ को परिच्छेद १ देखि २१ सम्म पर्ने भाग १ देखि ९७ सम्ममा उल्लिखित उपशीर्षकको प्रयोग गर्नु पर्नेछ।

३. जिल्ला वन कार्यालयको इजाजत लिई उद्योगले धूप वा हवनमा प्रयोग हुने गरी सल्लाबाट बनाएको स-साना टुक्राहरू (चिप्स) (उपशीर्षक ४४०१.३१.०० र ४४०१.३९.००) निकासी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ।

४. संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका लागि रक्षा मन्त्रालय वा गृह मन्त्रालयको सिफारिसमा लैजाने आर्मौंड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु लगतमा राखी निकासी गर्न दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -३

(दफा १० सँग सम्बन्धित)

सडक निर्माण दस्तुर

(१) देहायका सवारी तथा ढुवानीका साधन पैठारी हुँदाका बखत भन्सार विन्दुमा र स्वदेशमा उत्पादन हुने सवारी तथा ढुवानीका साधनमा दर्ताका बखत देहाय बमोजिमको सडक निर्माण दस्तुर लाग्नेछ :-	
सवारी तथा ढुवानीका साधनको किसिम	**दस्तुर**
(क) शीर्षक ८७.०२ मा पर्ने बस, मिनीबस, माइक्रोबस, शीर्षक ८७.०४ मा पर्ने ट्रक, ट्रिपर, डम्पर, लरी, ट्रकलरी, मिनीट्रक, मिनीट्रिपर, बन्द कन्टेनर सहितको ट्रक, ग्याँस बोक्ने बुलेट, ट्याङ्कर, ट्रक चेसिसमा जडान भएको गार्वेज कम्प्याक्टर, सिमेण्ट बल्कर।	मूल्यको सात प्रतिशत
(ख) २००० सि.सि. सम्मका शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने कार, जीप, भ्यानहरु, शीर्षक ८७.०४ मा पर्ने सिङ्गल र डबल क्याब पिकअप गाडी तथा डेलिभरी भ्यान	मूल्यको आठ प्रतिशत
(ग) २००० सि.सि. भन्दा माथिका शीर्षक ८७.०२ र ८७.०३ मा पर्ने कार, जीप, भ्यानहरु, शीर्षक ८७.०४ मा पर्ने सिङ्गल र डबल क्याब पिकअप गाडी तथा डेलिभरी भ्यान	मूल्यको दश प्रतिशत
(घ) धक्का दिने विद्युतीय मोटर मात्र भएका कार, जीप, भ्यान, (तीनपाङ्ग्रे वाहेक)	मूल्यको पाँच प्रतिशत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) धक्का दिने विद्युतीय मोटर मात्र भएका बस, मिनिबस, माइक्रोबस र शीर्षक ८७.०४ मा पर्ने धक्का दिने विद्युतीय मोटर मात्र भएका ढुवानीका साधन, (तीनपाङ्ग्रे बाहेक)	मूल्यको दुई दशमलव पाँच प्रतिशत
(च) मोटरसाइकल र स्कुटरः	
(अ) १२५ सि.सि. सम्मको	प्रति गोटा रु. १५,०००।-
(आ) १२५ सि.सि. नाघेको तर २५० सि.सि. ननाघेको	प्रति गोटा रु. १८,०००।-
(इ) २५० सि.सि. नाघेको तर ४०० सि.सि. ननाघेको	प्रति गोटा रु. ५०,०००।-
(ई) ४०० सि.सि. नाघेको	प्रति गोटा रु.१,००,०००।-
(ऊ) धक्का दिने विद्युतीय मोटर मात्र भएका मोटरसाइकल र स्कुटर	प्रति गोटा रु. १०,०००।-
(छ) धक्का दिने विद्युतीय मोटर मात्र भएका तीनपाङ्ग्रे सवारी र ढुवानी साधन	प्रति गोटा रु. १०,०००।-
(ज) शीर्षक ८७.०३ र ८७.०४ मा पर्ने अन्य तीनपाङ्ग्रे सवारी तथा ढुवानीका साधनहरु	प्रति गोटा रु.१५,०००।-
(झ) माथि उल्लेख गरिए बमोजिम बाहेकका शीर्षक ८७.०२, ८७.०३ र ८७.०४ मा पर्ने अन्य सवारी र ढुवानीका साधन	मूल्यको दश प्रतिशत
(ञ) शीर्षक ८७.०६ मा पर्ने चेसिस	मूल्यको नौ प्रतिशत
(ट) जुनसुकै प्रक्रियाबाट सुरु दर्ता हुन आउने सवारी तथा ढुवानीका साधनमा यस दफामा उल्लेख भए अनुसार नै सडक निर्माण दस्तुर लाग्नेछ।	

(२) माथि दफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि तल उल्लिखित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयमा सोही बमोजिम हुनेछ।

(क) कूटनीतिक नियोग तथा कूटनीतिक सुविधा प्राप्त व्यक्तिले पैठारी गर्ने मोटर गाडी, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५५ सी.सी. सम्मका स्कूटर, दमकल, एम्बुलेन्स, शव बाहन र शीर्षक ८७.०५ मा पर्ने विशेष उद्देश्य भएका साधनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ख) चालीस वा सोभन्दा बढी सिट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस तथा तिनका चेसिसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ग) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका लागि नेपाल सरकार, रक्षा मन्त्रालय वा गृह मन्त्रालयको सिफारिसमा नेपालमा दर्ता नहुने गरी अस्थायी पैठारी हुने सवारी तथा ढुवानीका साधनमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(घ) विमानस्थलभित्र यात्रु टर्मिनलदेखि वायुयानसम्म यात्रु ल्याउने र लैजाने गरी मात्र चल्ने शर्तमा नेपाल नागरिक उड्डयन प्राधिकरणको सिफारिसमा पैठारी हुने बसमा सडक निर्माण दस्तुर लाग्ने छैन।

(ङ) नेपाल सरकारबाट भन्सार सुविधा (कूटनीतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट एक प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा अस्थायी पैठारी भएका सवारी तथा ढुवानीका साधन बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले उपयोग गरी स्थायी पैठारीमा रुपान्तरण गर्न चाहेमा एक पटक सडक निर्माण दस्तुर तिरिसकेको भए पुनः सडक निर्माण दस्तुर लाग्ने छैन। सडक निर्माण दस्तुर नतिरेको भए स्थायी पैठारीमा रुपान्तरण गर्दाका बखत सडक निर्माण दस्तुर लाग्नेछ।

(३) सडक निर्माण दस्तुर तिरेको सुनिश्चितता गरेर मात्र सम्बन्धित यातायात व्यवस्था कार्यालयले सवारी तथा ढुवानी साधन दर्ता गर्नु पर्नेछ। भन्सार कार्यालयबाट जाँचपास हुँदा सडक निर्माण दस्तुर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

असुल गर्न छुट भएको देखिएमा छुट भएको दस्तुर असुल गरेको प्रमाण भन्सार कार्यालयबाट प्राप्त भएपछि मात्र दर्ता गर्नु पर्नेछ।
स्पष्टीकरण : यस अनुसूचीको प्रयोजनको लागि,- (१) "मूल्य" भन्नाले आन्तरिक उत्पादन वा खरिदको हकमा सवारी तथा ढुवानी साधनको बिक्री बीजकमा उल्लिखित मूल्य अभिवृद्धि कर सहितको बीजक मूल्य, पैठारीको हकमा भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सार बिन्दुमा लाग्ने सबै प्रकारका दस्तुर र शुल्क समावेश भएको मूल्य सम्झनु पर्छ। (२) "जुनसुकै प्रक्रियाबाट" भन्नाले लिलाम, जफत, हस्तान्तरण, खरिद वा बिक्रीबाट दर्ता हुन आउने सवारी साधन सम्झनु पर्छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(दफा १२ सँग सम्बन्धित)

चलचित्र विकास शुल्क

१. आर्थिक वर्ष २०७९/८० मा नेपालमा चलचित्रको प्रदर्शनमा चलचित्र घरले प्रदर्शन गर्ने विदेशी चलचित्रको सबै श्रेणीको प्रवेश शुल्कमा पन्ध्र प्रतिशत चलचित्र विकास शुल्क असुल गरिनेछ।

२. चलचित्र घरले क्याबिन सञ्चालन गर्न पाउनेछ। विदेशी चलचित्र प्रदर्शन गरे बापत त्यस्तो क्याबिनको सबै श्रेणीको टिकट बिक्रीबाट असुल गर्ने चलचित्र विकास शुल्कको दर प्रवेश शुल्कको बीस प्रतिशत हुनेछ।

३. चलचित्र घरले आफूले प्रदर्शन गरेको चलचित्रको दैनिक टिकट बिक्रीको विवरण अभिलेख बिक्री खातामा दैनिक रूपमा अद्यावधिक गर्नु पर्नेछ। चलचित्र घरले चलचित्र प्रदर्शन सम्बन्धी विवरण साप्ताहिक रूपमा काठमाडौं उपत्यकाको हकमा चलचित्र विकास बोर्ड र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा तथा अन्य क्षेत्रको हकमा आन्तरिक राजस्व कार्यालय भएको जिल्लामा सो कार्यालयमा र आन्तरिक राजस्व कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

४. चलचित्र घरले विद्युतीय प्रणाली (ई-टिकेटिङ्ग सिष्टम) बाट टिकट जारी गरी केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्ग गर्नु पर्नेछ।

५. प्रकरण ४ बमोजिम तोकिएको समयमा विद्युतीय प्रणाली जडान तथा केन्द्रीय सर्भरसँग लिङ्ग नगरी टिकट जारी गरेको पाइएमा त्यसरी जारी गरिएको टिकटबाट प्राप्त रकमको पहिलो पटकका लागि शतप्रतिशत एक पटकभन्दा बढीको लागि दुई सय प्रतिशत जरिबाना लगाई असुल गरिनेछ।

६. प्रकरण १ र २ बमोजिमको शुल्क चलचित्र घरले असुल गरी प्रत्येक महिनाको शुल्क अर्को महिनाको पच्चीस गतेभित्र प्रकरण ५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधीनमा रही विवरण सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो कार्यालयहरू नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिल गर्नु पर्नेछ। तोकेको समयमा शुल्क नबुझाउनेलाई प्रत्येक महिनाको बुझाउनु पर्ने शुल्कको पच्चीस प्रतिशत जरिबाना लाग्नेछ। चलचित्र विकास शुल्कको मासिक विवरण उल्लिखित अवधिभित्र चलचित्र विकास बोर्डमा समेत बुझाउनु पर्नेछ। चलचित्र विकास बोर्डमा बुझाउनु पर्ने विवरण बक्स अफिस प्रणालीबाट समेत पठाउनु पर्नेछ।

७. चलचित्र घरले चलचित्र प्रदर्शन गरी चलचित्र प्रदर्शन नगरेको भनी वा विदेशी चलचित्र प्रदर्शन गरी नेपाली चलचित्र प्रदर्शन गरेको हो भनी वा वास्तविक टिकट बिक्रीभन्दा कम टिकट बिक्री दैनिक बिक्री खातामा जनाई झुट्टा विवरण दिएमा निम्न बमोजिमको जरिबाना लगाई त्यसरी छलिएको चलचित्र विकास शुल्क सहित असुल गरिनेछः-

(क) पहिलो पटक भए छलिएको चलचित्र विकास शुल्कको शत प्रतिशत।

(ख) दोस्रो पटक वा सोभन्दा बढी जतिसुकै पटक भए पनि छलिएको चलचित्र विकास शुल्कको दुई सय प्रतिशत।

८. प्रकरण ४ र ५ बमोजिम तोकिएको म्याद व्यतित भएको दुई महिनाभित्र जरिबाना सहित शुल्क नबुझाउने चलचित्र घर बन्द गरी लागेको शुल्क तथा जरिबाना समेत सम्बन्धित अधिकृतले असुल गर्नेछ। समयमा विवरण पेश नगरेमा प्रति महिना एक हजार रुपैयाँ जरिबाना लाग्नेछ।

९. विपद्, उपकरणीय मर्मत सम्भार वा अन्य कुनै कारणले सात दिन वा सोभन्दा बढी दिन चलचित्र घर बन्द भएको व्यहोरा प्रकरण ११ मा उल्लिखित कार्यालयले प्रमाणित गरेको अवस्थामा बन्द भएको दिनको चलचित्र विकास शुल्क लाग्ने छैन।

१०. विद्यार्थी वर्गको सहुलियतको लागि शनिबार बिहान ८ बजेको र सार्वजनिक बिदा परेका दिनको बिहान ८ बजेको चलचित्र प्रदर्शनमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चलचित्र विकास शुल्कमा पचास प्रतिशत छुट दिइनेछ।

११. यस अनुसूची बमोजिम गरेको निर्णय उपर पैँतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।

१२. चलचित्र विकास शुल्क सम्बन्धी प्रशासन आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय भएको जिल्लामा सो कार्यालयले र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय नभएको जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

१३. चलचित्र विकास शुल्कको अनुगमन चलचित्र विकास बोर्डले समेत गर्नेछ। चलचित्र विकास शुल्कको स्थलगत निरीक्षणका लागि बोर्डबाट खटिई आएका कर्मचारीलाई चलचित्र सम्बन्धी अभिलेख, बिक्री खाता तथा दर्शक सङ्ख्या सम्बन्धी अभिलेख चलचित्र घरले उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यकता अनुसार अनुगमन तथा निरीक्षण गर्नेछन्।

१४. चलचित्र घरका सञ्चालकले चलचित्र प्रदर्शन गर्नुभन्दा एक दिन अगावै आफूले प्रयोग गर्ने टिकटको सिलसिलेवार नम्बर, चलचित्रको नाम र प्रदर्शन गरिने मिति चलचित्र विकास बोर्ड र आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी गराउनु पर्नेछ र सोको अभिलेख चलचित्र घरले राख्नु पर्नेछ।

१५. यस अनुसूची बमोजिम असुल भएको चलचित्र विकास शुल्कको नब्बे प्रतिशत रकम चलचित्र विकास बोर्डलाई र बाँकी दश प्रतिशत रकम आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम चलचित्र विकास शुल्कको प्रशासन गर्ने कार्यालयको प्रशासनिक तथा भौतिक सुधार कार्यमा खर्च गर्न सकिनेछ। चलचित्र विकास बोर्डले आफूले प्राप्त गरेको चलचित्र विकास शुल्क रकमको पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. चलचित्र विकास शुल्क सम्बन्धी अन्य प्रक्रियागत कुरा चलचित्र विकास बोर्डको सिफारिसमा आन्तरिक राजस्व विभागले तोके बमोजिम हुनेछ।

१७. चलचित्र विकास शुल्कको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

प्रमाणीकरण मितिः २०७९।०३।३१

आज्ञाले,
उदयराज सापकोटा
नेपाल सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.२१०।-
गो.हु.व.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।